# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ विषय परिचय

बाजुरा जिल्ला सेती अञ्चलको एक पहाडी जिल्ला हो । यहाँ विभिन्न प्रकारका लोकगीतहरु गाइन्छन् । बाजुरा जिल्लामा प्रचलित लोकगीतहरूमध्ये बाह्रमासे गीत एक प्रमुख गीत हो । यस जिल्लाको स्थानीय भाषामा डेउडा खेलमा पनि यसका अतिरिक्त अन्य केही गीतहरु पनि बाह्रमासे गीतका रुपमा प्रचलित छन् । यी लोकगीतको प्रयोग गरिन्छ यहाँका बाह्रमासे गीतलाई ठाडो भाकाका गीतका रुपमा पनि चिनिन्छ ।

डेउडा खेलमा गाइने गीतका अतिरिक्त यस्तै गीतहरु घाँस, दाउरा, वनपाखा, मेलापात र घर आँगनमा गाइन्छ ।

बाह्रमासे गीतलाई सदावहार गीतका रूपमा चिन्ने गरिएको छ । बाह्रमासे गीतका रुपमा कुनै बेला प्रेम तथा विरही गीत गाइन्छन् त कुनै बेला सुख दुःख र वर्गीय थिचोमिचोका गीत गाएर आ□नो मनलाई हलुको बनाइन्छ । सौन्दर्यले भरिपूर्ण बाजुरेली परिवेशमा यहाँको जन जीवन माझ मौका पर्ने बित्तिकै बाह्रमासे गीत मधुर स्वरमा गुञ्जायमान भइ रहेको पाइन्छ । आधुनिक चकचकीको कृत्रिम वातावरणबाट चोखो समाज वर्षभरि नै लेक-बेसी झरि रहने र विशेषतः खेतमा काम गरि रहने भएकाले त्यस्तो अवस्थामा सजिलैसँग गुनगुनाइने गीतका रूपमा बाह्रमासे गीतलाई लिइन्छ ।

यिनै बाह्रमासे गीतहरुको बाजुरा जिल्लाका विभिन्न भागबाट सङ्कलन गरी वर्गीकरण र विश्लेषण यहाँ गरिएको छ । प्रस्तुत शोधकार्यमा बाजुरा जिल्लामा प्रचलित यिनै बाह्रमासे गीतको अध्ययन गरिएको छ ।

## १.२ शोध समस्या

सुदूर पश्चिमको सेती अञ्चलमा पर्ने बाजुरा जिल्लामा विभिन्न प्रकारका लोकगीतहरू प्रचलित रहेका पाइन्छन् । तीमध्ये बाह्रमासे गीत पनि एक हो । बाजुरा जिल्लाका बाह्रमासे लोकगीतको वर्तमान समयसम्म अध्ययन नहुनु प्रमुख समस्या रहेको प्रस्तुत शोधमा समस्या सँग सम्बन्धित निम्न लिखित बुँदाहरु रहेका छन् :।

क) बाह्रमासे गीतको के कस्ता सैद्धान्तिक स्वरूप पाइन्छ ?

ख) बाजुरा जिल्लामा प्रचलित बाह्रमासे लोकगीतहरू के कस्ता छन् ?

ग) बाजुरा जिल्लामा प्रचलित बाह्रमासे गीतको वर्गीकरण र विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.३ शोधको उद्देश्य

बाजुरा जिल्लामा परम्परागत रूपमा चल्दै आएका मानवीय जीवनका अनेकौं पक्षहरूको अभिव्यक्ति दिने एक माध्यम लोकगीतका विभिन्न प्रकार हरू मध्ये बाह्रमासे गीतको विशेष अध्ययन -अनुसन्धान गर्ने क्रममा यस शोधका उद्देश्य निम्न अनुसार रहेका छन् ।

क) बाह्रमासे गीतको स्वरूपको पहिचान गर्नु ।

ख) बाजुरा जिल्लामा प्रचलित बाह्रमासे लोकगीतको सङ्कलन गर्नु ।

ग) बाजुरा जिल्लामा प्रचलित बाह्रमासे गीतको वर्गीकरण र विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लोक साहित्यको एक प्रमुख विधा लोकगीतको राष्ट्रिय स्तरमा लोक साहित्य प्रेमी व्यक्ति र विभिन्न सङ्घसंस्थाबाट अध्ययन विश्लेषण र सङ्कलन कार्य मनग्गे भएको पाइन्छ । यसरी गरिएका अध्ययनमा राष्ट्रिय र छेत्रीय तथा विभिन्न जातजाति भाषाभाषीमा केन्द्रित भएर लोकगीतको अध्ययन गरिएको पाइन्छ तर बाजुरा जिल्लामा केन्द्रित भएर लोकगीतको विस्तृत अध्ययन भने कसैबाट भएको पाइँदैन ।

डोटी जिल्लामा केन्द्रित भएर केही लोक साहित्य प्रेमीद्वारा लोक साहित्यको अध्ययन गर्ने क्रममा आंशिक रूपमा छिमेकी जिल्ला बाजुराका लोकगीतको पनि चर्चा भएको पाइन्छ भने लोकगीतकै देशव्यापी अध्ययन गर्ने उद्देश्य लिएका व्यक्तिहरू बाट पनि आंशिक अध्ययन भएको पाइन्छ । यसरी अध्ययन गर्ने व्यक्तिका कृतिका आधार प्रस्तुत अध्ययनसँग सम्बन्धित पूर्वकार्यको समीक्षा यहाँ गरिएको छ ।

१. धर्मराज थापाले **डाँफेचरी** (२०१४) पत्रिकामा बाजुरा जिल्लाका डेउडा गीतको सामान्य अध्ययन गरेको पाइए पनि समग्रताका दृष्टिले भने उनको अध्ययन अधुरो छ । यसरी नै अन्य बाह्रमासे गीतहरुको अध्ययन उनले गरेका छैनन् ।

२. धर्मराज थापाले **मेरो नेपाल भ्रमण** (२०१६) मा बाजुरा जिल्लाका केही ठाउँमा भ्रमण गरी त्यहाँका लोकगीतको केही सङ्कलन र अध्ययन गरको पाइए तापनि तिनलाई डेउडाकै नामले मात्र चिनाएका छन् । बाह्रमासे गीतको कुनै जानकारी छैन ।

३. देवकान्त पन्तले **डोटेली लोक साहित्य** (२०३२) मा सुदूर पश्चिमलाई लोकगीतको मुख्य क्षेत्र उल्लेख गर्नुका साथै डोटेली लोकगीतका अध्ययनका क्रममा बाजुरेली लोकगीतलाई स्थानीय सांस्कृतिको ध्वन्यात्मक रूप भन्न सकिन्छ मात्र भनेका छन् । त्यसमा बाह्रमासे लोकगीतबारे अन्य केही जानकारी पाइँदैन ।

४. विजय चालिसेले **डोटेली लोक संस्कृति र साहित्य** (२०३९) मा डोटी लगायत छिमेकी जिल्ला बाजुरा, बझाङ अछाम आदि जिल्लाको लोकगीत र रेडियो नेपालबाट गाइने लोकगीतको तुलनात्मक अध्ययन गरी सुदूर पश्चिमेली गीतमा बढी स्थानीय पन पाइन्छ भनेका छन् । यसमा बाजुराको लोकगीतबारे खासै अध्ययन भएको पाइँदैन ।

५. पूर्ण प्रकाश नेपाल यात्रीले **भेरी लोकसाहित्य** (२०४१) मा 'डेउडा' गीतका बारेमा चर्चा गरेका छन् र डेउडा गीत बाजुरामा पनि प्रचलित रहेको पाइन्छ तापनि उनको अध्ययन बाजुरासँग सम्बन्धित छैन ।

६. धर्मराज थापाले **गण्डकीको सुसेली** (२०३०) मा बाह्रमासे गीतको सामान्य जानकारी दिएको पाइन्छ । बाह्रमासे गीतलाई कर्म गीत, श्रम गीत, ऋतु गीत, प्रेम गीतलाई 'भदौरे' वा 'सालैज्यो' भनेर कतै कतै चिन्ने गरेको पाइन्छ भनेर उनले बाह्रमासे गीतलाई परिचयात्मक रूपमा मात्र उल्लेख गरेका छन् ।

७. धर्मराज थापा र हंसपुरे सुवेदीले **नेपाली लोक साहित्यको विवेचना** (२०४१) मा लोकगीतको वर्गीकरण गर्ने क्रममा बाह्रमासे गीत सामान्य गीत अन्तर्गत पर्दछ भनेर उल्लेख मात्र गरेका छन् ।

८. काजीमान कदङ्वाले **नेपाली जनसाहित्य** (२०२०) मा बाह्रै महिना गाउन सकिने गीतलाई बाह्रमासे गीतका रूपमा चिनाउँदै त्यसलाई सकर्मक र अकर्मक बाह्रमासे गीतमा वर्गीकरण गरेका भए पनि त्यति विस्तृत अध्ययन गरिएको छैन ।

९. सत्यमोहन जोशीले **लोकगीतका केही झल्का** (२०१२) मा बाह्रमासे गीतलाई लोकगीतको सामान्य गीत अन्तर्गत वर्गीकरण गरेर यस गीतलाई" जोसुकैले जस्तोसुकै वेला वा बाह्रै महिना गाउन सकिन्छ" भनेर जानकारी दिएका छन् ।

१०. ईश्वरी प्रसाद गैरेले **लोकसाहित्य** (२०६०) मा लोकगीतको वर्गीकरण गर्ने क्रममा बाह्रमासे गीतलाई कर्मका आधारमा गाइने गीत अन्तर्गत समावेश गरेर देखाएका छन् तर बाह्रमासे गीतका बारेमा अन्य केही जानकारी दिएको पाइँदैन ।

११. चूडामणि बन्धुले **नेपाली लोकसाहित्य** (२०५८) मा बाह्रमासे र बाह्रमासा बिच विभेद देखाउँदै बाह्रै महिनाको पृष्ठभूमिमा रहेर गाइने गीत बाह्रमासे र बाह्र महिनाको वर्णन गरिएका गीत बाह्रमासा हुन् भनेका छन् ।

१२. मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइँटेलले **लोकवार्ता विज्ञान र लोक साहित्य** (२०६३) मा बाह्रमासे र बाह्रमासा गीतलाई पर्यावाचीका रूपमा चिन्ने गरिएको सन्दर्भलाई लिएर बाह्रमासा भनेर बाह्र वटै महिनाको वर्णन गरिएका गीतलाई भनिन्छ भने बाह्रमासे भन्नाले बाह्रै महिना गाइने वा सदाकालिक जुनसुकै गीतलाई पनि बुझिन्छ भनेर जानकारी मात्र दिएको पाइन्छ ।

१३. कालीभक्त पन्तले **हाम्रो सांस्कृतिक इतिहास** (२०२८) मा "बाह्रमासे गीतलाई सामान्य गीत, झ्याउरे गीत , घाँसे गीत र सामाजिक गीत भन्न सकिन्छ" भनेर उल्लेख गरी परिचयसम्म दिएको पाइन्छ ।

१४. बिष्णुबहादुर दहनी ले बाजुराको छिमेकी जिल्ला **बझाङ जिल्लाका बाह्रमासे गीतको अध्ययन** (२०६५) मा बझाङ जिल्लामा प्रचलित विभिन्न किसिमका बाह्रमासे गीतको अध्ययन गरेका छन् तर बाजुरा जिल्लाको बाह्रमासे गीतका बारेमा भने कुनै टिप्पणी गरेका छैनन् ।

१५. शुभराज पाध्याले **बाजुरा जिल्लामा प्रचलिन नेपाली उखानको अध्ययन** (२०५७) मा बाजुरामा प्रचलित उखानको अध्ययन गरेका छन् भने बाह्रमासे गीतका बारेमा कुनै टिप्पणी गरेका छैनन् ।

१६. रमेश थापाले **बाजुरेली लोक गाथाको अध्ययन** (२०६४)मा बाजुरामा प्रचलित विभिन्न लोकगाथा सम्बन्धी अध्ययन गरेका छन् तर उनले बाह्रमासे गीतका बारेमा उल्लेख गरेको पाइँदैन ।

१७. मान बहादुर बडुवालले **बाजुरेली संस्कृतिमा भुओ गीतको अध्ययन** (२०६६)मा बाजुरामा प्रचलित विभिन्न भुओ गीत सम्बन्धी अध्ययन गरेका छन् तर बाह्रमासे गीतका बारेमा कुनै जानकारी दिएका छैनन् ।

उल्लिखित केही स्रष्टा तथा खोजकर्ताहरूबाट बाजुरा, अछाम, बझाङ्ग, डोटी लगायत कर्णालीसम्मका लोकगीतका बारेमा अध्ययन एवम् खोज गरिएको पाइए तापनि बाजुरेली बाह्रमासे गीतका बारेमा भने कुनै अध्ययन हुन सकेको पाइदैन । केही खोज कर्ताहरूबाट लोकगीतको अध्ययन गर्ने क्रममा बाह्रमासे गीतको जानकारी दिएको पाइए पनि त्यो सीमित र संक्षिप्त, टिप्पणी परिचयात्मक रूपमा मात्र रहेको हुँदा बाह्रमासे गीतका बारेमा विस्तृत अध्ययन गरि त्यसको पूर्ण सैद्धान्तिक एवम् व्यवहारिक अध्ययन गर्न यो शोधकार्य आवश्यक भएको हो ।

## १.५ अध्ययनको औंचित्य र महŒव

लोक साहित्यिक विधाको एउटा पक्ष बाजुरेली लोकगीतका बारेमा विभिन्न व्यक्तिहरूबाट केही खोज र अध्ययन गरिएको भए पनि त्यहाँका बाह्रमासे गीतको खासै अध्ययन नभएका सन्दर्भमा प्रस्तुत अध्ययनको औचित्य र मह□व स्वतः सिद्ध छ । यस अध्ययनबाट एकातर्फ बाजुरा जिल्लामा प्रचलित बाह्रमासे गीतका बारेमा अध्ययन गर्न चाहने जोसुकै अनुसन्धान कर्तालाई प्रत्यक्ष फाइदा पुग्ने छ भने अर्कोतर्फ जिज्ञासु पाठक, शिक्षक वर्ग  एवम् सर्व साधारणका लागि पनि यो उपयोगी हुने छ । यसले नेपाली लोक साहित्यको अध्ययनको पूर्णताका लागि पनि आंशिक योगदान गरेको छ । यही नै प्रस्तुत शोध कार्यको औचित्य र मह□व हो ।

## १.६ शोधको अध्ययन क्षेत्र र सीमा

यस शोधको अध्ययन क्षेत्र सुदूर पश्चिमाञ्चलको सेती अञ्चल अर्न्तगत पर्ने बाजुरा जिल्लामा प्रचलित विभिन्न लोकगीतहरूमध्ये बाह्रमासे गीत मात्र हो । बाजुरा जिल्लामा प्रचलित यिनै बाह्रमासे गीतको सङ्कलन गरी तिनको वर्गीकरण र विश्लेषण गर्नु यसको सीमा हो ।

## १.७ सामग्री सङ्कलन विधि तथा शोध विधि

प्रस्तुत अध्ययन क्षेत्रीय अधययन भएकाले क्षेत्रकार्यमा आधारित छ । त्यसैले यो शोधपत्र तयार गर्न सम्बन्धित क्षेत्र बाजुरा जिल्लामा गइ त्यहाँका स्थानीय परिवेश ( मेला, खेत, बारी, पर्व, उत्सव आदि) मा प्रत्यक्ष सहभागी भएर अवलोकन गरी आवश्यकतानुसार सम्बन्धित लोकगीतका गायकहरूबाट टेप रेकर्ड गर्नुका साथै ती गीतहरूले स्थानीय जन जीवनमा ओगटेको मह□वका बारेमा जानकारी लिन लोकगीतका शास्त्रीहरुसँग प्रश्न, अन्तरवार्ता र छलफल समेत गरी सामग्री सङ्कलन गरिएको छ । यसका साथै सामग्री सङ्कलनमा आंशिक रूपमा पुस्तकालयीय विधिलाई पनि अँगालिएको छ । प्रस्तुत शोधकार्यको विश्लेषणका निम्ति वर्णनात्मक विधिलाई अँगालिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई सुसङ्गठित एवम् व्यवस्थित रूपमा तयार गर्नका लागि निम्न लिखित अध्यायमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो अध्याय | - | शोध परिचय |
| दोस्रो अध्याय | - | बाजुरा जिल्लाको संक्षिप्त परिचय |
| तेस्रो अध्याय | - | बाह्रमासे गीतको सैद्धान्तिक परिचय |
| चौथो अध्याय | - | बाजुरेली लोकगीतका परिप्रेक्ष्यमा बाह्रमासे गीत |
| पाँचौ अध्याय | - | बाजुरा जिल्लामा प्रचलित बाह्रमासे गीतको वर्गीकरण र विश्लेषण |
| छैटौँ अध्याय | - | शोध निष्कर्ष |

परिशिष्ट

सन्दर्भ ग्रन्थ सूची

# दोस्रो परिच्छेद

# बाजुरा जिल्लाको परिचय

## २.१ ऐतिहासिक पृष्ठभूमि

नेपालको राजनैतिक नक्सामा बाजुरा जिल्ला आकारमा सानो देखिए तापनि यसको ऐतिहासिक पृष्ठभूमि भने प्राचीन छ । यो पहिले बाजुरा राज्यको रूपमा रहेको थियो ।

पूर्ण प्रकाश नेपाल 'यात्री'का अनुसार साके १४६५ भन्दा पछिसम्म बाजुराको विशेषता पिउथर्पुको शासन जसुधर पण्डितको वंशले गरेको देखिन आउँछ । त्यसपछि यसको स्वायत्तता दिव्या थर्पुका खप्तडी थापा शासकले गर्दै आएको ऐतिहासिक आधार प्राप्त छ ।[१]

हिरण्य लाल श्रेष्ठका दृष्टिमा कर्णाली क्षेत्रमा पर्ने बाइसे राज्यहरू १७७० सम्म अस्तित्वमा रहेका थिए । यी राज्यहरूको सीमा थपघट र टुटफुट भईरहेको थियो ।[२]

धर्म बहादुर सिंहको लेखमा उल्लेख भए अनुसार जुम्लामा जुम्ली महाराजको शासन हुँदा बाजुराको पूर्व भाग जुम्लामा थियो । अठार दरामध्ये सत्र दरा जुम्लामा र हालको बाजुरामा पर्ने एक दरा पनि जुम्लामा पर्दथ्यो ।[३]

राजाराम सुवेदीले **बाइसी राज्यको ऐतिहासिक रूपरेखा** नामक किताबमा डोटी राज्यका बारेमा उल्लेख गरेका छन् । उनले एघारौं शताब्दीमा खस मल्ल राजाहरूले शासन गर्दा त्यसकै अधीनमा बाजुरा राज्य रहेको थियो भन्ने जानकारी दिएका छन् । सोह्रौं खस मल्लहरूको पतन पश्चात् डोटी राज्यको अधिनमा बाजुरा रहन गयो भन्ने पनि उनको भनाइ छ । बाजुरा राज्य १६६० तिर स्थापना भएको हुन सक्ने कुरा उनको अध्ययनबाट चाल पाइन्छ ।[४] बाजुरा राज्यमा डुङ्गर सिंह,सालि बम्म, सुरी बम्म, तुथै बम्म, उदै बम्म, चंख पाल, चुनारी पाल, अन्तु पाल, जिमु पाल, बलिराम पाल,

---

[१] पूर्णप्रकाश नेपाल 'यात्री' **सेती अञ्चल दिग्दर्शन** (विराटनगर : हिमाली सौगात प्रकाशन, २०३४), पृ. २५४ ।

[२] हिरण्य लाल श्रेष्ठ, **नेपाल परिचय,** (काठमाण्डौ : एम.के.पब्लिकेसन २०४५) पृ.३४ ।

[३] धर्म बहादुर सिंह "बाजुराको संक्षिप्त परिचय" (**बडिमालिका** वर्ष १, बडिमालिका कर्मचारी मिलन केन्द्र, २०५३), पृ. १० ।

[४] राजाराम सुवेदी **बाइसी राज्यको ऐतिहासिक रूपरेखा** (कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५५), पृ. ८ ।

नाथु पाल, जसुन्त पाल, अनन्त पाल, मन्दिर पाल (मन्दिर शाह), इन्द्रहरि शाह, हरिशेर शाह, बिष्णु बहादुर शाह, नरेन्द्र बहादुर शाह, दीप बहादुर शाह, कृष्ण बहादुर शाह र गजेन्द्र बहादुर शाह अस्तित्वमा रहेको कुरा बंशावलीबाट थाह हुन्छ ।[५]

बाजुरा राज्यका अन्तिम राजा गजेन्द्र बहादुर शाह भएकाले उनले आफ्नो जीवन कालमा मासिक भत्ता समेत खान पाउँथे भन्ने कुरा अहिलेसम्म पनि सुन्न पाइन्छ । राज्य चलाउन सजिलोका लागि रजबारहरूको व्यवस्था गरिएको हुन्थ्यो । ती रजबारहरूमध्येका अन्तिम रजबार जयपृथ्वी बहादुर सिंह हालको ब्रम्हतोला गा. वि. स. बाजुरा) र जुगाडाका खडग राज पण्डित थिए ।

यसरी पहिले विभिन्न दरा र क्षेत्रमा बाँडिएको बाजुरा राज्य वि. सं. २०१८मा एक छुट्टै जिल्लाको रूपमा स्थापित भयो । यस जिल्लाको सदरमुकाम २०३४ साल सम्म नौबिस दरा टाँटेमा रह्यो र वि. सं. २०३४ ज्येष्ठ महिनामा मार्तडीमा सऱ्यो ।

## २.२ नामकरण

कुनै स्थान वस्तु आदिको नामकरण त्यसैको प्रसिद्धि विशेषता आदिका आधारमा गरिएको हुन्छ । बाजुरा जिल्लाको नामकरणका पछाडि पनि यस्तै कुराहरू रहेका छन् ।

यहाँ बार्जुगाड भन्ने खोला छ । त्यही खोलाका नामबाट यस ठाउँको र जिल्लाको नाम बाजुरा रहेको भन्ने अनुमान गरिन्छ ।[६] फेरि 'यात्री' का अनुसार "प्राचीन बार्जुको घर्षण गति बाट बाजुरा नामकरण हुन गएको हो भनिन्छ ।"[७]

यस परिप्रेक्ष्यमा अर्को भनाइलाई पनि अगाडि ल्याउनु सान्दर्भिक देखिन्छ । "बार्जुकोटको टाकुरामा बाज पाउने थलो बनाई पासा जाल थापी बाजलाई समात्ने गरेका थिए ।"[८]

---

[५] ऐजन, पृ. ८७-८८ ।

[६] श्री ५ को सरकार, **सुदूरपश्चिमाञ्चल विकास क्षेत्र,** मेची देखि महाकाली भाग ४ (काठमाण्डौ : सूचना विभाग ,२०३१), पृ.७८६ ।

[७] पूर्ण प्रकाश नेपाल, 'यात्री' पूर्ववत्, पृ. २५१ ।

[८] धर्म बहादुर सिंह, पूर्ववत्, पृ.१० ।

बाजुराको नामकरणका सम्बन्धमा राजाराम सुबेदीले लेखेका छन् ,"मध्यकालमा सिकार गर्ने काममा बाज नामक पक्षी निकै उपयोगी मानिन्थ्यो, त्यही बाज घुम्ने र बाजलाई जाल थापी छोपी निर्यात गर्ने ठाँउलाई बाज जुरा भनिन्थ्यो, बाज रूङ् तथा बाज जुरा शब्दको संयोगबाट बाजुरा भएको लोक इतिहास बाजुरामा प्रचलित छ।"[९]

यसरी बाजुराको नामकरणका सम्बन्धमा विभिन्न भनाइहरूले स्थान पाएका छन् । बार्जुकोटको टाकुरामा साई बाज र जुरा बाज भेटिने भएकाले तथा जुरा बाज शक्तिशाली पनि हुने भएकाले त्यस ठाउँलाई बाजुरा भनिएको हो भन्ने किंवदन्ती पनि सुन्न पाइन्छ । बाजरा नामको एक जातको अन्न भेटिने हुनाले बाजुरा नाम रहन गएको हो भन्ने भनाइ पनि प्रचलित छ । यो विभिन्न भनाइहरू बाजुराको नामकरणका लागि सान्दर्भिक देखिए तापनि अभय मल्लको ताम्रपत्रमा 'बार्जु' शब्दको उल्लेख तथा श्री ५ को सरकारद्वारा तयार पारिएको सुदूर पश्चिमाञ्चल बिकास क्षेत्र **मेचिदेखि महाकाली** पुस्तकमा 'बाज्रं' शब्दको अपभ्रंशबाट बाजुरा हुन आएको हो भन्ने भनाई बढी तर्क सङ्गत छ ।

## २.३ भौगोलिक अवस्था

नेपाल राज्यको सुदूर पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत सेती अञ्चलको एक पहाडी जिल्लामा बाजुरा पर्दछ । यस जिल्लाको पूर्वमा मुगु र कालीकोट, पश्चिममा बझाङ् उत्तरमा जुम्ला तथा दक्षिणमा अछाम र कालिकोट जिल्लाहरूसँग सीमाना जोडिएको छ । जिल्ला सदरमुकाम मार्तडीमा रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल २०२१७६ हेक्टर रहेको छ । समग्रमा २७ वटा गा.वि.स.हरू भएको यस जिल्लामा ९ वट इलाका क्षेत्रहरू छन् भने प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने एक मात्र निर्वाचन क्षेत्र पर्दछ । बाजुरा जिल्ला २८° १८ उत्तरी अक्षांशदेखि २९° ५ उत्तर अक्षांशसम्म रहेको छ । २०५८ सालको जनगणना अनुसार यस जिल्लामा नेपालको ०.४६ प्रतिशत जनता बसोबास गर्दछन् ।

[९] राजाराम सुबेदी, पूर्ववत्, पृ.८७।

### २.३.१ अवस्थिति

भौगोलिक अवस्थाभित्र अवस्थिति, धरातलीय स्वरुप, हावापानी, नदीनाला र ताल, वनजङ्गल, जडिबुटी, खनिज सम्पदा, राजनैतिक विभाजन आदि पर्दछन् । यहाँ बाजुरा जिल्लासँग सम्बन्धित रही तिनको वर्णन गरिएको छ ।

### २.३.२ धरातलीय स्वरूप

यस जिल्लाको धरातल उत्तरबाट दक्षिणतिर केही होचो हुँदै गएको छ । यहाँको धरातलीय स्वरूप अनुसार यस जिल्लाको भू-भागलाई २ खण्डमा विभाजन गर्न सकिन्छ ।

#### २.३.२.१ लेकाली प्रदेश

हिमाली प्रदेश भन्दा कम उचाइको भाग लाई लेकाली प्रदेश भनिन्छ । यस प्रदेशमा उचाइको दृष्टिबाट लगभग २४३९ मिटर (८००० फिट) देखि माथि स्थानीय हिमरेखासम्मको भाग पर्दछ ।[१०] त्यस अनुसार बाजुरा जिल्लाका प्रमुख लेकहरू, जेठी बहुरानी, बुढीनन्दा, मालिका, देले, हंशिरे, हाँडे, सिन्युवा, कालाजरो, कैलाश धुरा, गुराउँसे गढ, परखे, बड्डा लेक, छाप्रे फुलफुलेली, राउँणे, दखडिला, फाप्रे लेक, अल्लेडि लेक आदि यस भागमा पर्दछन् ।

यहाँ मानिसहरूको बसोबासका लागि प्रतिकूल वातावरण भएकाले मानव बस्ती पाइँदैन । खास गरी यो भाग विभिन्न जातका जङ्गली जीवजन्तुहरूको साझा घर बन्न पुगेको छ । ती जीवजन्तुहरू हुन् :- कस्तूरी, झारल, घोरल, थार, रतुवा, थोप्ले, बाघ, भालु, भुडेबाघ, चितुवा, ब्वाँसो, बँदेल, बाँदर, गुना, स्याल, मलसाप्रो आदि । वन्यजन्तुहरूका अतिरिक्त डाँफे, मुनाल, मयुर, कालिज, प्युरा, फग्राँस, ढुकुर, बाज, डिगुल्चो, तित्रो, चुफ्फु, पातिकट्टो आदि पंक्षीहरू पनि पाइन्छन् ।

[१०] श्री ५ को सरकार पूर्ववत् पृ. ७८८ ।

### २.३.२.२ बेसी प्रदेश

यस जिल्लाको बेसी भाग १२२० मिटर (४००० फिट) भन्दा होचो छ । वाई, कोल्टी,सेरा, टाँटे, मार्तडी, मौरे, बाह्रबिस, जडाङ्गा, तिपाडा, द्वारी, बल्दे, ताँप्रीसेरा, फालासैन, उखाडी, बार्जुगाडी, राप्क, बिरेखोला, नुनेपानी, आदि ठाउँहरू बेसी प्रदेशमा पर्दछन् । कर्णाली नदी र बुढीगङ्गा नदीको आसपासका ठाउँलाई बेसी प्रदेशमा गणना गरिएको छ । यो भाग होचो र कम ढाल परेको छ । यहाँ पहाडी प्रदेशमा भेटिने केही जीवजन्तुहरूका साथै केही अन्य जीवजन्तुहरू पनि भेटिने गर्दछन् । तिनमा स्याल, फ्याउरो, मलसाप्रो, बाँदर, गुना, दुम्सी, हुबाग आदि यस भागमा पाइने जीवजन्तु हुन् । पक्षीहरूमा ढुक्कुर, काग, परेवा, भँगेरा, तित्रा, चिल, कालिज, प्युरो, पातिकिट्टो, सोइटाल्नु, कोइली, सुगा, हलेसो, डिगुल्चे, चुफ्फु, कालीखाते, चिनाखाते, पडखोपुवा, भिटिचुईके, बर्साल्या, लाटोकोसेरो आदि भेटिन्छन् ।

### २.३.३ जनसङ्ख्या

जिल्ला विकास समितिको कार्यालय, बाजुराद्वारा तयार पारिएको जिल्ला विकास योजना २०६८/०६९ को अनुसार कुल जनसङ्ख्या १०८७८१ रहेको छ जसमध्ये महिलाहरू ५४,९४७ छन् भने पुरुष ५३,८३४ छन् । यस जिल्लामा कुल २०,३७८ घरपरिवार बसोबास गर्दछन् । प्रतिघर परिवार संख्या सरदर दर ५.३४ रहेको छ भने प्रतिवर्ग कि. मि. जनघनत्व सदर ५० पर्दछ जसको विवरण राष्ट्रिय जन गणना वर्षहरूको आधारमा यस प्रकार रहेको छ :-

| | जनसङख्या विवरण | | |
|---|---|---|---|
| विवरण | २०३८ | २०४८ | २०५८ |
| जम्मा जनसङ्ख्या | ७४६४९ | ९२०१० | १०८७८१ |
| पुरुष | ३७७४५ | ४५०५४ | ५३८३४ |
| महिला | ३६९०४ | ४६९५६ | ५४९४७ |
| जम्मा घरधुरी सङ्ख्या | १२६९३ | १७५४२ | २०३७८ |
| सरदर परिवार सङ्ख्या | ५.९ | ५.२ | ५.३४ |
| जनघनत्व/व. कि.मि. | ३४.१ | ४२.१ | ५१.१ |

### २.३.४ हावापानी

नेपाल सानो देश भएर पनि विषम हावापानीले भरिपूर्ण छ । नेपालको हावापानीलाई उष्ण, उपोष्ण, समशीतोष्ण, ठन्डा, अर्धोष्ण, अलपाइन र टुन्ड्रा गरी सात भागमा बाँडिए तापनि बाजुरा जिल्लाको हावापानीलाई खास गरी दुई भागमा बाँड्न सकिन्छ ।

#### २.३.४.१ समशीतोष्ण प्रदेशीय हावापानी

समुद्री सतहको ४००० देखि ६६०० सम्मको उचाइको हावापानीलाई समशीतोष्ण प्रदेशीय हावापानी भनिन्छ । यस जिल्लाका वाई, कोल्टी, उखाडी, मार्तडी, बाह्रबिस, कोर्द, पैमा, नाटेश्वरी, मुस्तोला, बजेडी, पाण्डुसैन, किमगाउँ, साउबाडा, गुम्लागाउँ, काँडा, तोली, छतारा, कोसेडी, डुङ्ग्री, कुँडीकोट, आटिचौर आदि ठाउँहरूमा यस्तो हावापानी पाइन्छ । यहाँ हिउँदमा कम वर्षा हुने र वर्षायाममा केही बढी नै वर्षा हुने गर्दछ । हिउँदमा खुला आकाश हुँदा बिहानी पख खेतमा तुसारो जमेको देखिन्छ ।

#### २.३.४.२ शीत प्रदेशीय हावापानी

समुद्री सतहदेखि ६६०० भन्दा माथिको भागमा चिसो हावापानी भेटिने हुनाले त्यस्तो हावापानीलाई शीत प्रदेशीय हावापानी भनिन्छ । यस जिल्लाका बुढीनन्दा, बड्डालेख, खडिल्ला, मालिका, जेठी बौरानी, अन्द्राडी, ओम्लस, नौलावन, अल्लेडी, दखडिल्ला, राम्डे, भितोचिन्ना, अल्लेडी, भालुढुङ्गा, स्याँउले आदि ठाउँहरूमा यस्तो हवापानी पाइन्छ । यसको प्रभाव पहाडी प्रदेशमा पनि रहेको छ । यस किसिमको हावापानी भेटिने ठाउँमा हिउँदमा तापकम ०ं से.ग्रे. भन्दा कम हुन्छ र पानी जम्दछ ।

### २.३.५ नदीनाला र ताल

नेपालको उत्तरतिरका हिमशृङ्खलाहरूबाट अनकौं ठुला साना नदीनालाहरू पैदा भएका छन् । त्यस बाहेक देशका विभिन्न भागमा ताल र कुण्डहरू पनि रहेका छन् ।

बाजुरा जिल्लामा पनि नदीनालाहरू अविरल गतिमा बगि रहेका देख्न पाइन्छ । ती नदीनालाहरूबाट मूलरूपमा सिंचाइ सुविधा उपलब्ध छ । त्यस बाहेक अन्य

कामका लागि पनि नदीनालाको पानी उपयोग गर्ने गरिन्छ । यहाँको ठुलो नदी बुढीगङ्गा नदी हो । यो नदी दहकोट गा.वि.स.को गौमूलबाट उत्पत्ति भई सेती नदीमा मिल्दछ । यस नदीले विभिन्न गा.वि.स. हरूलाई छुट्याउनाका साथै पानी घट्ट चलाउनमा पनि मद्दत पुऱ्याएको छ । त्यसरी नै बाहुली गाड एक खोला हो जुन खोलाबाट २०० कि. वा. विद्युत् उत्पादन गरी बाजुरा जिल्लाको सदर मुकाम मार्तडी र जुगाडा गा.वि.स. लाई विद्युत् सुविधा उपलब्ध भएको छ । दाने साँघु खोलाबाट पनि ११ कि.वा. विद्युत् उत्पादन गरिएको छ । यस्तै विभिन्न सङ्घसंस्थाहरूको सहयोगबाट हाल स-साना विद्युत् उत्पादन गर्ने प्रक्रिया सुरुवात भइ रहेको छ । यस अतिरिक्त मालागाड, कवाडी गाड, मना गाड, गुई गाड, अनाई खोला, परखे खोला, सेरे खोला, ठिनी खोला, जुद्धि खोला, बुर्का खोला, तितरिया खोला, डोगडी खोला, आटिचौर खोला, काँगडा खोला, बार्जुगाडी खोला, मनाकोट खोला, दहकोट खोला, विर्सैनी खोला, कोर्दिखोला, खडीगाडखोला आदि नदीनालाहरू पनि यहाँ रहेका छन् । यी नदीनाला तथा खोलाहरूबाट सिंचाइ, पानीघट्ट, खानेपानी सञ्चालन जस्ता सुविधाहरू उपलब्ध छन् ।

यस जिल्लामा ठुला तालहरू नभए पनि साना दहहरू रहेका छन् । आटिचौर र गुदुखाती गा.वि. स.का बिचमा रहेको छेडे दह यहांको ठुलो दह हो । त्यसरी नै अन्य ठाउँहरूमा पनि दहहरू रहेका छन् ।

### २.३.६ बन जङ्गल र जडीबुटी

यस जिल्लाको सम्पूर्ण भूभागमध्ये ६५ प्रतिशत भूभागलाई वनजङ्लले ढाकेको छ । यहाँको वनजङ्गलको स्वरूप सबै ठाउँमा समान किसिमको छैन । करिब ८००० फिटभन्दा माथिको भागमा टुन्ड्रा वनस्पति भेटिन्छ । जहाँ चुन र एक प्रकारको घाँसमात्र पाउन सकिन्छ । त्यसभन्दा तल्लो भागमा भने घना जङ्गल रहेको छ जुन जङ्गलमा धुपीसल्लो, देवार आदि कोणधारी रुखहरू भेटिन्छन् त्यसभन्दा केही तलको भागमा बाँज, खराँज, भिँडे, ठिन्के, दबदबे, गुराँस, भोजपत्र, सल्लो, अयाँर, लौठ, आदि भएको घना जङ्ल पाइन्छ ।

समशीतोष्ण हावापानी भेटिने ठाउँमा साल, साज, सल्लो, शिरीष, पीपल, खडिक, सिमल, टुनी, भिमल, सिउँतारो, भट्टे, दुदिलो, लौँठ, बाँस, फडफडे, खयर,

कोइराल, पैंयु आदि बोट बिरूवाहरू काठको काममा प्रयोग हुन्छन् भने केही बोट बिरूवाहरू डालेघाँसमा उपयोग गरिन्छन् ।

यहाँका विभिन्न लेकहरूमा जडीबुटीहरू पनि भेटिन्छन् । खासगरी दहकोट, मानाकोट, बिच्छ्या, विनी, बुढीनन्दा, अन्द्रडी आदि ठाउँहरू जडीबुटीका लागि प्रसिद्ध छन् । यी ठाउँहरूमा गँदाल्नु, कटुकी, बायाजडी, हत्ताजडी, पदम्चारो, सत्वा, मुस्ली, बोजो, घोडाताप्रे, हर्रो, बर्रो, निरमिसी, चिऱ्याइतो आदि जडीबुटीहरू भेटिन्छन् ।

यस जिल्लामा पाइने जडीबुटीहरूको सदुपयोग स्थानीय वैद्यराजहरूबाट हुन गई यहाँको जन जीवनलाई केही सुविधा उपलब्ध भएको मान्न सकिन्छ । आजभोलि यहाँका विभिन्न ठाउँबाट जडीबुटी सङ्कलन गरी भारततर्फ निर्यात गर्ने गरिन्छ । यसबाट निकट भविष्य ती जडीबुटीहरू समाप्त भएर जाने सम्भावना बढि रहेको छ ।

**२.३.७ खनिज सम्पदा**

यहाँ विभिन्न किसिमका खनिजहरू हुन सक्ने व्यापक अनुमान छ । वि.सं. १९८५ सम्म मनकोटमा फलाम खानी रहेको र पहिरोबाट उक्त खानी पुरिए पछि काम गर्ने मजदुरहरूको ज्यान गएको कुरा अहिलेसम्म पनि सुन्न पाइन्छ । त्यस बाहेक गाउघरमा मनाकोट्या टाप्क्या भनिने फलामको सामानको नाम पनि अझै सुनिन्छ ।

वाई गा.वि.स. मा फलाम खानी भेटिएको तर त्यसको उत्खननको अभावले गर्दा यथास्थितिबाट माथि उठ्न सकेको छैन । त्यसरी नै यहाँका अन्य ठाउँहरूमा पनि फलाम खानी हुन सक्ने अनुमान छ । यस जिल्लामा तामाखानी सम्बन्धी खास चर्चा पाइँदैन तापनि कतै-कतै तामाखानी नामक ठाउँहरू अझै पनि भएकाले ती ठाउँहरूमा तामाखानी हुन सक्ने सम्भावना बढी छ । छेडे दहमा पेट्रोलियम पदार्थ पाउन सक्ने अनुमान गरिएको छ तापनि त्यसको खोजी कार्य हुन सकि रहेको छैन ।

अहिले यहाँ प्राप्त खानीमा एलेट खानी नै प्रमुख छ । यहाँका विभिन्न ठाउँहरूमा एलेट (पडा) पाइने हुनाले त्यसबाट घरको  छाना छाउनमा मद्दत पुगेको

छ । त्यसरी नै मार्तडी र डोगडी गा.वि.स. मा चुना उत्पादन गरिन्छ भने कत-कतै अभ्रखका टुक्राहरू भेटिने भएकाले अभ्रख खानी पनि हुन सक्ने अनुमान छ ।

यसरी यहाँका विभिन्न ठाउँहरूमा खनीज सम्पदा हुन सक्ने ठुलो सम्भावना भए तापनि कमजोर आर्थिक स्थिति, यातायातको अभाव, दक्ष जनशक्तिको अभाव, सरकारको ध्यानाकर्षण नहुनु जस्ता कारणहरूले गर्दा तिनको अन्वेषण र उत्खनन कार्य हुन पाएको छैन जसबाट ती साधनहरूले भूगर्भमा नै रहनु परेको छ ।

**२.३.८ राजनैतिक विभाजन**

बाजुरा जिल्लाको राजनैतिक तथा प्रशासनिक विभाजन समय समयमा हेरफेर हुँदै आएको पाइन्छ । हाल यहाँ एक निर्वाचन क्षेत्र ९ वटा इलाका र २७ वटा गा.वि.स. रहेका छन् ।

पूर्ण प्रकाश नेपाल 'यात्री'का अनुसार आधुनिक जिल्ला विभाजन पूर्व यो जिल्ला डोटी जिल्लाबाटै सञ्चालित थियो । यसबाट बाजुराले अन्यत्रका राजाबाट शासित प्रशासित रूपमा रहनु परेको जानकारी मिल्दछ ।

देशमा राणा शासनको पतनपछि बाजुरा न्यायिक दृष्टिकोणले डोटी क्षेत्रको नजिक रह्यो । पहिलेदेखि नै कुण्डा, छब्बिस, नौबिस आदि दरामा बाँडिएको बाजुरामा अहिले पनि ती दराहरूका नाम प्रचलित छन् ।

वि.सं. २०३२ सम्म १९ वटा गाउँ पञ्चायतहरू थिए । पछि वि.स. २०३८ मा गाउँ पञ्चायत संख्या २१ पुग्न गयो भने वि.सं. २०३९ सालमा २२ वटा गाउँ पञ्चायत हुन पुगे । यसरी गाउँ पञ्चायतको संख्या बढी रहँदा वि.सं. २०४२ मा २७ वटा गाउँ पञ्चायत भए । कालान्तरमा पञ्चायती व्यवस्थाको नामकरण गर्दा हाल २७ वटा गा.वि.स. हरू नै कायम छन् यस जिल्लामा भएका गा.वि.स. हरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :-

| इलाकाहरू | गा.वि.स.हरू |
|---|---|
| १ | मार्तडी, बुढीगङ्गा र जुगाडा |
| २ | जगन्नाथ,गोत्री र कोटिला |
| ३ | जुकोट, वाई र साप्पाटा |
| ४ | बाँधु, रुगिन र बिच्छ्या |
| ५ | पाण्डुसैन र कोल्टी |
| ६ | मानाकोट, दहकोट र आटिचौर |
| ७ | डोगडी, गुदुखाती, काँडा र जय वागेश्वरी |
| ८ | बाह्रबिस, कुल्देउ माण्डौ र ब्रहमतोला |
| ९ | कैलास माण्डौ, तोली र छतारा |

प्रतिनिधि सभा सदस्यका लागि एक मात्र निर्वाचन क्षेत्र रहेको यस जिल्लाबाट वि. सं. २०४८ को आम निर्वाचनमा नेपाली काँग्रेसले सफलता प्राप्त गरेको थियो । वि.स. २०५१ सालमा सम्पन्न मध्यावधि निर्वाचनमा नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी लेलिनवादी)ले विजय प्राप्त गऱ्यो । वि.सं. २०५६ मा सम्पन्न भएको आम निर्वाचनमा पुनः नेपाली काँग्रेस नै सफल भयो । त्यसरी नै वि.सं. २०४९ मा सम्पन्न भएको स्थानीय निर्वाचनमा नेपाली काँग्रेसले जिल्ला सरकार बनाएको थियो भने वि.सं. २०५४ मा सम्पन्न भएको स्थानीय निर्वाचनमा नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी लेलिनवादीले जिल्ला सरका बनाउन पुग्यो । वि.सं. २०६४ मा सम्पन्न भएको संविधान सभाको निर्वाचनमा नेपाली काँग्रेस विजय प्राप्त गर्न सफल भयो ।

## २.४ सामाजिक अवस्था

व्यक्तिको समष्टि रूप नै समाज हो । बाजुराको समाज विभिन्न विशेषताले युक्त छ । यहाँ विभिन्न जातजाति, धर्म, संस्कृति, भाषा आदि भएका मानिसहरू बसोबास गर्दै आएका छन् । तिनीहरूमध्ये नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्नेहरूको संख्या धेरै छ । केहीले भोटे, शेर्पा, गुरुङ् आदि भाषाको प्रयोग गर्ने गर्दछन् । धर्मतर्फ दृष्टि दिँदा हिन्दू धर्म मान्नेहरू नै ठुलो संख्यामा रहेका छन् । सामाजिक जन जीवन भित्र विभिन्न कुराहरू पर्ने भएकाले यहाँ तिनको संक्षिप्त परिचय दिइन्छ ।

### २.४.१ जातजाति

यो जिल्लाको क्षेत्रफलका आधारमा सानो देखिए पनि जनजातिलाई हेर्दा विशाल देखिन्छ । यस जिल्लामा बसोबास गरेका जातजातिहरूमध्ये बाहुन, ठकुरी र छेत्री प्रमुख छन् । सङ्ख्यात्मक रूपमा ठुलो क्षेत्र ओगट्न सफल जातिका रूपमा छेत्रीलाई लिइन्छ । यस जातिले प्रायः बाजुराको सम्पूर्ण भू-भाग समेटेको छ । यहाँका छेत्रीका थरहरूमा  थापा, बुढथापा, रावल, विष्ट, साउँद, ऐंडी, खडायत, बडुबाल, कुँवर, बुढा, रावत, बोगटी, रानाछेत्री, कुमाल छेत्री, खत्री, जमाल, दानी, खड्का, गुँयाल, रोकाया, बोहोरा, कार्की, खाती, रौले, राना, काजीथापा, धामी, भण्डारी, केसी, बुढाथोकी आदि थर छन् । ठकुरीका थरहरूमा शाह, शाही, सिंह, मल्ल, पाल र बम रहेका छन् भने बाहुनका थरहरू भट्ट, उपाध्याय, जोशी, भण्डारी, तिमिल्सेना, पाण्डे, न्यौपाने, रेग्मी, पण्डित, देवकोटा आदि रहेका छन् । कामीका थरहरू ल्वार, सुनार, सेराला, नेपाली, विश्वकर्मा, सनाई, दमाई, चँदारा, भुल, सार्की, वादी, गन्दर्भ, चुनारा आदि रहेका छन् अन्य जातिहरूमा भोटे, शेर्पा, नाथ, जैशी आदि विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दै आएका भए पनि तिनीहरूबिच राम्रो सम्बन्ध कायम छ ।

### २.४.२ धर्म

धार्मिक दृष्टिले बाजुरा जिल्ला अन्य जिल्ला जस्तै धर्मको साझा थलोका रूपमा रहेको छ । यहाँ हिन्दू धर्मावलम्बीहरूको संख्या सबैभन्दा बढी छ । वि. सं. २०५८ को जन गणना अनुसार हिन्दू धर्म मान्ने ९८.७२ प्रतिशत, बौद्ध धर्म मान्ने १.०५ प्रतिशत मुस्लिम धर्म मान्ने ०.१३ प्रतिशत, क्रिश्चियन धर्म मान्ने ०.०६ प्रतिशत र अन्य धर्मावलम्बी ०.०४ प्रतिशत रहेका छन् ।

यस जिल्लामा विभिन्न धर्म मान्नेहरूको समूह भए पनि सबैबिच धार्मिक सहिष्णुता कायम छ । यहाँ विभिन्न धार्मिक सम्बन्ध अकाट्य रूपमा रहेको देखिन्छ ।

### २.४.३ रहन सहन

मानिसहरूको लवाइ खवाइ, चालचलन आदि लाई रहनसहन भनिन्छ । यस जिल्लामा परम्परागत रहनसहन र साााधारण जीवन शैली विद्यमान छ प्रायः यहाँका घरहरू एकदेखि चार तलेसम्म रहेका छन् । प्रत्येक घरमा दुई पाखे छाना हुन्छन् । पहिले पहिले यस जिल्लाका सबैजसो घरहरूमा खरका छाना हुने गर्थे भने आजभोली पत्थरले (पडा) छाउने र लेन्टर हाल्ने प्रचलन बढेको छ । आर्थिक अवस्था अत्यन्तै कमजोर भएको र निकै विकट भागमा बसोबास गर्नेहरूले अहिले पनि आफ्नो घरको छाना खरले छाउने गरेका छन् । माटो र ढुङ्गाको गारोले बनाइएका यी घरहरू प्रायः दलानयुक्त हुन्छन् । केही सरकारी कार्यालय भवन र विद्यालयका भवनहरूका छानाहरू प्रायः लेन्टर र कर्कटपाताले छाएको पनि देख्न पाइन्छ ।

### २.४.४ लवाइ खवाइ

सहर बजारको जस्तो विदेशीपन नभई परम्परागत जीवन शैलीमा रम्नु बाजुरालीहरूको मूल विशेषता नै हो । पहिले पहिलेका बुढापाकाहरूले भोटो, कछाड र गादोसँगै जीवन बिताएका थिए भने आजभोलि त्यो अवस्था छैन । त्यस बेला गाउँघरमै कपास खेती गरी चर्खा काटेर आफ्ना लागि आफै लुगा तयार पार्न सक्ने क्षमता प्रशस्त भएको हुनाले उनीहरूमा आत्मनिर्भरता थियो । यस जिल्लाका विभिन्न भागमा लवाइखवाइमा केही भिन्नता रहेको छ । लेकाली भागमा बसोबास गर्ने महिलाहरू गुन्यु, चोलो, पटुका, गादो र पोते लगाउँछन् । अति विकट ठाउँमा बस्ने महिलाहरू भाङ्ग्राबाट आफ्नो जिउ ढाक्ने गर्दछन् । सदर मुकामका आदिवासी महिलाहरूले भने अहिलेसम्म पनि सेता गादालाई छाडेका छैनन् । गहना लगाउने लत भने प्रायः जिल्लाभरि नै मिल्दोजुल्दो छ । महिलाहरू धोती र ब्लाउज लगाउनका साथै गुन्यु, चोलो र पटुका पनि लगाउने गर्छन् । पुरुषहरू भने कमिज, सुरूवाल, पाइन्ट, टोपी आदि लगाउने गर्छन् । पुरुषहरूको लगाइखवाइमा भने प्रायः जिल्लाभरि नै समानता पाइन्छ । भोटे र शेर्पाहरू जाडोमा बस्ने भएकाले न्यानो उनी लुगा लगाउँछन् ।

यहाँ धान, गहुँ, मकै, कोदो, जौ, फापर र आलु, मुला, फापर आदिको खेती गरिन्छ । लेकाली भागमा जौ, गहुँ, कोदो, फापर, मार्से (लट्टे) र आलु, मुला र चोत्तो, (मूला) उत्पादन गरिने भएकाले चामलको अभाव रहेको देखिन्छ । चामल किन्नका लागि कोल्टी, मार्तडी, तिपाडा, सेरा, मौरे र बाह्रबिसको रिठा बजार र अछामको साँफे बगर पुग्नु पर्दछ । केही होचो भागमा भने धान खती गरिने हुनाले त्यहाँ बसोबास गर्ने मानिसहरू प्रायः भात खान पाउँछन् । उनीहरूको खानामा खुर्सानीको मात्रा धेरै हुन्छ । पिरो खानाले शीतबाट बच्न सकिन्छ भन्ने भनाइ उनीहरूको रहेको छ ।

### २.४.५ पारिवारिक संरचना

बाजुरा जिल्लाको पारिवारिक संरचना अन्य जिल्लाहरूसँग मिल्दोजुल्दो छ । पितृसत्तात्मक परम्परामा हुर्किएको यहाँको जन जीवनको पारिवारिक संरचना मूलतः संयुक्त र एकात्मक नै छ । भौगोलिक विकटता, आर्थिक विपन्नता जस्ता कारणहरूले गर्दा केही मानिसहरू घर र गोठ दुबै ठाँउमा बस्ने गर्छन् । भौगोलिक बनोटका कारण चाडपर्वमा मात्र परिवारका सम्पूर्ण सदस्यहरू एकसाथ बसेर खान पाउने स्थिति यस जिल्लामा छ । भोटेहरू एक वर्षमा करिब पाँच छ महिना बाहिर बिताउँछन् । भेडा पालन गरी लेकबेसी गर्न विवश भोटेहरू चैत्र महिनामा मात्र घर पुग्छन् ।

## २.५ कृषि

यहाँका मानिसहरूको जीविकोपार्जनको मूल आधार कृषि नै हो । कुल जनसङ्ख्यामध्ये ९० प्रतिशत जनसङ्ख्या कृषिमा आश्रित छ भने बाँकी १० प्रतिशत जनसङख्या मात्र अन्य पेसामा संलग्न छ । यति ठुलो जनसङख्या कृषिमा आश्रित भएर पनि वर्षभरि खान पुग्ने सङख्या ज्यादै कम रहेको छ । चाडपर्वका दिनहरू पनि रमाइलोसँग बित्न पाउँदैनन् । एकातिर अपर्याप्त जमिन र अर्कातिर परम्परागत कृषि प्रणालीका कारण आर्थिक अवस्था कमजोर हुन गएको हो । यी कारणहरूले गर्दा बाजुराको अधिकांश जनसङ्ख्याले भोकमारीको चपेटामा पर्नु परेको देखिन्छ ।

यस जिल्लाको कृषिजन्य वस्तुमा खाद्यान्न बाली नै अग्रपङक्तिमा आउँछ । धान, गहुँ, मकै, कोदो, जौ आदि यहाँका प्रमुख खाद्यान्न बाली हुन् । खाद्यान्न बालीको

तुलनामा नगदे बालीको अवस्था निकै कमजोर छ । त्यसरी नै मेहेनतको स्थिति पनि दयनीय नै छ ।

यहाँको कुल भूभागमध्ये २०.१५५ हेक्टर जमिन मात्र खेती योग्य छ र केवल ३०० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध छ । भिरालो जमिन साना साना गरा र पाखो जग्गाको भाग बढी भएको हुनाले कृषि क्षेत्रको अवस्था कमजोर हुन गएको देखिन्छ ।

### २.६ व्यापार

दक्ष जनशक्ति, कच्चा पदार्थ, पुँजी, यातायात आदिको अभावका कारणले गर्दा यस जिल्लामा उद्योग धन्दा सञ्चालन हुन नसक्दा आर्थिक क्षेत्रमा प्रगति हुन पाएको छैन । गाउँघरमा उत्पादन गरिने राडी, पाखी, भाङ्ग्रो जस्ता वस्तुहरू बिक्री गर्नु पर्दा आफै बाँकी टाढा टाढासम्म पुऱ्याउनु पर्ने हुन्छ । यस्तो कठिन परिस्थितिमा कोल्टी, मार्तडी, नौबिस आदि ठाउँहरूमा सामान्य किसिमले व्यापार सञ्चालन भएको पाइन्छ ।

## २.७ चाडपर्वहरू

यहाँका मानिसहरूले मान्ने चाडपर्वहरूमध्ये केही अन्य जिल्लाहरूसँग मेल खान्छन् भने केही यस जिल्लाको स्थानीय परिवेशमा जन्मेको हुनाले स्थानीय क्षेत्रमा नै सीमित रहेका छन् । तिनीहरूको परिचय तल दिइएको छ ।

### २.७.१ दसैं

घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म दसैं पर्व मनाइने भए तापनि यस जिल्लामा विशेष गरी महाअष्टमी र महानवमी नै मह□वका दिन मानिन्छन् । उक्त दिनहरूमा बिहान बोकाको बलि दिई देवीको पूजा गरिन्छ भने कतै कतै राँगाको बलि पनि दिइन्छ राँगाको बलि दिँदा खेदेर काट्ने चलन छ जसलाई छाडा र छडुवा हाल्ने भनिन्छ । यसरी राँगाको बलि दिइ सकेपछि राति मेला लाग्दछ । विजया दशमीका दिन टीका थापेपछि दसैं समाप्त हुने भनिए तापनि यहाँ कोजाग्रत पूर्णिमाका दिन बलि दिई पूजा गर्नेहरू पनि छन् । दसैंको समयमा पिङ खेल्ने र घर पोत्ने जस्ता

कार्य गरिने हुनाले वातावरण निकै मनोरम हुन्छ । अन्ततः कोजाग्रत पूर्णिमामा गएर दसैंको समाप्ति हुन्छ ।

**२.७.२ दीपावली (तिहार)**

यमपञ्चकको समयावधिलाई तिहार मानिने भए तापनि यस जिल्लामा खास गरी तिन दिनसम्म मात्र तिहार मान्ने चलन छ । औंसीको दिन लक्ष्मीपूजा र त्यसपछि क्रमशः गाई तिहार एवम् भाईटीका मनाइन्छ । तिहारको समयमा जुवा खेलिने हुनाले जुवा तिहार पनि भन्ने गरिन्छ । हुन त बाजुरा जिल्लामा तिहार शब्दले सम्पूर्ण चाडपर्वहरूलाई चिनाउँछ तापनि विशेषतः दीपावलीलाई नै तिहार सम्झनु पर्ने हुन्छ ।

**२.७.३ माघे सङक्रान्ति**

माघे सङक्रान्ति यस जिल्लाको अर्को मह□वपूर्ण चाड हो जसलाई चेलत्यार (चेली तिहार) पनि भन्ने गरिन्छ । त्यस समयमा पनि स्नान गर्ने, तीर्थव्रत गर्ने जस्ता धार्मिक कार्यहरू हुन्छन् । यस चाडमा घरमा पाकेका खाने कुराहरू जस्तै बाबर (सेल), पुरी, तरुल आदि एक अर्कालाई बाँड्ने चलन छ । यसरी बाँड्ने क्रममा सबैले चेलीबेटीहरूलाई दक्षिणा दिने गर्दछन् ।

**२.७.४ होरी**

यस जिल्लामा होरी पनि पहिलेदेखि नै चल्दै आएको पर्व हो । यहाँको कथ्य भाषामा भनिने होरीलाई अन्यत्र (होली) भनिएको पाइन्छ । बाजुरा जिल्लाका सबै ठाउँहरूमा होरीको महिमा नभए पनि मार्तडी, नौबिस, तोली आदि ठाउँहरूमा होरी पर्वले स्थान पाइआएको छ । गाउँको सार्वजनिक ठाउँ (चौपाडी)मा मेलको हाँगा गाडी विभिन्न रङ्गका कपडाका टुक्राहरू झुन्ड्याइन्छन् । त्यसलाई चीर भनिन्छ । त्यस चीरको वरिपरि घुम्दै गाथा गाइन्छ । यसरी गाथा गाउने काम पुरुषहरूले मात्र गर्छन् । त्यसको एक अंश यस्तो छ ।

धम्म चल्यो होरी, धम्म चल्यो,
लाग्यो रावण धम्की धेकाउन गइ फुलबारीमा

हो हो लाग्यो रावण धम्की धेकाउन गई फुलबारीमा

यसरी होरी खेलि सकेपछि पूर्णिमाको साँझ चीर पोल्दछन् जसलाई चीरदाह भनिन्छ ।

### २.७.५ वैशाख सङक्रान्ति

वैशाख सङक्रान्तिलाई बिसु सङक्रान्ति पनि भन्ने गरिन्छ । कतै कतै बिसु तिहारका नामले पनि यो चर्चित छ । उक्त दिनको बिहान सबै नुहाउँछन् । कसै कसैले दानदक्षिणा पनि गर्दछन् । साँझको बेला झिल्लौरीहरू चलाउँदै दुई वटा केटाहरूलाई बचाइन्छ त्यसलाई बिसु बाघ भनिन्छ । त्यसपछि पर्वगीत गाइ सकेपछि देउडा खेलिन्छ र बिसु सङक्रान्तिको चाड समाप्त हुन्छ ।

### २.७.६ चौदसा पर्व

अनन्त पूर्णिमाको चर्तुदर्शीमा मनाइने यो पर्व ऋषि देवताको पूजाबाट सुरू हुन्छ । चौदसा पर्वको धार्मिक मान्यता के रहेको छ भने कल्याण महाराज वीरमान राज जुम्लाबाट वाई (हाल बाजुराको एक गा.वि.स.) सायकोमा असुरादेवी माई आएकी थिइन् र वाईमा पानीको अभाव देखेर उनले देवताहरूसँग पानीका लागि अनुरोध गरेकी थिइन् । उक्त आग्रहलाई स्विकार्दै देवताहरूले कुलो बनाइ पानीको सुविधा उपलब्ध गराएका थिए भन्ने जन विश्वासका आधारमा त्यस ठाउँमा ऋषि देवताको पूजा हुन थालेको हो ।

### २.७.७ विविध चाडपर्व

उपर्युक्त चाडपर्वहरू बाहेक अन्य विभिन्न चाडपर्वहरू पनि यस जिल्लामा प्रचलित छन् । यहाँका अन्य चाडपर्वहरू हुन् :- शिवरात्री, भुओ, चौतोला, घाँसे, गौरापर्व, धिमको खौपर्व, दहकोटको मैभ्काडो, भोटे र शेर्पाहरूको ल्होसार आदि । यी विभिन्न चाड पर्वहरूले यस जिल्लाको संस्कृतिलाई जोगाउन मद्दत पुऱ्याएका छन् ।

## २.८ स्वास्थ्यसेवा

बाजुरा जिल्लामा स्वास्थ्य सेवाको भरपर्दो सुविधा उपलब्ध हुन सकि रहेको छैन । अस्पतालसम्म देख्न नपाई यहाँका कैयौं व्यक्तिले ज्यान गुमाएका छन् । यस

जिल्लामा एउटा जिल्ला अस्पताल रहेको छ जहाँ डाक्टरको दरबन्दी भएर पनि डाक्टर हुँदैनन् । स्वास्थ्य चौकी एवम् उपस्वास्वाथ्य चौकीहरू भएका ठाउँमा औषधी र पन्ध्र शय्याको अस्पताल भवनहरू भएर पनि सदुपयोग हुन सकि रहेको छैन ।

सङ्ख्यात्मक रूपमा हेर्दा यहाँ जिल्ला अस्पताल १ छ भने अन्य स्वास्थ्य चौकी उपस्वास्थ्यचौकी गरी स्वास्थ्य संस्थाहरूको जम्मा सङ्ख्या २८ रहेको छ । केही ठाउँहरूमा वैद्यराजहरूले पनि स्वास्थ्यसेवा पुऱ्याइ रहेका छन् ।

## २.९ शैक्षिक अवस्था

यस जिल्लामा शिक्षा क्षेत्रमा सबै वर्गको पहुँच समान किसिमले पुग्न सकि रहेको छैन । खेतीपाती वस्तुभाउ आदिका कारणले लेकबेसी गर्नु पर्ने हुनाले सबै वर्गमा शिक्षाको उज्यालो पुग्न पाएको छैन । आर्थिक विपन्नता अर्को समस्या बन्न गएको छ । यी विभिन्न कारणले गर्दा शिक्षामा आशातीत प्रगति हुन सकि रहेको छैन ।

विद्यार्थी भर्नाको अनुपातलाई हेर्दा छात्र भर्नाको तुलनामा छात्रा भर्नाको स्थिति निकै दयनीय छ । विद्यालयमा भर्ना भएका छात्राहरूमध्ये ज्यादै कम मात्र एस.एल.सी. परीक्षामा सामेल हुन पाउँछन् । घरायसी झमेला उनीहरूका लागि तगारो भएको छ भने व्यापक गरिबी र जन चेतनाको अभावले पनि उनीहरू पीडित छन् ।

जिल्ला शिक्षा कार्यालय बाजुराद्वारा तयार पारिएको ०६५/०६७ को शैक्षिक तथ्याङ्क अनुसार कुल जनसङ्ख्यामध्ये ३४.१ प्रतिशत जनसङ्ख्या मात्र साक्षर छ जसमध्ये महिला १७.३ प्रतिशत र पुरुष ५१.२ प्रतिशत जनसङ्ख्या साक्षर छन् । त्यसरी नै सञ्चालित शिक्षण संस्थाहरूको सङ्ख्यातिर दृष्टि लगाउँदा उच्च मा. वि. १४ वटा, मा. वि. १८ वटा, नि. मा. वि. ३० वटा र प्रा. वि. १४९ गरी जम्मा २१० वटा शिक्षण संस्थाहरू यहाँ सञ्चालित छन् । समग्रमा भन्नु पर्दा बाजुरा जिल्लाको शैक्षिक क्षेत्रमा उल्लेखनीय सुधार हुन सकिरहेको छैन तापनि विगतका भन्दा वर्तमानका दिनहरू केही सन्तोषप्रद छन् । हाल बाजुरामा ३ वटा क्याम्पस पनि सञ्चालित भइ सकेका छन् ।

## २.१० दर्शनीय स्थल र मन्दिरहरू

बाजुरामा विभिन्न देवदेवीका मन्दिरहरूका साथै कतिपय दर्शनीय स्थलहरू पनि रहेका छन् । यहाँका केही दर्शनीय स्थलहरू मन्दिरहरूको छोटो परिचय तल दिइएको छ ।

### २.१०.१. त्रिवेणी

समुद्री सतहबाट १२५०० फिटको उचाइमा रहेको त्रिवेणी बिनीको नामले चिनिन्छ । यो उच्च समस्थली भएकाले यहाँ चुन नामको मसिनो घाँस, जडीबुटी र विभिन्न जातका फलहरूका साथै वन्यजन्तुहरू पनि भेटिन्छन् । यहाँ विभिन्न पाटनहरू छन् । पूर्ण बहादुर शाहले हिमाली उपखण्ड मालिका भन्ने किताबमा बिनी पाटनको लम्बाइ ६ कि.मि. र चौडाइ २ कि.मि. रहेको कुरा उल्लेख गरेका छन् ।[११]

तिन वटा जलाधारको सङ्गमबाट त्रिवेणीको जन्म भएको छ । मालिकामा पूजा गर्न जानेहरूले त्यहाँ स्नान गरी पवित्र भएर जानु पर्दा त्यस ठाउँमा श्राद्ध तर्पण गर्नाले पितृहरूलाई मुक्ति मिल्दछ भन्ने मान्यता रहे अनुसार कसैले श्राद्ध तर्पण पनि गर्दछन् । त्यहाँका पाटनहरूमा हत्ताजडी, बायाजडी, गदाल्नु, कटुकी आदि जडीबुटीहरू भेटिन्छन् । त्यहाँको भास परेको भागलाई खेतीबेती भनिन्छ । खेती बेतीमा साना-साना पोखरीहरू छन् । बिच बिचमा ढिस्काहरू पनि देखिन्छन् । पोखरीहरूमा उम्रिएको घाँसले धानको छनक दिने हुनाले त्यस ठाउँ खेतीबेती भनिएको हो ।

### २.१०.२ बडी मालिका

यो बाजुरा जिल्लाको प्रख्यात धार्मिक स्थल हो । समुन्द्रि सतह देखि १४,००० फिटको उचाइमा रहेको मालिकालाई नै यसको खास उचाइ मानिएको छ । त्यहाँ मालिका भगवती निवास गर्ने हुदा त्यसलाई मालिका लेक  पनि भनिन्छ भनी पूर्ण बहादुर शाहले लेखेका छन् ।

सत्यदेवीको अङ्गपतनबाट उत्पन्न १०८ पीठहरूमध्येको एक पीठको रूपमा मालिकालाई लिने गरिन्छ । स्वस्थानीमा उल्लेख भए अनुसार सत्यदेवीको बाहु कुम

[११] जि.शि.का. बाजुराको शैक्षिक तथ्यांक २०५६/०५७।

पतन हुँदा मल्लागिरि पीठ मालिका देवी उत्पत्ति भइन् ।[१२] यसरी सत्यदेवीको अङ्ग पतनबाट पीठको उत्पत्ति भएकाले त्यस ठाउँमा मन्दिर बनाई पूजा गर्ने परम्परा बसेको हो । पौराणिक कालमा त्यस ठाउँको नाम मल्लागिरि र पछि त्यसैबाट मालिका नामकरण हुन गएको हो भन्ने भनाइ छ । त्यसै विषयमा गोपाल प्रसाद श्रेष्ठ लेख्छन्- मालिकाको दर्शन गर्न इच्छुक भएका तर परिस्थितिले भेट्न नसकेकाहरूले अन्य ठाउँमा पनि मन्दिर बनाई मालिकाको सम्झना गर्दै पूजा गर्नाका साथै मालिकाको शक्ति उच्च मानेका हुनाले मालिकालाई बडीमालिका भनिएको हो ।[१३]

मालिकामा दसहरा र श्रावण शुक्ल चतुर्दशीका दिनमा पूजा गरिन्छ । यहाँ एक वर्षमा दुई पटक पूजा गरिने भए तापनि श्रावण शुक्ल चतुर्दशीमा भने हजारौं संख्यामा भक्तजनहरू मालिका पुग्दछन् । मालिका देवीको दर्शन गर्नाले मनले चिताएको इच्छा पुरा हुन्छ भन्ने जन विश्वास रहेकाले बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, बैतडी, दार्चुला, कैलाली, कञ्चनपुर, दैलेख, सुर्खेत, कालीकोट, जुम्ला, हुम्ला, मुगु आदि जिल्लाका साथै भारतका विभिन्न ठाउँबाट र अन्य राष्ट्रहरूबाट पनि मानिसहरू त्यस ठाउँमा पुगेका हुन्छन् ।

**२.१०.३ नाटेश्वरी**

यो बाजुरा जिल्लाको कैलाशमाण्डौ गा. वि. स. को करिब ६००० फिटको उचाइमा रहेको छ ।[१४] यस ठाउँमा घना जङ्गलका बिचमा एउटा सुन्दर चौर छ र त्यही चौरमा नाटेश्वरी देवीको मन्दिर बनाइएको छ । यहाँको कथ्य भाषामा नाटेश्वरीलाई नाचन्थली भन्ने गरिन्छ । यसको नाम नाचन्थली रहनुमा एउटा जनश्रुति प्रचलित छ - परापूर्वकालमा घना जङ्गलको बिचमा एउटा सुन्दर चौरदेखि देवी रमाएर त्यस ठाउँमा नाचगान गर्न थालिन् । पछि उक्त ठाउँलाई देवीको नाच्ने थली भनिन थालियो । कालान्तरमा त्यही नाच्ने थलीबाट नाचन्थली नामकरण हुन गएको हो ।

---

[१२] पूर्ण बहादुर शाह, **हिमाली उपखण्ड मालिका** (नेपाल गञ्ज गायत्री प्रिन्टिङ प्रेस २०५६) पृ. १५ ।

[१३] पूर्ण बहादुर शाहः पूर्ववत् पृ.१ ।

[१४] बुद्धिसागर पराजुली, **श्री स्वस्थानी व्रत -कथा,** पाँ. सं. (काठ्माण्डौं : २०५१), पृ. १६० ।

नाटेश्वरी देवीको मन्दिरमा बडा दसैं, चैते दसैं, जेठ पूर्णिमा, जनै पूर्णिमा जस्ता मुख्य मुख्य दिनहरूमा पूजा हुन्छ । मन्दिरको चारैतिर भएका ठुला ठुला घण्टाहरूले अझ त्यसको शोभा बढाएका छन् । पूजाको दिनमा घण्टा बजाउदा बन नै गुञ्जायमा हुने गर्छ । त्यस मन्दिरमा बोकाको बलि दिइने भएकाले मन्दिरको उत्तर-पूर्वतिर वधशाला बनाइएको छ । नाटेश्वरी देवीको दर्शन गर्नाले मनले चिताएको कुरा पुरा हुन्छ भन्ने विश्वासका आधारमा भक्तजनहरू त्यस मन्दिरमा पूजा गर्न पुगेका हुन्छन् ।

### २.१०.४ बुढिनन्दा

कोल्टी गा.वि.स. मा पर्ने बूढीनन्दा देवीको मन्दिर लगभग १६०२५ फिटको उचाइमा रहेको छ । त्यहाँ पूजा गर्न जाँदा उकालो चढ्नु पर्ने र कुर्कुरे ढुङ्गाहरू टेक्दै जानु पर्ने हुन्छ । त्यस ठाउँमा पुग्दा बाटामा बासुधारा, लौरी विनायक, छाप्रेको लेख जस्ता ठाउँहरू पर्दछन् भने सुनलिस्नु नामको उकालो पनि चढ्नु पर्ने हुन्छ । बुढीनन्दा देवीको दर्शन गर्नाले मनोकामना पुरा हुने जन विश्वास रहेकाले विभिन्न ठाउँबाट मानिसहरू त्यहाँ पुग्दछन् ।

### २.१०.५. खप्तड

समुद्री सतहदेखि करिब ११०५० फिटको उचाइमा रहेको खप्तडले डोटी, बझाङ, अछाम र बाजुरालाई छाएको छ । त्यहाँ विभिन्न किसिमका जडीबुटीका साथै थरी थरीका फुलहरू पनि पाइन्छन् । विक्रम कुँवरका अनुसार खप्तड एक पर्यटन केन्द्र बनाउन सक्तछ ।[१५] खप्तड दह, खापरमाण्डु, बल्देजुरो, सहस्र लिङ्ग त्रिवेणी विभिन्न वन्यजन्तुहरू आदिले खप्तडको मह□व वृद्धिमा मद्दत पुऱ्याएका छन् ।

यहाँ उल्लेख गरिएका ठाउँ एवम् देवस्थलहरू बाहेक अन्य कतिपय दर्शनीय ठाउँ र देवी देवताका मन्दिर यस जिल्लामा रहेका छन् । ती सबै धार्मिक तथा प्राकृतिक मह□वका ठाउँहरूले बाजुरा जिल्लाको आफ्नै प्रकारको अस्तित्वको पहिचान गराएका छन् ।

[१५] गोपालप्रसाद श्रेष्ठ, श्री बडीमालिका महीमा, मालिका (वर्षः ६ अङ्क : ६ कैलाली २०५६), पृ.१ ।

## २.११ भाषा

क्षेत्रफल र जन घनत्वका हिसाबले अपेक्षाकृत सानो मानिएको बाजुरा जिल्ला विभिन्न भाषा भाषीहरूको साझा घर बन्न पुगेको छ । यहाँको कुल जनसङ्ख्या मध्ये नेपाली भाषालाई आफ्नो मातृभाषाको रूपमा प्रयोग गर्नेहरूको संख्या सबै भन्दा बढि अर्थात् ९०६८१ (९८.५५ प्रतिशत) रहेको छ । भोटे र शेर्पा भाषीहरू ४४२ (०.४८ प्रतिशत) छन् । तामाङ भाषीहरूको सङ्ख्या ४०४ (०.४३ प्रतिशत) रहेको देखिन्छ भने गुरुङ भाषीहरू २९ (०.०३२ प्रतिशत) मात्र छन् । त्यसरी नै अन्य स्थानीय भाषा बोल्नेहरूको संख्या ९३ रहेको छ । २८ जि. वि. स. को उक्त प्रतिवेदनमा स्थानीय भाषा भनेर कुन भाषालाई भनिएको हो, त्यो भने खुल्न सकेको छैन ।

यहाँ नेपाली भाषा परिवारको ओरपच्छिमा वर्गको भाषिका प्रयोग गर्नेहरू नै बढी छन् । त्यस भाषिका अन्तर्गत बाजुरेली उपभाषिका रहेको छ जुन उपभाषिका कथ्य भाषाका रूपमा प्रचलित छ । भाषाशास्त्री बालकृष्ण पोखेलले बाजुरा जिल्लामा बोलिने भाषिकालाई ओरपच्छिमा वर्गमा राखेका छन् । उनी ओरपच्छिमा वर्गका भाषिकाहरू अछामी बझाङी र बाजुरेली गरी तिन खण्डमा विभाजन गर्दछन् ।[१६] यसरी नै उपभाषिकाको चिनारी दिँदै जीवेन्द्र देव गिरी लेख्छन्, 'भाषिकाका उपभेदलाई उपभाषिका भनिन्छ ।'[१७] यस भनाइबाट बाजुरा जिल्लामा बोलिने भाषिका बाजुरेली उपभाषिका हो भन्नमा सहयोग मिल्दछ ।

बाजुरेली उपभाषिकाका केही शब्दहरू र तिनका स्तरीय नेपाली रूप निम्नानुसार छ -

| बाजुराली उपभाषिकाका शब्दहरू | स्तरीय नेपाली रूप |
|---|---|
| बड | बहर |
| झानु | जानु |
| झाउ | जाउ |
| खाया | खानु भयो |

[१६] विक्रम कुँवर, "खप्तड क्षेत्र पर्यटन विकासको सम्भावना", **मालिका** (वर्ष: ६ अङ्क : ६ कैलाली २०५६), पृ.१६ ।

[१७] जिल्ला विकास समिति बाजुरा, **अद्यावधिक प्रतिवेदन**, २०५६ ।

| | |
|---|---|
| खड्याउनु | गाड्नु |
| बाटि | बाट |
| आन | ल्याउ |
| हिँट | हिँड |
| लोट्नु | लड्नु |
| तोड्नु | छोप्नु |
| धेक्नु | देख्नु |
| मुसार्नु | छाम्नु |
| होइ | बाट |
| डक्कै | सबै |
| उथा | अनि |
| छिया | थिए |
| माइस | मान्छे |
| गडो | गरो |
| गेल | केटाकेटी |
| बड्डाबड्डी | बुढाबुढी |
| तन्याडी | तन्नेरी |
| हामे | हामी |
| तँमे | तिमी |
| हप्प | माथि |
| गया | गए |

बहुचनमा हरूको प्रयोग नभई केवल नासिक्य ध्वनिबाट पहिचान गर्नु पर्ने हुन्छ । जस्तै 'ऊँ' (उनीहरू), तीँ (तिनीहरू) आदि । त्यसरी नै ज्यादै कम

भन्नु पर्दा 'नीप' को प्रयोग हुन्छ भने कतै भाषिक विपर्यास पनि हुने गर्दछ । यस जिल्लाका डोगडी, गुदुखाती, आटिचौर, दहकोट, मानाकोट, आदि गा.वि.स. हरूमा भाषिक विपर्यास पाइन्छ । थोर्तो (थोत्रो), एल्को (एक्लो), कुर्कले (कुकुरले) आदि शबदहरू यसका उदाहरण हुन् ।

यहाँ ओरपच्छिमा वर्गको भाषिकाको बाहुल्य एकातिर छ भने अर्कातिर जुकोट, वाई, साप्पाटा आदि गा.वि.स. हरूमा असीदराली उपभाषिकाको प्रभाव रहेको पाइन्छ । त्यस उपभाषिकाका केही शब्दहरू हुन् - अम्तो (धेरै), कैथुरो (कस्तुरी), मान्ठ (मान्छे), धेऊ (देख्यौ) आदि त्यस बाहेक भोटे, शेर्पा, गुरूङ जस्ता भाषा बोल्नेहरू पनि भेटिन्छन् । भोटे भाषामा केही शव्दहरू यस्ता छन् - ह्योपा-भात, ख्योराङ-तिमी, मार्पो-रातो, सोह-खानु आदि । यस जिल्लामा विभिन्न भाषा-भाषिका बोल्ने मानिसहरू बसोबास गर्ने भए तापनि नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्ने हरूको संख्या नै अधिक छ । यहाँ माझाली वा केन्द्रीय भाषिकाको पनि प्रभाव रहेको छ तर ओरपश्चिमा वर्गका भाषिका बोल्नेहरू बढी रहेका छन् जसको उदाहरण माथि नै प्रस्तुत गरि सकिएको छ ।

## २.१२ बाजुरा जिल्लामा लोक साहित्यको स्थिति

बाजुरा जिल्लामा लोक साहित्यका विविध सामग्रीहरू पाइन्छन् । ती अहिले पनि अलिखित अवस्थामा रहेका छन् । विभिन्न प्रकारका लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक र लोकोक्ति यहाँका लोक साहित्यिक सामग्रीका रूपमा रहेका छन् । तिनीहरूको संक्षिप्त परिचय यस प्रकार छः-

### २.१२.१ लोकगीत

लोक साहित्यका विभिन्न विधाहरू मध्येको एक लोकप्रिय विधा लोकगीत हो । लोकगीतले लोक जीवनका भावना बोकेको हुन्छ । यसले पुरानो र नयाँ युगलाई जोड्ने काम गर्दछ । लोकगीतलाई मानव हृदयको साङगीतिक अभिव्यक्ति हो भन्नामा पनि सन्देह रहन्न । लोकगीत विभिन्न प्रकारका हुने भएकाले तिनले विभिन्न अवस्थाको प्रतितिधित्व गरेका हुन्छन् । बाजुरा जिल्लामा देउडा, न्याउल्या गीत, पर्वगीत, मागल

(फाग), ॠतुकालीन गीत आदि लोकगीत रूपमा रहेका छन् । तिनको विस्तृत जानकारी चौथो अध्यायमा लोकगीतको वर्गीकरणमा प्रस्तुत गरिएको छ

### २.१२.२ लोक नाटक

लोक नाटक लोकजीवनसँग सम्बद्ध हुन्छ । नृत्य, वाद्य र गीत सहितको र गाउँघरका चोक डबली तथा विशेष समय र अवस्था देखाइने नाचगानलाई लोक नाटक भनिन्छ । वास्तवमा लोक नाटकले सन्देशात्मक हाँस्यव्यङ्ग्यात्मक भाव लाई संवादका माध्यमबाट कथानकका रूपमा प्रस्तुत गर्दछ । देशका अन्य भागमा झैं यस जिल्लामा पनि केही लोक नाटकहरू प्रचलित छन् । जोगी र माता गाँडागाडीँ यसका उदाहरण हुन् भने भक्कु नाचमा पनि लोक नाटकका केही विशेषताहरू पाइन्छन् ।

### २.१२.३ लोक गाथा

परम्परादेखि लोकमा मौखिक रूपले चल्दै आएको गेय विधाको एक रूप लोक गाथा हो । यसमा नृत्य र कथानक हुन्छ । यसलाई शम्भु प्रसाद कोईरालाले आख्यानमा बाँधिएको रचनाकार अज्ञात रही मैाखिक परम्परामा चलेको लोक संस्कृतिको संवाहक बनेको प्राचीन वा समसामयिक घटनाको प्रस्तुतीकरण भएको सानो वा ठुलो आकार प्रकारको लयबद्ध गीति रचना हो भनेका छन् ।[१८]

लोकगाथाले मह□वपूर्ण राष्ट्रिय गौरवको प्रस्तुति तथा वीर चरित्रको चित्रण गर्दछ । यहाँ देवगाथा, वीरगाथा, सामाजिक गाथा आदि विभिन्न किसिमका लोकगाथाहरू पाइन्छन् । भोट्या सवाई, गाइनेका कर्खाहरू, झ्ोडाहरू आदि यस जिल्लामा पाइने लोकगाथाका उदाहरण हुन् ।

### २.१२.४ लोककथा

लोककथा पनि लोक साहित्यको एक अर्को मह□वपूर्ण बिधा हो । समाजको चालचलन, रीतिरिबाज, सांस्कृतिक मान्यता, आर्थिक अवस्था आदिको प्रतीकात्मक रूप

---

[१८] शम्भूप्रसाद कोइराला, **लोकसाहित्य सिद्धान्त र विश्लेषण,** (विराटनगर : २०५०), पृ.७६ ।

लोककथा हो । लोक जीवनको धर्म, संस्कृति, आचार विचार, जादु टुना आदि कुराहरू लोककथामा प्रतिबिम्बित भएका हुन्छन् ।

फुर्सदको समयमा भनिने लोककथाहरूले लोक जीवनको मन सजिलैसँग जित्न सकेका हुन्छन् । लोककथामा रचनाकारको उल्लेख हुँदैन अर्थात् रचनाकार अज्ञात हुन्छ । यसमा रहस्य, रोमाञ्च जस्ता अलौकिक त□वको प्रधानताका साथै सुख, दुःख, संयोग, वियोग र उत्सुकताको भाव प्रशस्त मात्रामा भेटिन्छ । ती लोककथाहरूबाट एकातिर मनोरञ्जनमा मद्दत पुगेको हुन्छ भने अर्कातिर ज्ञान आर्जनमा पनि त्यत्तिकै सहयोग भएको हुन्छ । लोककथाका पात्रहरूले देश, काल र परिस्थितिको यथार्थ चित्र कोरेका हुन्छन् ।

लोककथाले ऐतिहासिक तथ्य पनि समेट्ने हुनाले ऐतिहासिक ध्रुवसत्यलाई निर्भीकता पूर्वजीवन दान दिँदै आएका हुन्छन् ।[१९] लोक कथाका पात्रहरू ऐतिहासिक पृष्ठभूमिमा जन्मे हुर्केका हुन्छन् । तसर्थ त्यस्ता पात्र भएका लोककथाहरूले ऐतिहासिक विषयवस्तुलाई समेटेको हुन्छ ।

यस जिल्लामा पनि विभिन्न विषयवस्तुहरूलाई समेट्ने किसिमका लोक कथाहरू प्रचलित छन् । सिलङ्गा डालीको कथा, मधु मालतीको कथा, सात भाउजूको कथा, सौतेनी आमाको कथा, स्याल र सासूको कथा, लाउन्या मुल्यायाको कथा आदि यहाँका प्रमुख लोककथाहरू हुन् । यी लोककथाहरूबाट ऐतिहासिक, पौराणिक र सामाजिक विषय वस्तु पाउन सकिन्छ ।

### २.१२.५ लोकोक्ति

लोकोक्तिलाई गाउँखाने कथा, उखान र टुक्काहरूमा विभाजन गरेर हेर्न सकिन्छ ।

#### २.१२.५.१ गाउँखाने कथा

यस जिल्लामा गाउँखाने कथालाई बातै भनिन्छ । दिउँसो बातै भनेमा अन्धो भइन्छ भन्ने जनविश्वासका आधारमा राति मात्र बातै भन्नु पर्ने हुन्छ । बातैमा

[१९] पूर्ण प्रकाश नेपाल 'यात्री', **सेतीका तारा**, (विराटनगरः हिमाली सौगात प्रकाशन, २०३४) पृ. ८८ ।

प्रश्न सोध्ने र उत्तर लिने जस्तो काम गरिने हुनाले प्रश्नको उत्तर दिन नसकेमा कुनै गाउँ दिनु पर्ने हुन्छ र प्रश्न कर्ताबाट उत्तर दिनु पर्दछ । यसले समय बिताउन, मनोरञ्जन गर्न, बुद्धि परीक्षण गर्न र मस्तिष्क तीक्ष्ण गर्नमा मद्दत पुर्‍याएको हुन्छ । यहाँ प्रचलित केही बातै (गाउँ खाने कथा) यस प्रकार छन् । -

एक सिँगया गाई, ड्याँड्याँ खेलाई - क्या हो ?

जीताडो (जाँतो)

नान्नानी छोट्टी, पेटभरी लाउँन -क्या हो ?

खुर्सानी

नान्नानु रूख, चड्नाको दुःख -क्या हो ?

सैनु (सिस्नु)

विहानै उठ्छ, आमा छोरीलाई ढोग्छ - क्या हो ?

कहँडी (लोटा)

तल नदी नदी माथि बाटो - क्या हो ?

साँगु (पुल)

लेक धुँवाकुडी, औल गुडीगुडी - क्या हो ?

हुक्का

### २.१२.५.२ टुक्का

शब्दार्थलाई छाडेर विशेष अर्थ प्रदान गर्ने उखान झै टुक्का पनि एक लोकसाहित्यिक विधा हो । टुक्कालाई कतै टुक्का, कतै वाक्पद्धति, कतै बाग्धारा भनेको पाइन्छ भने अंग्रेजीमा 'ईडियम' शव्दको प्रयोग भएको पाइन्छ । टुक्काले भाषालाई रसिलो र रमणीय बनाउनमा मद्दत पुर्‍याएको हुन्छ ।

बाजुरा जिल्लामा टुक्को बेग्लै नाम नदीई ज्ञान (खान) कै समकक्षमा राखेको पाइन्छ यद्यपि यी दुई बिच तात्विक भिन्नता भने पाउन सकिन्छ । आकार -प्रकार

एवम् निदाउनु, राल च्वाउनु, आखाँ लाउनु, अगाडी सर्नु, गोरू मराई हुनु, पेट पोलिनु, गाडका लोडा जसो र खाई छाड्याको मालु पाल्तो जस्ता टुक्काहरू प्रचलित छन् ।

## २.१३ निष्कर्ष

बाजुरा जिल्ला सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलमा पर्ने एक बिकट पहाडी जिल्ला हो । यो पहिले बाजुरा राज्यको रूपमा रहेको र पछि नेपालमा चौध अञ्चल पचहत्तर जिल्लाहरू निर्धारण हुँदा यसले बाजुरा जिल्लाको नामले चिनिने मौका पाएको हो । यहाँ विभिन्न धार्मिक तथा सांस्कृतिक मह□वका ठाउँहरू छन् जसको अहिलेसम्म राम्ररी प्रचार हुन सकिरहेको छैन ।

विभिन्न जातजाति र भाषा भाषीहरूको साझा घरका रूपमा रहेको यो जिल्ला र यहाँका बासिन्दाहरूले विभिन्न कठिनाइहरूको सामना गर्नु परेको छ । यहाँ एक मात्र संसदीय निर्वाचन क्षेत्र रहेको छ । यस जिल्लामा हाल सम्म तीन  वटा क्याम्पस र एघार वटा उच्च मा. वि. रहेका छन् । यसका अतिरिक्त मा. वि., नि. मा. वि र प्रा. वि. गरि जम्मा २१० वटा शिक्षण संस्थाहरू यहाँ सञ्चालित छन् । यस जिल्लाको विकास निर्माणका काममा विभिन्न किसिमका गैर - सरकारी संस्थाहरू सञ्चालित छन् । त्यसरी नै केही समय सम्म ग्रामीण विकासका निम्ति सेती परियोजना सञ्चालित थियो भने हाल आधारभूत तथा प्राथमिक शिक्षा परियोजना सञ्चालित छ । यी परियोजनाबाट शिक्षा क्षेत्रमा केही सघाउ पुगेको छ । यहाँ स्वास्थ्य सेवाको स्थिति भने चिन्ताजनक नै देखिन्छ ।

मालिका जस्तो धार्मिक स्थल र विनि पाटन जस्तो दर्शनीय ठाउँ यस जिल्लामा रहेका छन् । यस जिल्लामा भएका विभिन्न नदी नाला र घना जंगल यहाँका मानिसहरूका लागि गौरवका साधन बन्न पुगेका छन् । यहाँका कृषकहरूले गाई वस्तु पाल्न घाँस-पात तथा दार-काठका साथै विभिन्न किसिमका जडीबुटीहरू निःशुल्क रूपमा जङ्गलबाट प्राप्त गर्दै आई रहेका छन् ।

यहाँको भूमि लोक साहित्यका विभिन्न विधाले भरिएको छ । त्यसरी नै आधुनिक सभ्यताबाट सामान्य किसिमले परिचित भएर पनि यहाँको जनजीवन

प्रभावित छैन । बरू आफ्नो भाषा, संस्कृति, धर्म, रहनसहन आदिलाई जोगाएर राख्नमा यो सफल देखिन्छ ।

समग्रमा भन्नु पर्दा सादा जीवन, सहयोगी भावना, इमान्दारिता, कर्मठता आदि यस जिल्लामा बसोबास गर्ने मानिसहरूका चिनारी नै हुन् । सबै धर्म, जाती, पेसा आदिका मानिसहरू कुनै पूर्वाग्रह बिना नै एक आपसमा मिली जीवन यापन गरिरहेका छन् ।

# तेस्रो परिच्छेद
# बाह्रमासे गीतको सैद्धान्तिक परिचय

## ३.१ परिचय

लोक साहित्यका विभिन्न विधाहरू छन् ती विधाहरूमध्ये लोकगीत मह□वपूर्ण विधा मानिन्छ । लोकगीतभित्रको लोकप्रिय उपविधा बाह्रमासे गीत हो । लोक साहित्यको केही चर्चा गरेपछि मात्र त्यसको विस्तृत ज्ञान गर्नु सजिलो हुने हुँदा यहाँ पहिले लोक साहित्यको बारेमा चर्चा गरिएको छ ।

'लोक' शब्दको प्रचलन प्राचीन समयदेखि विशिष्ट रूपमा रहेको देखिन्छ । ऋग्वेद, ब्राह्मण ग्रन्थ, उपनिषत्, एवम् संहिताहरूमा 'लोक 'शब्दलाई सर्वव्यापक त□वका रूपमा स्वीकार गरिएको पाइन्छ । यसरी हेर्दा 'साहित्य' मा लोक पूर्वपद लागेर लोक सहित्य शब्द बनेको छ । 'लोक' को व्युत्पत्ति केलाउदा 'लोक' दर्शन 'धातुमा' "घञ" ञ् प्रत्यय गाँसिएर यसको निर्माण भएको पाइन्छ । 'लोक' को कोश गत अर्थ हुन्छ 'संसार' शास्त्रमा उल्लिखित विभिन्न लोक, जनता वा दुनिया प्राणी देख्नेवाला दृष्टि यश आदि । लोक साहित्यका सन्दर्भमा संसार, जनता वा दुनियाँका अर्थमा नै 'लोक' शब्द चलेको छ । यसलाई आभिजात्य संस्कार, पाण्डित्यका चेतना वा अलङ्कारबाट मुक्त ठानिन्छ ।[२०] वर्तमान समयमा 'लोक एउटा परिभाषिक शब्द बनि सकेको छ । धेरैजसो विद्वान्हरू यसलाई साधारण जन समाजको अर्थमा लिन्छन् । यसभित्र जाति, वर्ग, धर्म, संस्कृति सबैलाई समेट्ने मानव सम्मिलित छन् । 'लोक' भन्नाले सामान्य जनता बुझिन्छ । यी आधुनिक सभ्यतादेखि टाढा रहन्छन् र आ□नै प्रकारको जीवन शैलीमा बाँच्दछन् । जनताको साहित्य नै लोक साहित्य हो ।[२१] लोक साहित्य आफैँमा सशक्त छ र समाजमा भाषाका माध्यमबाट एक व्यक्तिबाट व्यक्तिमा सर्दै आएको पाइन्छ । यसका साथै लोक जीवनका आस्था, विश्वास, व्यवहार, चिन्तन र अनुभूतिहरूलाई कल्पनाको आवरण दिएर

---

[२०] जीवेन्द्र देव गिरी, **लोक साहित्यको अवलोकन**, काठमाण्डौ : एकता प्रकाशन, २०५७, पृ. १९ ।

[२१] गोविन्द्र आचार्य, **राप्ती लोक साहित्य,** काठमाण्डौ : पैरवी प्रकाशन, २०६३, पृ. १ ।

रोमाञ्चक त□वको मिश्रण गरी कलात्मक रूपमा प्रस्तुत गरिने लोक समुदायद्वारा रचना गरिएको मौखिक साहित्य लोक साहित्य हो ।[२२]

यसरी लोक साहित्य परापूर्व कालदेखि चलि आएको परम्परालाई जीवन्तमा तुल्याइ समाजका विभिन्न पक्षहरूको चित्रण गर्नुमा यसको प्रमुख विशेषता मानिन्छ । लोक साहित्य मानिसको जीवनसँग गाँसिएका आस्था, विश्वास, चालचलन, सुखदुःख हाँसो रीतिरिवाजले भरिएको मौखिक इतिहास हो । लोक साहित्य लोकका साझा सिर्जनाका रूपमा हुर्कँदै आएको लोकले नै प्रदान गरिएको विशिष्ट उपलब्धिका रूपमा प्राप्त भएको साहित्य हो ।

## ३.२ लोक साहित्यका विधाका रूपमा लोकगीत

लोक साहित्य सिर्जित साहित्य वा लिखित साहित्य भन्दा भिन्न्न हुन्छ । साहित्यले सामान्यतः रागात्मक भाषामा व्यक्त गरिने जीवन जगत्का हितकारी र कलात्मक अभिव्यक्तिहरूलाई बुझाउँछ ।[२३] जीवनको दुःखसुख, हाँसोआसु र कथाव्यथाको सहज स्वाभाविक अभिव्यक्तिका रूपमा लोक साहित्यलाई लिइन्छ । मौखिक परम्परामा बाँचेर पनि जीवनका प्रत्येक क्षणमा गाड र खोलाहरूलाई नाघ्दै उकाली ओह्राली गर्दै नेपाली लोक साहित्य गतिशील छ र यसमा मार्मिक अनुभूतिहरू मुखरित भइ रहेका छन् । लोक साहित्यभित्र लोककथा, लोकगीत, लोकगाथा, लोक नाटक, उखान, टुक्का र गाउँखाने कथा आदि लोकसँग सम्बन्धित साहित्यका विभिन्न विधा पर्दछन् । यी विभिन्न विधामध्ये लोकगीत एक प्राचीन र प्रभावकारी विधाका रुपमा परिचित छ ।

### ३.२.१ लोकगीतको परिचय

'लोक र गीत' दुई वटा शब्दको मेलबाट 'लोकगीत' शब्द निर्माण भएको छ । लोक भन्नाले सामान्यतः सम्पूर्ण जनता जो आधुनिक शिक्षा र सहरी सभ्यताबाट टाढा रही आफ्नै परम्परागत प्रचलन रहेको हुन्छ त्यही जमात भन्ने बुझिन्छ । यस

---

[२२] मोतीलाल पराजुली, **लोक संस्कृति**, वर्ष ४, अङ्क १ पूर्णाङ्क ६, २०६५/६६, पृ. १ ।

[२३] जीवेन्द्र देव गिरी, **नेपाली लोक साहित्यमा जनजीवन**, काठमाडौं : एकता प्रकाशन, २०६७, पृ. ८ ।

किसिमको विशेषता भएका जनताको रचना नै लोकगीत हो ।[२४] लोकगीतमा लोक जीवनका दुःखित सङ्गीत बद्ध उद्विग्न, प्रफुल्लित, जाग्रत आदि क्षणलाई समेटेर जाति लिङ्ग व्यक्ति र समाजको भेदभाव विनाहरेक उमेर र वर्गका मानिसहरूले कुनै पनि बन्धनबाट मुक्त भएर भाव व्यक्त गर्दछन् । जुन लोक मानसको सुसेली हुन्छ ।[२५] हृदयले लोक भावना र सँङ्गीतको अनुभव गर्नु गीतको विशेषता हो ।

लोकको भावुकता, अनुभव र अनुभूति, स्वतःस्फूर्त रूपमा सांस्कृतिक परिवेश, अनुरूप समकालिक सामाजिक चेतनाको प्रस्फुटन र लयात्मक अभिव्यक्तिलाई लोकगीत भन्न सकिन्छ । लोकगीतले रोचकात्मकता, निर्वैर्यक्तिकता, तीव्रता, सरलता, मार्मिकता, रागात्मकता र विश्वव्यापकता आदि विशेषताहरू बोकेको पाइन्छ । नेपाली लोकगीतमा पनि उपर्युक्त विशेषता पाइन्छ । यसमा भाषा लयदार हुन्छ र भावना तथा सङ्गीतात्मकताको समन्वय पाइन्छ । यसै गरी लोकगीत दिनरात घामपानी र गर्मीजाडो समय चक्र जस्तै घुमि रहेका हुन्छन् । यिनै आधारबाट लोकगीतलाई प्रस्ट्याउन सकिन्छ । यसका आलोकमा उपविधाका रूपमा बाह्रमासे गीतका रूपमा लोकगीतलाई व्याख्या, विश्लेषण र वर्गीकरण गर्न सकिन्छ ।

### ३.२.२ लोकगीतका प्रकारमा पर्ने बाह्रमासे गीत

बाह्रमासे गीत लोकगीतको एउटा प्रकार हो । 'बाह्र' र 'मास' जस्ता छुट्टाछुट्टै अर्थ र प्रकृतिका दुई शब्दको योगबाट  बाह्रमासे शब्द बन्दछ ।

बाह्र मास भनेको वर्षभरीमा आउने बाह्र महिना हो । बाह्रमास शब्दमा 'ए' प्रत्यय लाग्दा (बाह्र मास ए) 'बाह्रमासे' शब्दको निर्माण हुन्छ । यसको शाब्दिक अर्थ बाह्र महिने वा सधैँ गाइने गीत हुन्छ । लोक जीवनका हृदयमा रहेका प्रेम, करूणा, आशा, निराशा, हर्ष, पीडा, आँसु, हाँसो मिलन, बिछोड आदि । जाग्रत रूपमा अनवरत तरिकाले अभिव्यक्त भई स्वयं र श्रोता पक्ष भावुक एवम् आल्हादित हुने साथै हरेक उमेर र वर्गद्वारा विना भेदभाव स्वच्छन्द रूपमा सुसेलिने यस्ता भाव लहरी बाह्रमासे

---

[२४] पूर्ववत् आचार्य पृ . ३५ ।

[२५] कृष्णप्रसाद पराजुली **नेपाली लोकगीतको आलोक,** काठमाण्डौ : वीणा प्रकाशन, २०५७, पृ. ७४ ।

गीत हुन्  जसमा ऋतु गीत र त्यसभित्र रहने कर्म अनुसारका गीत पर्दछन् ।[२६]  उनले आ□नो अध्ययन एवम् विश्लेषणका क्रममा बाह्रमासे गीतलाई बाह्रमासाका नामले पनि चिनाइएको पाइन्छ । यस्तै अन्य विद्वान्हरूले पनि बाह्रमासे गीतलाई कहीँ बाह्रमासा र कहीँ बाह्रमासेका नामले नै चिन्ने र चिनाउने गरेको पाइन्छ ।[२७] बाह्रै महिनाको वर्णन गरिएका वर्णनात्मक गीतलाई बाह्रमासे गीत भनिन्छ ।[२८] यसलाई कुनै पनि ऋतुमा एकनास प्रवाहित भइ रहेको देख्न र सुन्न सकिन्छ । बाह्रमासे एक किसिमको सदावहार वृक्ष जस्ता हुन्छन् जुन कहिल्यै पनि सुक्तैनन् । यी गीतबाट लोक जीवनले समयलाई र त्यस अनुसारका क्रियाकलापलाई कसरी हेरेको छ भन्ने थाह हुन्छ ।[२९]

## ३.३ बाह्रमासे गीतको परिभाषा

बाह्रमासे गीतको परिभाषालाई हेर्दा हालसम्मका अध्येताहरूले बाह्रमासे गीतलाई आ-आफ्नै शैलीले अर्थ्याएका छन् । ती परिभाषाहरूलाई यसरी देखाउन सकिन्छ :

- चूडामणि बन्धुका अनुसार कुनै नायिकाले नायकसँगको बियोगमा विताएका परिस्थतिको चित्रण गरी बाह्रै महिनाको वर्णन गरिएका वर्णनात्मक गीतलाई बाह्रमासे गीत हुन् (बन्धु, २०६६ : १२८) ।

- कृष्ण प्रसाद पराजुलीका अनुसार बाह्रै महिनामा गाइने भएकाले यी गीतलाई सामान्य गीत भनिएको हुन सक्छ तर सामान्य गीत र विशेष गीत भन्नु नै उपयुक्त देखिन्छ (पराजुली, २०५७ : १५२) ।

- गोविन्द आचार्यले **राप्ती लोक साहित्य**को अध्ययन गर्ने क्रममा बाह्रमासे गीतको पनि अध्ययन गरेका छन् । उनका अनुसार जुनसुकै समय ऋतु वा

---

[२६] धर्मराज थापा, **गण्डकीको सुसेली,** काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३०, पृ. ४७ ।

[२७] मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुईटेल **लोक वार्ता विज्ञान र लोक साहित्य**, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार, २६३, पृ. १०० ।

[२८] चूडामणि  बन्धु, **नेपाली लोक साहित्य**, काठमाण्डौ : एकता प्रकाशन, २०६७, पृ. १२८ ।

[२९] परजुली पूर्ववत्, २०५७, पृ. १५३ ।

अवसरमा पनि गाउन सकिने लोकगीतलाई बाह्रमासे गीत भनिएको छ । बाह्रमासा गीतमा बाह्र वटै महिनाका विशेषता वा लक्षणको वर्णन हुन्छ । कुनै गीत छ वटा महिनाका वर्णन भएका छ मासा र चार वटा महिना मात्र वर्णन रहेका चौमासा पनि हुन सक्छन् भनेर उनले उल्लेख गरेका छन् (आचार्य, २०६३ : ८६) ।

- मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेलको लोक वार्ता विज्ञान र लोक साहित्यमा बाह्रमासे गीतलाई चिनाएको पाइन्छ । उनका अनुसार लोक साहित्यका सन्दर्भमा सदाकालीन वा बाह्रै महिना गाइने जुनसुकै गीतलाई बाह्रमासे गीत भनिन्छ (२०६३ : १००) ।

- धर्मराज थापाले **गण्डकीको सुसेली**मा कर्मगीतलाई किसानसँग जोडेका छन् भने ऋतु गीतलाई वर्षभरि आउने ऋतुकालीन गीतसँग जोडदै सालैज्यो, साउने, भदौरे आदि गीतलाई बाह्रमासे गीत हुन् भनेका छन् (२०३० : ६३) ।

- सत्य मोहन जोशीले 'लोक साहित्यका झल्का' भन्ने **प्रगतिमा** जहिले पनि गाउन सकिने गीतलाई बाह्रमासे गीत भनेका छन् । २०१२ (वर्ष ३ अङ्क २ पूर्णाङ्क १४ : १४५-१८७)

- दयाराम श्रेष्ठ **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा** भन्ने पुस्तकमा लोक गीतको वर्गीकरण गर्दा बाह्रमासे गीतलाई क्रियागीतका रूपमा चिनाएका छन् (२०३८ : १६)

## ३.४ बाह्रमासे गीतका विशेषताहरू

बाह्रमासे गीतको सूक्ष्म अध्ययन गर्दै जाने हो भने यसका आफ्नै मौलिक विशेषताहरू भेटिन्छन् । कतिपय कुराहरूमा लोकगीतका अन्य विधासँग समान जस्ता देखिने नेपाली बाह्रमासे गीतहरू नेपालकै सांस्कृतिक धरोहरका रूपमा हाम्रो ग्रामीण लोक जीवनको ढुकढुकी बनेका छन् । केही निजी र केही साझा रूप र गुणलाई अँगालेको नेपाली लोक जीवनका मन मस्तिष्कलाई बिझाउने यस्ता बाह्रमासे गीतका विशेषतालाई निम्न लिखित रूपमा उल्लेख गर्न सकिन्छ ।

**(क) सदाबहार**

बाह्रमासे गीत गाउन देश, काल र अवस्थाको कुनै बन्धन वा सिमा हुँदैन । नेपाली समाजका सबै जात लिङ्ग उमेर र वर्गले आफ्नो जिब्रोमा जुनसुकै क्षणमा पनि बाह्रमासे गीतलाई गुनगुनाउने गर्दछन् । गहिरिएर अध्ययन गर्ने हो भने बाह्रमासे गीतमा हाम्रा जीवनका सम्पूर्ण पक्षको चित्रण अति सजीव र दार्शनिक ढङ्गबाट गरिएको हुन्छ तर यसमा प्रस्तुतीकरणको जुन सरलता हुन्छ त्यसले गर्दा बाह्रमासे गीत सुन्ने कसैले पनि त्यसमा रहेको बौद्धिकतातर्फ ध्यान दिँदैनन् र हर्दिकताले नै त्यसलाई अघि बढाई रहेको महसुस गर्न पुग्छ । त्यसैले हामी निर्धक्क भनिदिन्छौँ । बाह्रमासे गीतको सम्बन्ध बुद्धिसँग होइन हृदयसँग हुन्छ ।

**(ख) चक्रीयता**

बाह्रमासे गीतको सदाबहारपछिको दोस्रो विशेषता चक्रीयता हो । समयको चक्रमा जसरी हरेक ऋतु, पर्व, कर्म आदि फेरि रहन्छन् त्यसरी नै बाह्रमासे गीतले पनि चक्रहरूमा आधारित भएर लोक जीवनका कयौँ अनुभव र अनुभूतिलाई टिपेर अघि बढ्छ । समयको परिवर्तन सँगसँगै मानवीय भावना पनि परिवर्तन हुन सक्ने भएकोले मानिसले त्यही समय वा ऋतुमा आधारित भएर आफ्ना कौतूहल पोख्दछ । तिनमा ऋतुचक्रमा गरिने कर्मका आधारमा आधारित भएर आफ्ना अनुभव एवम् अनुभूति बाह्रमासे गीत मार्फत पोखिन्छ ।

**(ग) स्थानीयपन एवम् मौलिकता**

बाह्रमासे गीतले स्थानीयपन तथा त्यहाँको मौलिकतालई झल्काउने हुँदा एक ठाउँमा गाइने बाह्रमासे गीत अर्को ठाउँमा त्यही भए पनि फरक जस्तो लाग्छ । यो बाह्रमासे गीतको तेस्रो मुख्य विशेषता हो ।

**(घ) व्यापकता**

क्षेत्रीय तथा सामाजिक लगायत अनेक विविधताका कारण नेपाली लोक जीवनमा गाइने बाह्रमासे गीतमा केही भिन्नता पाइए तापनि ती क्षेत्र तथा समाजमा

बस्ने सबै जातजाति लिङ्ग, उमेर र वर्गका मानिसहरूले थकाइ मेटाउन होस् वा मन बहलाउन होस् सधैं बाह्रमासे गीतको सहारा लिएका हुन्छन् । त्यसैले समाजमा व्यापक रुपमा फैलिएका छन् ।

**(ङ) रागात्मकता**

लोकगीतका अन्य विधामध्ये अत्यन्त लोकप्रिय बन्न पुगेको बाह्रमासे गीतलाई लयात्मकता एवम् रागात्मक विना कल्पना गर्न सकिदैन । लोकगीतका अन्य विधाका तुलनामा बाह्रमासेमा रागात्मकता बढी पाइन्छ । त्यसैले बाह्रमासे गीत श्रुति मधुर र सम्भन सकिने हुन्छन् । मानव हृदयलाई बाह्रमासे गीतले अत्यन्तै छिटो छुन्छ । यसमा पूर्व योजनाविना नै लोक चेतनाबाट स्वःस्फूर्त रूपमा छन्द, अलङ्कार, वक्रोक्ति आदिको समावेश भएको पाइन्छ । त्यसैले बाह्रमासे गीतको प्रमुख विशेषता त्यसमा पाइने रागात्मकता एक हो ।

**(च) स्वच्छन्दता**

लोकगीतका अन्य विधाहरूमा भन्दा बाह्रमासे गीत लोक जीवनको हार्दिक अभिव्यक्ति हो । यो कुनै निर्धारित नियम एवम् शास्त्रीय विधानका अनुशासनमा नबाँधिई लोक जीवन आफ्नै पहिल्याएको गीत र लयमा प्रभावित भइ रहेको हुन्छ । लोक सर्जकहरूका अनुभूतिमा निःसृत हुने भएकाले नै बाह्रमासे गीतका लय पनि लोक जीवनमा प्रचलित भै राखेको र निखरा हुन्छन् । यिनै विविध कारणले बाह्रमासे गीतको अभिव्यक्ति स्वच्छन्द हुन्छ ।

**(छ) सरलता**

बाह्रमासे गीतका मुख्य विशेषताहरूमध्ये सरलता पनि एक हो । बाह्रमासे गीत कुनै निश्चित व्यक्तिद्वारा रचना गरिएका भए पनि त्यसमा सम्पूर्ण समाजका हरेक मानिसको सुखदुःख प्रतिबिम्बित हुने हुँदा यसमा रचनाकारभन्दा त्यस गीतको मह□व बढी हुन्छ । सुख दुःख लाई अत्यन्त सजीव र भावुक ढङ्गबाट प्रस्तुत गरिने यस्ता बाह्रमासे गीतहरूमा मार्मिकता नै मार्मिकता भरिएको हुन्छ । बाह्रमासे गीत श्रुतिमधुर र सम्भन सकिने भएका कारण नै यसलाई कुनै गाह्रो महसुस नगरी सजिलै कण्ठ

पार्न तथा गाउन सकिन्छ । त्यसैले लिखित साहित्यमा झैं क्लिष्टता नभई सरल र सहज हुनु बाह्रमासे गीतको विशेषता हो ।

**(ज) पुनरावृत्ति**

बाह्रमासे गीतमा विभिन्न शब्द वा पुरै वाक्यको पनि पुनरावृत्ति भएको हुन्छ । यस्ता पुनरावृत्तिले कतै बाह्रमासे गीतलाई लयात्मक र आकर्षक बनाएको हुन्छ त कतै कुनै कुरामा जोड दिइएको हुन्छ । एउटै कुरा दुई वा धेरै पटक पुनरावृत्ति हुँदा पनि भन्ने वा सुन्ने कसैलाई झर्को नलागी झन त्यस गीतलाई सुनिरहू जस्तो बनाइ दिन्छ । त्यस्तै बाह्रमासे गीत विभिन्न भेग वा भाकामा फरक–फरक रुपमा प्रयोग हुन्छ । एउटै गीतलाई भिन्न–भिन्न थेगो तथा भाकामा गाउँदा फरक महसुस हुनुले बाह्रमासे गीतमा पुनरावृत्तिको महत्वपूर्ण भूमिका हुन्छ ।

**(झ) प्राकृतिकता**

बाह्रमासे गीत प्राकृतिक हुने भएकाले यो लिखित साहित्यका जस्तो कृत्रिम आडम्बरबाट कोसौं टाढा रहेको हुन्छ । यसरी हेर्दा लिखित साहित्य नर्सरीमा बिना परिश्रम फुलेको वेमौसमी फुल हो भने लोक साहित्य एवम् त्यसभित्र रहेको बाह्रमासे गीत हाम्रा हरिया डाँडाभरि स्वस्फूर्त रूपमा कुनै कृत्रिमताविना फूल्ने सुन्दर लाली गुँरास हो ।

**(ञ) अज्ञात रचयिता**

सिङ्गै लोकगीतमा रहेको यो विशेषता बाह्रमासे गीतमा पनि पाइन्छ । बाह्रमासे गीत व्यक्तिद्वारा नै रचित भईकन पनि रचनाकार अज्ञात रहने र मौखिक परम्परामा नै हुर्कदैं र सुरक्षित हुँदै आएको हुन्छ । यस्ता रचनाहरूलाई अरूको नठानी प्रत्येकले आफ्नै जस्ता ठाने अत्यन्तै प्रेम र श्रद्धाका साथ गाइने हुँदा बाह्रमासे गीतलाई वेद झैं आपैरूषेय भन्ने गरिन्छ ।

## ३.५ बाह्रमासे गीतको वर्गीकरण

लोक साहित्यका लोकगीत एवम् त्यसका अन्य विधाहरू झैं बाह्रमासे गीतको क्षेत्र पनि व्यापक छ । त्यसैले पनि यसको वर्गीकरण गर्न खोज्नु त्यति सहज छैन ।

लोकगीतको अध्ययन तथा अनुसन्धान गर्ने प्रत्येक विद्वान्ले आ-आफ्नो दृष्टिकोण अनुसार यसको वर्गीकरण गरेको पाइन्छ । लोकगीतमा नै बहुरूपता हुनुले त्यस्तो अवस्था आउनुलाई स्वाभाविक मान्नु पर्छ । विद्वान्हरूका उक्त वर्गीकरणमा पाइने विविधताका बाबजुद पनि उनीहरूले बाह्रमासे गीतलाई चिनाउन खोजेका सबै किसिमका पक्ष एवम् आधारलाई विस्तृत अध्ययन गरी त्यसैका निचोडका आधारमा यहाँ बाह्रमासे गीतको वर्गीकरण गरिएको छ ।

**(क) प्रयोगका आधारमा**

बाह्रमासे गीत खास गरी कुन-कुन अवसरमा प्रयोग हुन्छ वा गाइन्छ भन्ने कुरालाई आधार मानेर यसलाई श्रमसम्बन्धी गीत पर्व वा ऋतुसम्वन्धी गीत आदिमा वर्गीकरण गर्न सकिन्छ ।

**(ख) प्रस्तुतीकरणका आधारमा**

लोकगीतमा झैं बाह्रमासे गीतको पनि आफ्नै प्रकारको प्रस्तुति पाइन्छ । यसै प्रस्तुतीकरणलाई आधार मानेर बाह्रमासे गीतलाई शुद्ध गायन, नृत्य गायन र वाद्यनृत्य गायन गरी तिन भागमा वर्गीकरण गर्न सकिन्छ ।

**(ग) स्वरूपका आधारमा**

बाह्रमासे गीतको स्वरूपलाई हेर्दा बाह्रमासे गीतका विभिन्न स्वरूपहरू पाइन्छन् । यसभित्र लघु र लघुतम आकारका गीत पर्दछन् ।

**(घ) गायनका आधारमा**

प्रत्येक लोकगीतको झैं बाह्रमासे गीतको पनि आफ्नै प्रकृति छ । यही प्रकृतिका आधारमा यो गाइन्छ । कुनै गीत एक जनाले मात्र गाइन्छ भने कुनै समूहमा मिलेर गाउन पर्ने हुन्छ । यस आधारमा बाह्रमासे गीतलाई एकल र समूह गायन गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

**(ङ) रस प्रधानताका आधारमा**

लोकगीतका अन्य विधाहरूमा झैं बाह्रमासे गीतमा पनि विभिन्न रसहरूको प्रयोग भएको पाइन्छ । त्यसैले बाह्रमासे गीतलाई रस प्रधानताका आधारमा करुण, हास्य, वीर, शान्त, श्रृङ्गार आदि रसप्रधान बाह्रमासे गीतका रूपमा वर्गीकरण गर्न सकिन्छ ।

## ३.६ तत्त्वका आधारमा बाह्रमासे गीत

लोक गीतका विभिन्न भेदहरूमध्ये बाह्रमासे गीत पनि एक मह□वपूर्ण भेद हो । लोक सिर्जनामा आउने बाह्रमासे गीतलाई पनि त□वका आधारमा चिनाउन र केलाउन सकिन्छ । बाह्रमासे गीतका प्रमुख त□वहरूमा संरचना, भाव, उद्देश्य, भाषा र शैली रहेका छन् जुन निम्न लिखित छन् ।

**(क) संरचना**

बाह्रमासे गीत मौखिक रूपमा सृजना हुँदै बालकदेखि बुढासम्मको मुखमुखैमा उनिएर रहेको हुन्छ । यसरी बाह्रमासे गीतलाई संरचनाका दृष्टिले बाह्य र आन्तरिक दुई तहबाट हेर्न सकिन्छ । बाह्य संरचना भनेको बाह्रमासे गीतको आवरण वा पहिरन हो । यो वर्ण, शब्द तथा सुललित वाक्य र अनुच्छेद हुँदै सङ्कथन सम्म पुगेको हुन्छ ।[30] आन्तरिक संरचना चाहिँ वस्तुको सिलसिलेवार संयोजन गरिएको सारपूर्ण टुङ्ग्याउनी हो । गीतभित्रको आन्तरिक र बाह्य प्रस्तुतिले गर्दा यसलाई शब्द चयन गरेर पङ्क्तिगत रूपमा खास खास अडान कायम गर्दै यसको समायोजन गरिन्छ । आन्तरिक संरचना केन्द्रीय कथ्य वा भावनाको शृङ्खलाबद्ध संयोजन हो । एउटा कथ्य मियोमा उनिँदै र घुम्दै अन्तमा सारभूत वस्तु वा मर्मतर्फ केन्द्रित हुने प्रवृत्ति आन्तरिक संरचनामा रहेको हुन्छ ।

**(ख) भाव**

भाव बाह्रमासे गीतको केन्द्रीय कथ्य वा आत्मा हो । कुनै घटना, परिवेश वा अन्तर्क्रियाद्वारा भावको सिर्जना हुन्छ र भावले नै बाह्रमासे गीतमा प्राण भर्छ । मानिस

[30] पराजुली, पूर्ववत, पृ. ७६ ।

कहिले सुख र कहिले दुखको अनुभूति गरिरहेको हुन्छ भने कल्पनामा पनि विचरण गर्न पुगि रहेको हुन्छ ।

बाह्रमासे गीतमा लोकको व्यवहार, विश्वास र परम्पराले विशेष अभिव्यक्ति पाएको हुन्छ । यसमा प्रस्तुत विषयले लोक सभ्यता र लोक संस्कृतिको प्रभावकारी दिग्दर्शन प्रस्तुत गरेको हुन्छ । हरेक समुदायका नारी पुरुष, शिक्षित वा अशिक्षित व्यक्तिहरूबाट सशक्त ढङ्गबाट गरिएको विस्तारलाई अनिवार्य त□वका रूपमा लिइन्छ ।

**(ग) उद्देश्य**

बाह्रै महिनामा समय र परिस्थिति अनुसार घटित घटनाहरूलाई अभिव्यक्ति गर्नु र मनोरञ्जन प्रदान गर्नु यस गीतको मुख्य उद्देश्य मानिन्छ । बाह्रमासे गीतले मुख्य गरी ऋतुकालीन वर्षचक्रलाई आधार बनाई रचित विगत र वर्तमानको स्मरण गराउनु जीवनमा घटित घटनाहरूलाई गीतका माध्यमबाट पोख्नु वा अभिव्यक्ति गर्नु र गाउँका मेलापातमा केटाकेटी र युवा बुढापाकाहरू जम्मा भएपछि मनोरञ्जन गराउनु नै यस गीतको मुख्य उद्देश्य मानिन्छ ।

**(घ) भाषा**

बाह्रमासे गीतको आफ्नै मौलिकपन हुन्छ । कुनै भाषाको भाषिका वा उपभाषिकाको प्रयोग यी गीतहरूमा पाइन्छ । त्यसैले बाह्रमासे गीतमा स्थानीयपन, भावनाकूल सरल सहज शब्दावलीको प्रयोग र भाषा अलङ्कृत तथा बढी काव्यात्मक नभई सरल ढङ्गबाट प्रस्तुत भएको पाइन्छ । यसमा अनुप्रास, रूपक, उपमा आदि अलङ्कारहरूको स्वाभाविक प्रयोग भए पनि तिनको वोझिलो र जटिल प्रयोग हुदैन । यसको भाषामा छन्दले भन्दा लय, गेयता र सङ्गीतात्मकताले प्रधानता पाउँदछ । भाषामा लाक्षणिकता र व्यञ्जनात्मकता पाइए तापनि सरलता, बोधगभ्यता र मधुरता यसका खास विशेषता मानिने हुँदा यसलाई पनि अनिवार्य त□वका रूपमा लिन सकिन्छ ।

(ङ) **शैली**

लोकगीतको अभिव्यक्ति गर्ने ढङ्गलाई शैली भनिन्छ । भाषिक एकाइको सौन्दर्यबिच समुच्च र भाषा एवम् विषयका दृष्टिबाट विचलनयुक्त रचनाकारको विशिष्ट संरचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ ।[३१] बाह्रमासे गीतमा गोलो घेरामा केटाकेटीहरूबिच वा सामूहिक रूपमा र एकल रूपमा आफ्ना मनका भावना लई पोख्नु यसको शैली मानिन्छ । खुट्टाको चाल, दायाँबायाँ, स्वरको गुन्जाइ भाका र लय नै बाह्रमासे गीतको शैली मानिन्छ ।

(च) **लय**

लय लोक गीतको प्रमुख तत्त्व मध्ये एक हो । यसले गीतमा एकखाले झङ्कार उत्पन्न गर्छ जसले गर्दा लय उत्पन्न हुन्छ । आदि, मध्य र अन्त्यमा आएका अनुप्रासले गीतमा लय सिर्जना गर्नमा मद्दत गर्दछन् । लोक गीतमा लोक लय आएको हुन्छ । लय समान वर्ण, ध्वनि, पद, पदावली, वाक्यको आवृतिबाट उत्पन्न हुन्छ । गीतमा अनुप्रासका माध्यमबाट लय उत्पन्न हुन्छ । बाजुराका बाह्रमासे गीतमा प्रायः जसो अन्त्यमा समान ध्वनि आउने थेगोको प्रयोग गरिएको पाइन्छ । यसले लय सिर्जना गरी गीतलाई मनोहारी बनाएको पाइन्छ ।

## ३.७ बाह्रमासे गीतको अध्ययन परम्परा

नेपाली साहित्यमा बाह्रमासे गीतको अध्ययन ज्यादै नगण्य रूपमा भएको पाइन्छ । मुख्य रूपमा नेपाली लोक साहित्यका विभिन्न विधाहरूमध्येकै लोकगीत अन्तर्गत पर्ने बाह्रमासे गीतको उत्पत्ति विकास र परम्परा आफ्नै खालको रहेको पाइन्छ । यसका आफ्नै किसिमका पृष्ठभूमिहरू पाइन्छन् तापनि नेपाली लोक साहित्यमा बाह्रमासे गीतको अध्ययनमा कमी नै देखिन्छ । यसलाई निम्न अनुसार प्रस्तुत गरिन्छ ।

(१) सत्यमोहन जोशी (२०१२ : १४५) ले **लोक साहित्यका केही झल्का**मा लोकगीतको वर्गीकरण गर्दा सामाजिक र सामान्य गरी जम्मा दुई भागमा विभाजन गर्ने क्रममा

[३१] खगेन्द्र प्रसाद लुइँटेल **लोकवार्ता विज्ञान र लोक साहित्य,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३, पृ. २३८ ।

ऋतुगीत र मौसमी गीत एवं चाड अनुसार गाइने गीत र जहिले पनि गाउन सकिने भनेर बाह्रमासे गीतलाई नै चिनाउन खोजेको साथै कर्म गीतको उल्लेख अन्य वर्गमा नगरेबाट कर्म गीत पनि यसै बाह्रमासे गीतभित्र राखेको हुनु पर्दछ भन्ने कुरा स्पष्ट छ ।

(२) ईश्वर बरालले, 'नेपाली जनगीतका विषयमा' **प्रगति** (वर्ष १ अङ्क, पृष्ठ ३५) मा लोकगीतलाई १८ भागमा वर्गीकरण गरेका छन् जसमा ऋतुगीत र कर्मगीतको सङ्केत कतै नपाइने हुँदा उनले उक्त गीतलाई बाह्रमासे गीतभित्र समेटेको पाइन्छ ।

(३) काजीमान कन्दङ्वा (२०२० :१३) ले **नेपाली जनसाहित्य,** मा लोकगीतको वर्गीकरण गर्ने क्रममा बाह्रमासे वाद्ययुक्त र वाद्यमुक्त हुन्छन् भनेका छन् जसलाई उनको क्रमशः सकर्मक र अकर्मक नामले चिनाएका छन् । उनले बाह्रमासे लोकगीतलाई बाह्रमास गाउन सकिने भनेर चिनाएका छन् ।

(४) धर्मराज थापा (२०३० : ४७) ले **गण्डकीको सुसेली**मा बाह्रमासे गीतलाई बाह्रमास सँग सम्बन्धित ठहऱ्याउँदै तिनमा लोक जीवनका हृदयमा रहेका प्रेम, करुणा, आशा-निराशा, हर्ष, पीडा, आँसु-हाँसो, मिलन-बिछोड आदि जाग्रत रूपमा व्यक्त भई स्वयं र श्रोता पक्ष भावुक एवं आल्हादित हुने साथै हरेक उमेर र वर्गद्वारा बिना भेदभाव स्वच्छन्द रूपमा सुसेलिने कुरा उल्लेख गरेका छन् त्यसमा ऋतुगीत र त्यसभित्र गरिने कर्म अनुसारका गीत पर्दछन् भनेर पनि उनले आफ्नो धारणा व्यक्त गरेका छन् ।

(५) दयाराम श्रेष्ठ (२०३८ : १६) ले **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा** मा लोकगीतको वर्गीकरण गर्दा बाह्रमासे गीतलाई क्रियागीतका रूपमा चिनाएको पाइन्छ । उनले कर्मगीतलाई पनि त्यसैभित्र गाँसेको पाइन्छ ।

(६) धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१ :९४) **नेपाली लोकसाहित्यको विवेचना** मा लोकगीतको वर्गीकरण गर्दा सामयिक र सामान्य गरी जम्मा दुई भागमा विभाजन

गरेको छन्” जसमा क्रमशः ऋतुगीत मौसमीगीत एवं चाडअनुसार गाइने गीत र जहिले पनि गाउन सकिने गीत पर्दछन् भनेर आफ्नो अभिमत राखेका छन् ।

(७) कृष्णप्रसाद पराजुली ( २०५७ : १५२) ले **नेपाली लोकगीतको आलोक** मा बाह्रमासे गीतको अध्ययन गर्ने क्रममा एकपछि अर्को हुँदै नयाँ ऋतु आउँछ  र समय विविध रूपमा फेरिँदै जान्छ । यस अवस्थामा कुनै गीत बाह्रै महिना गाइन्छन् भने कुनै गीत समय अनुसार ऋतु ऋतुमा गाउने गरिन्छन् । उनका अनुसार यसरी वर्षभरि आफ्ना साङ्गीतिक अभिव्यक्ति पोख्नु र भाव तथा लयमा गाइने गीत नै बाह्रमासे गीत हुन् । यिनैलाई बाह्रमासे गीत र ऋतुकालीन गीत भनिन्छ भनेका छन् ।

(८) चूडाामणि बन्धु (२०५८ : १२१) ले **नेपाली लोक साहित्य** मा कुनै खास पर्व ऋतु वा संस्थाको अवसर पर्खनु नपर्ने र बाह्रमासे मनोरञ्जनको निम्ति कथिने कविता र गाइने गीतलाई सामान्य कविता र गीत भनेका छन् । यस्ता गीत चाडपर्व मनाउँदा वा कुनै काम गर्दा गाइन्छन् भन्ने धारणा पनि उनले व्यक्त गरेका छन् ।

(९) गोविन्द आचार्य (२०६३ : ८५) ले **राप्ती लोकसाहित्य** मा जुनसुकै समय, ऋतु वा अवसरमा पनि गाउन सकिने लोकगीतलाई बाह्रमासे गीत भनिएको छ । यिनले राप्ती अञ्चलमा पाइने विभिन्न जातजातिका बाह्रमासे गीतको विश्लेषण समेत गरेका छन् ।

(१०) मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल (२०६३ : १००) ले **लोकबार्ता विज्ञान र लोक साहित्य**मा बाह्रमासा र बाह्रमासे गीत विच विभेद देखाउदै बाह्रै महिना गाइने वा सदाकालिक जुनसुकै गीतलाई बाह्रमासे गीत भनेका छन् । उनीहरुले ६ महिनाको वर्णन गरिएका छ मासे र चार महिनाको वर्णन गरिएका गीतलाई चौमासा भन्न सकिन्छ भन्ने आफ्नो धारणा राखेका छन् ।

## ३.८ निष्कर्ष

नेपाली साहित्यका विभिन्न भेदहरू मध्ये अलिखित अथवा मौखिक लोक परम्पराका विशेषताले चिनिने लोक साहित्य एक चर्चित भेद हो भने त्यसभित्रको लोकगीत लोकप्रिय विधा हो, जुन लोक जीवनको रागात्मक एक स्वतःस्फूर्त अभिव्यक्ति

तथा शास्त्रीयताधर्मी भएर पनि शास्त्रीय योजना बिना अनुग्रही जस्ता गुणले भरिभराउ छ । यसको अध्ययनको क्रममा विभिन्न विद्वान् वर्गबाट आ-आफ्नो दृष्टिकोण अगाडि सारिएको भए तापनि यसको जातीय र भाषिक आदि विविधताका कारण त्यसमा एकरूपता भने आउन सकेको पाइँदैन, तापनि ती विद्वान्हरूले लोकगीत सम्बन्धी दिएको परिभाषा सुझाव एवं उनीहरूबाट गरिएको वर्गीकरण र विश्लेषण लाई आधार मान्दा लोकगीत भित्र पनि विभिन्न उपविधाहरू देखिन्छन् । ती उपविधाहरू मध्ये बाह्रमासे गीत लोक जीवनका बाह्रमासे जिब्रोमा सदा झुन्डिएर रहने लोकप्रिय उपविधा हो । लोक साहित्यका सबै विधाका विद्वान्हरूका फरक फरक अध्ययन एवं दृष्टिकोणहरूको निचोडमा पुग्दा बाह्रमासे गीत लोक जीवनले बाह्र महिनाको समय वा ऋतु चक्रका आधारमा गाउँछन् । ती ऋतुचक्रभित्र गरिने अनेक थरी कर्मका आधारमा आधारित भएर गाइन्छन् । यस्तै बाह्रमासे गीतलाई प्रयोगका आधारमा, प्रस्तुतिका आधारमा, स्वरूपका आधारमा, गायनका आधारमा र रसका आधारमा गरी जम्मा पाँच भागमा वर्गीकरण गर्न सकिन्छ । सदावहार चक्रीयता, स्थानीयता, मौलिकता, व्यापकता, रागात्मकता, स्वच्छन्दता, सरलता, पुनरावृत्ति प्राकृतिकता र अज्ञात रचयिता जस्ता विशेषताले यी युक्त छन् । यी संरचना, भाषा, भाव, लय, उद्देश्य आदि तत्त्वले निर्मित छन् ।

# चौथो परिच्छेद

# बाजुरा जिल्लाका लोक गीतको परिप्रेक्ष्यमा बाह्रमासे गीत

## ४.१ परिचय

नेपालको सुदूर पश्चिममा पर्ने बाजुरा जिल्लाले भौगोलिक, सामाजिक र साँस्कृतिक सबै दृष्टिकोणले आफ्नो पन बचाएर राखेको छ । लोक साहित्यका विभिन्न विधाले झाँगिएको यस जिल्लामा लोकगीतको स्थान उच्च छ ।

पुरानै पुस्तादेखि प्रचलित हुँदै आएका यी लोकगीतहरू बालकका तोतेबोलीबाट बिजाधान भएर युवा अवस्थामा पल्लवित हुँदै वनजङ्गल, खोलानाला, धर्मकर्म गरिने स्थान र खेतीबारीमा घन्किएका पाइन्छन् । यहाँ प्रचलित लोकगीतले सबै प्रकारका मानवीय अनुभूतिहरूलाई बाहिर प्रकट गर्नुका साथै समाजको ऐतिहासिक, साँस्कृतिक,आर्थिक, धार्मिक परम्परा र भौगोलिक परिवेशलाई चित्रण गरेको हुन्छ ।

पुस्तौँपुस्तादेखिका मानिसका चालचलन, रीतिरिबाज, बेशभूषालाई जीवन्तता दिनुका साथै देवी देवताप्रति सद्भाव र समर्पण देखाउन, खेतीबारीमा काम गर्न हौसला बढाउनका साथै बाल बालिकालाई सामाजिक व्यवहारमा उतार्न पनि यी लोकगीतले निर्देशित गरेका हुन्छन् । त्यस्तै गरिबीका परिवेशले छुट्टिन पुगेको पतिपत्नीको प्रणयवेदना, समाजले छुट्टिन बाध्य तुल्याइएका प्रेमीप्रेमीकाको रोदन, छोराछोरीलाई जन्माउँदा आमाको अन्तःहृदयको बिलौना, दैविक आपत्तिको शोकहर्षको उमङ्ग र प्राकृतिक मनोरम दृश्यावली लगायत मानवीय जीवनमा आई पर्ने तिता मिठा सम्पूर्ण पक्षको यथार्थ चित्रण यिनै लोकगीतमा पाइन्छ ।

कुनै मेला होस् वा पर्व, असारको रोपाँइ होस् वा मङ्सीरको खेत जोताइ, विवाह व्रतबन्ध होस् वा देवी देवताको पूजा, एकान्त जङ्गल होस् वा सामूहिक भेला जहाँ भए पनि एकल वा सामूहिक रूपमा प्रसङ्ग र परिवेश सुहाउँदा लोकगीतहरू वातावरणलाई नै मादक बनाएर लोक गायकका मधुर कण्ठबाट एक स्वरमा घन्कि रहेका हुन्छन् । यस जिल्लामा प्रचलित लोकगीतहरूमा प्राचीन नेपाली भाषाका

अवशेषहरू पाइन्छन् । देवी देवताको इतिहास, जातीय संस्कार एवं संस्कृति, सामाजिक नीतिनियम, पुर्खाको वीरता र बलिदान, राष्ट्रप्रतिको प्रेम र बफादारी यिनै लोकगीतमा जीवित रहेको पाइन्छ । यस्ता विविध विषयहरूलाई समेटेर गाइने यस जिल्लाका लोकगीतहरूमध्ये कुनै गीत बाह्रै महिना गाइने, कुनै संस्कार विशेषमा मात्र गाइने र कुनै काम गर्दा हौसला बढाउन र थकाई मेटाउन गाइने गरिन्छन् । त्यस्तै कुनै गीत एकल रूपमा जहाँ गए पनि परिवेश अनुसार गाइने हुन्छन् भने कुनै सामूहिक रूपमा गाइने गीत हुन्छन् । कुनै बालकले मात्र गाउने गीत हुन्छन् भने कुनै स्त्री वा पुरुषले मात्र गाउने गीत हुन्छन् । यी विभिन्न प्रकारका गीतहरूमध्ये कुनै परम्परित छन् भने कुनै गीत परिवेश र परिस्थिति अनुसार लोक कविहरूका मस्तिष्कबाट उसै बेला सिर्जित हुने हुन्छन् । मुख्य गरेर परम्परित गीतहरूमा संस्कार गीत पर्दछन् भने उसै बेला सिर्जित हुने वा परिस्थितिजन्यमा डेउडा, बाह्रमासे तथा झ्याउरे र घाँसे लगायतका गीत प्रमुख रूपमा आउँछन् । यहाँका लोकगीतहरू गाउँदा प्रायः वाद्यवादनको आवश्यकता नपरे पनि कुनै श्रव्यदृश्यमा र कुनै श्रव्यमा मात्र गाइने गरिन्छन् । विशेषतः यहाँका लोकगीतको अध्ययनका अभावमा यिनीहरूको सैद्धान्तिक र व्यावहारिक पक्षलाई ननियालिनुले पनि यिनका बारेमा कम जानकारी छ । यहाँ गाउने गीतमा जेठे, असारेका साथै फागु तथा गौरापर्व, विसुपर्व, घाँसे पर्व, भैले पर्व, माघ पर्व आदिमा गाईने गीत पर्दछन् । एकल तथा सामूहिक सबैलाई डेउडा गीतको रूपमा नै व्यक्त गरी ती गाउँदा विभिन्न अलगअलग तौरतरिका तथा सुर, ताल र लय गरी कुन लोकगीत कुन विधाउपविधा अन्तर्गत पर्छ । त्यसको सैद्धान्तिक पुष्टि गरी सही परिचय दिनु यहाँ आवश्यक देखिन्छ ।


## ४.२ बाजुरेली लोकगीतका प्रकार

बाजुरा जिल्लामा लोकगीतले निकै फराकिलो फाँट ओगटेको छ । यहाँ विभिन्न प्रकारका लोकगीतहरू पाइन्छन् र गाइन्छन् । पुर्खाहरूका वीरतापूर्ण र बलिदानपूर्ण त्याग, समाजले अवलम्बन गर्दै आएका संस्कार, रीतिरिवाज, चालचलन, वेशभूषा, आर्थिक, शैक्षिक अवस्था, धार्मिक विश्वास, राष्ट्रप्रेम, आध्यात्मिक, भावना जस्ता ऐतिहासिक, सामाजिक र सांस्कृतिक पक्षलाई समेटेर गाइने विभिन्न प्रकारका

गोकगीतहरू भएको यस जिल्लामा तिनीहरूको संरचना, गाइने तरिका आदि कुराहरू एकै प्रकारका छैनन् । यी गीतहरूमा कुनै स्त्रीप्रधान छन् भने कुनै पुरुषप्रधान छन् । कुनै गीतहरू परम्परादेखि उस्तै रूपमा गाइदै आएका छन् भने कुनै गीतहरू परिवेश अनुसार सिर्जित छन् । कुनै गीतहरू समाजका बिचमा सामूहिक रूपमा मात्र गाइने खालका छन् भने कुनै गीतहरू निर्जन स्थानमा एक्लैले गुनगुनाएर मनको वह मेटाउन सकिने खालका पनि छन् । कुनै गीतहरू अन्तिममा अनुप्रासयुक्त हुन् भने कुनै अनुप्रासहीन पनि छन् । कुनै गीतले श्रोताको हृदय पगालेर आँसु खसाल्छन् भने कुनै गीतहरूले उमङ्गको हाँसो निकाल्दछन् । कुनै गीतहरू निश्चित समयमा मात्र गाइने किसिमका छन् भने कुनै गीतहरू बाह्रै महिना गाइने किसिमका छन् । कुनै गीतहरू सूक्ष्म आख्यानयुक्त र केही लामा छन् भने कुनै गीतहरू खेलिँदै गाइने खालका छन् त केही गीतहरू गायनमा मात्र सीमित छन् ।

यस्ता विविध संरचना, भाव, लय र गायन प्रक्रिया भएका लोकगीतहरूको प्रकार निर्धारण गर्दा कुनै एउटै मात्र पक्षलाई महत्त्व दिन सकिँदैन । अतः संरचना, भाव, लय, गायन आदि सम्पूर्ण पक्षलाई समेटेर ती लोकगीतहरूको प्रकार छुट्टाउनु उपयुक्त देखिन्छ ।

बाजुरा जिल्लामा प्रचलित विभिन्न प्रकारका लोकगीतहरूको प्रकार हेर्दा ती गीतहरूको प्रयोग पक्षमा भिन्नता पाइन्छ । यिनलाई विभिन्न दृष्टिले हेर्दा बाजुरेली लोकगीतहरू परम्परागत, धार्मिक, सांस्कृतिक आदि प्रयोजनसँग सम्बन्धित देखिन्छन् र कुनै खास परिस्थितिमा प्रयुक्त गीतहरू पनि छन् । यस आधारमा बाजुरेली लोकगीतलाई विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ । तिनलाई तल वृक्षारेखमा देखाइएको छ ।




### ४.२.१ परम्परित गीत

परम्परादेखि नै कुनै परिमार्जन र परिष्कार नभएर एक पुस्तादेखि अर्को पुस्तासम्म मुखैमुखमा जीवित रहँदै आएका लोकगीत नै परम्परित गीत हुन् । यी गीतहरूको संरचना र लय परम्परागत रूपमा जस्तो थियो आज पनि उस्तै किसिमको रहेको छ । प्राचीन समयदेखि गाइँदै आएका यी गीतहरूमा प्राचीन नेपाली भाषाका केही प्रवृत्तिहरू पनि भेटिन्छन् । मौखिक रूपमा सर्दै आएका यी गीतहरू सबैको मस्तिष्कमा नअटाउने हुनाले समाजका केही निश्चित व्यक्तिहरूले मात्र गाउन सक्छन् र अन्य व्यक्तिहरू तिनका स्वरमा स्वर मिलाइ दिने काम गर्छन् । यी गीतहरू जहाँ र जहिले पनि गाइने नभएर धर्मकर्म र पर्वमा मात्र गाइन्छन् । कुनै वीर योद्धा वा देवी देवताको सूक्ष्म आख्यान समावेश भएका यी गीतहरूमा परम्परादेखि चलि आएका विभिन्न संस्कारहरूको विधि विधान पनि समाविष्ट भएका छन् । आजका उच्छृङ्खल खालका गीतहरूभन्दा निकै स्तरीय र धेरै भिन्न रहेका यी गीतहरूले समाजमा ठुलो स्थान लिनुका साथै सामाजिक विधि व्यवहारमा पनि धेरै

मद्दत पुऱ्याएका छन् । यी गीतहरू सामूहिक रूपमा गाइने भएकाले यिनबाट एकातिर सामाजिक भावनाको विकास भएको छ भने अर्कातर्फ हिन्दु आध्यात्मिक देवी देवताको परिचय र कुनै ऐतिहासिक कुरालाई मौखिक रूपमा जीवित राखी सर्व साधारण र अपठित व्यक्तिलाई समेत तिनीहरूको बारेमा ज्ञान प्रदान गरिएको छ ।

बाजुरा जिल्लामा प्रचलित यस्ता परम्परित गीतहरूमा मागल गीत र भुवो गीत प्रमुख छन् ।

**४.२.१.१ मागल गीत**

बाजुरा जिल्लामा गाइने परम्परित गीतहरूमा मागल गीत निकै प्रचलित छन् । परम्परादेखि एक मुखबाट अर्को मुखमा सर्दै आएकाले यी गीतहरूलाई परम्परित गीत अन्तर्गत राखिएको हो । हिन्दू धर्म अनुसार कुनै पनि शुभ कार्यका प्रारम्भमा मङ्गलाचरण भएझैँ बाजुरा जिल्लामा पनि कुनै शुभ कार्यको प्रारम्भ मागल गीतहरूका साथ गरिन्छ । बालकको षष्ठी कर्म, विवाह, देवी देवताको पूजा वा कुनै यज्ञ यज्ञादि जे कार्यमा पनि यी गीतहरू गाइन्छन् । यी गीतहरू प्रत्येक देवी देवताका निम्ति र प्रत्येक संस्कारका निम्ति अलग अलग हुन्छन् । गणेश पूजन, देवी देवता पूजन, दुर्गा देवी पूजन, विवाह संस्कारका, उपनयन संस्कारका आदि अवसरमा संस्कारै पिच्छे फरक फरक गीतहरू छन् । यी गीतहरूले प्रत्येक देवी देवता र संस्कारको इतिहासलाई प्रस्ट्याउँदै अलिखित रूपमा जन समक्ष पुऱ्याइ दिएका हुन्छन् ।

बाजुरा जिल्लामा गाइने यी मागल गीतहरू केवल महिलहरुले गाउँछन् । सबैले मौखिक रूपमा कण्ठस्थ गर्न नसक्ने हुनाले गाउँका एक दुई जना आइमाईले मात्र मागल गीत गाउने गरेको पाइन्छ । एक्लैले गाउँदा स्वरमा त्यति मिठास नआउने हुँदा अन्य दुई चार स्वर मिल्नेहरूले समावेश भएर यी गीतहरू गाउँछन् । यी मागल गाउन जान्ने आइमाईहरूलाई स्थानीय भाषामा ‘मङ्ल्यारी’ भनिन्छ । कुनै व्यक्तिगत होस् वा सामूहिक होस् शुभ कार्यमा ती मङल्यारीहरूलाई अनिवार्य रूपमा बोलाइन्छ । यसरी बोलाउनुलाई स्थानीय भाषामा निम्तो गर्नु भनिन्छ । यी गीतहरूको लय एकदमै लामो र करुण भावको हुने हुँदा त्यसले वातावरणलाई भावुक बनाइ दिन्छ । यी

गीतहरूको रहस्य नबुझेका मान्छेहरु पनि लयले चाँडै आकर्षित हुन्छन् । देवी देवताको इतिहास र संस्कार विधि समेटेका यी गीतहरूमा सूक्ष्म रूपमा आख्यान पनि मिसिएको हुन्छ । आख्यान केही मात्रामा पौराणिक पुस्तकमा उल्लिखित भएको पाइन्छ । यी गीतहरूमा देवी देवताको इतिहास, केही धार्मिक बोट विरूवाहरूको इतिहास, कर्मकाण्ड विधान अनुसार वक्ता र कर्ताले पालन गर्नु पर्ने विधि विशेषका कुराहरू समावेश भएका हुन्छन् । यी गीतहरू दोहोरीका रूपमा नपाइने भए पनि प्रश्न उत्तरका रूपमा समावेश भएका हुन्छन् । बाजुरा जिल्लामा पाइने वा गाइने मागल गीतका केही नमुनाहरू तल प्रस्तुत गरिएका छन् :-

कन्यादान गर्दाको मागल गीत

छोण-छोण विष्णुगाथ कन्या अँगुलिअ

अग्नि राखी साक्षी अब कन्या जिम्मा लेउन

मेरी पाल्या छोरी अब दुःख जन दिया

छोण छोण विष्णुगाथ कन्या अँगुलिअ

दीप बत्ती राख्याँ साक्षी तँउरै धर्मले

कसाघर दिया बुवा कसा वर दियो ?

कसासित सुम्प्या मेरी बाउली ?

ठुलाघर विष्णुवर दियाँ तेरी बाउली

काँसीका पण्डितसित सुम्प्याँ तेरी बाउली ।

यस मागल गीतमा पहिले कन्याका बुबाले वरलाई विष्णु भगवान्का रूप मानेर आफ्नी छोरीलाई सुम्पने क्रममा अग्नि, बत्ती र ब्राह्मणलाई साक्षी राखेर मेरी छोरीलाई दुःख नदिनु, राम्रोसँग पाल्नू भनेर कन्याको औँला समातेर ग्रहण गर्न अनुरोध गरेका छन् । जब कन्याको औँला समातेर कसलाई दिनु भयो भनेर प्रश्न गर्छिन् तब बावुले ठुला घरका विष्णुरूपी तथा काशीका ब्राह्मणरूपी वरसँग उनको हात सुम्पिएको जानकारी गराउँछन् ।

बडीमालीका मेलामा गाइने मागल गीत यस प्रकार छ :-

वारिउँदा खेतीवेती पारिउँदाकी विनी ।

अहिले साल मालिका माता क्याउ क्याउ वर दिन्नी ?

वारिउँदाकी खेतीवेती पारिउँदाकि विनी ।

अहिले साल मालिका माता रोजगार वर दिन्नी ।

वारिउँदाकी खेतीवेती पारिउँदाकी विनी ।

अहिले साल मालिका माता क्याउ क्याउ वर दिन्नी ?

वारिउँदाकी खेतीवेती पारिउँदाकी विनी ।

अहिले साल मालिका माता लोग्ने वर दिन्नी ।

वारिउँदाकी खेतीवेती पारिउँदाकी विनी ।

अहिले साल मालिका माता क्याउ क्याउ वर दिन्नी ?

वारिउँदाकी खेतीवेती पारिउँदाकी विनी ।

अहिले साल मालिका माता जोई वर दिन्नी ।

मालिका माताको मन्दिरमा दसहरा र श्रावण शुक्ल पक्षको चतुर्दशीमा पूजा गरिन्छ । यहाँ एक वर्षमा दुई पटक पूजा गरिने भए तापनि श्रावण शुक्लपक्षको चतुर्दशीका दिनमा भने हजारौँ संख्यामा भक्त जनहरू मालिका पुग्दछन् । मालिका माताको दर्शन गर्नाले मनले चिताएको पूरा हुन्छ भन्ने जन विश्वास रहेकाले बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, बैतडी, दार्चुला, कञ्चनपुर, कैलाली, दैलेख, सुर्खेत, हुम्ला, जुम्ला, मुगु, कालीकोट आदि जिल्लाका साथै भारतको पिथौरागढबाट पनि मानिसहरू दर्शन गर्न त्यस ठाउँमा पुगेका हुन्छन् ।

बडिमालिका माताको मन्दिरमा दर्शन गर्ने सिलसिलामा विभिन्न दर्शनार्थीहरूले आफूले चिताएको वरदान पूर्ण गरि दिन भनेर मागल गीतको माध्यमद्वारा वर मागेको पाइन्छ । पुत्र नभएकोले पुत्र, धन नभएकाले धन, अन्न नभएकाले अन्न, रोजगार

नभएकाले रोजगार, लोग्ने नभएकाले लोग्ने र स्वास्नी नभएकाले स्वास्नी पाउँ भनेर वर माग्दा बडिमालिका माताले वरदान दिएर पूर्ण गरिदिन्छन् भन्ने कुरा प्राचीन कालदेखि विश्वास रहँदै आएको छ ।

विवाहमा कन्याको खुट्टा धुँदाको मागल गीत

खाट सुत्या बुवा मेरा जागा होइ झाउँन्
तम्रो मन बुवा मेरा कन्यादान अर्च्या छ
पाउ पखाली शिरमाथि लेउन ।
तमे भन्छ्या बुवा मेरा गया काशी झाउँला
तमी गया बुवा मेरा घरै वसी भयो
खाट सुत्या इजु मेरी जागा होइ झाउन
स्नान अरि इजु मेरी
पाउ पखाली शिरमाथि लेउन ।
तमी भन्छ्या इजु मेरी गया काशी झाउँला
तम्रो काशी इजु मेरा देला बसि रैछ ।
खाट सुत्या दाजु मेरा जागा होइ झाउन
स्नान अरी दाजु मेरी
पाउ पखाली शिरमाथि लेउन ।
तमी भन्छ्या दाजु मेरी गया काशी झाउँला
तम्रो काशी दाजु मेरी आँगन बसी रैछ ।

हाम्रो हिन्दू धार्मिक ग्रन्थ अनुसार कन्यादान गर्दा पाउ पखाली शिर माथि राख्दा पापहरू नाश भएर मुक्ति प्राप्त हुन्छ र महायज्ञ गरेर त्यो महायज्ञले दिने फल भन्दा पनि बढी फल प्राप्त हुन्छ भन्ने कुरा प्राचीन कालदेखि नै जन समुदायमा विश्वास रहेको छ ।

माथिका मागल गीतका पङ्क्तिको भाव के हो भने राति घरमा सुत्ने बेलाको अवस्थामा बुबा जागा भएर आफ्नो पाउ पखाली स्नान गरी त्यो पाउको जल आफ्नो शरीरको शिरमाथि छर्केर कर्म गर्दै हुनुहुन्छ । विवाह काशी गएर गर्ने भन्नु भएकोमा घरै बसी विवाह गरिएकोले घरै काशी रहेछ भन्ने भाव मागल गीतको माध्यमद्वारा प्रस्तुत गरिएको पाइन्छ ।

राती खाटमा सुत्ने बेलामा हजुरआमा जागा भएर आफ्नो पाउ पखाली स्नान गरी त्यो पाउको जल शिरमाथि लिएर कर्म गरेकामा पहिला हजुरआमाले गया काशी गएर नै कन्यादान गर्ने भनेको तर गया काशी नगई घरैमै कन्यादान गरेको भन्ने कुरा मागल गीतले प्रस्तुत गर्दछ ।

सुत्ने बेलामा खाटबाट उठेर स्नान गरी दाजु पाउ पखाली शिरमाथि लिएर कर्म गरेकामा पहिला दाजुले गया काशी गएर विवाह गर्ने कुरा गरेको तर पछि गया काशी उनकै घरको आँगन बनाई त्यहीँबाट विवाह गरिदिएको कुरा भनेर मागल गीतको माध्यमद्वारा नै प्रस्तुत गरिएको छ ।

जनै पहिराउदाको मागल गीत यस प्रकार छ :-

तेरो जनै बाला मेरो कति पला भै छ, कति पला भै छ ?

मेरो जनै बेरी माइयौ नेपालै भै छ, नेपालै भै छ ।

ते पलै जनै बाला क्षेत्री हालन्ना ।

तेरो जनै वाला मेरो कति पला भै छ ? कति पला भै छ ?

तेरो जनै मेरी माइयौ चार पलै भै छ, चार पलै भै छ ।

चार पलै जनै बाला साउन हालन्ना ।

तेरो त्यो जनै बाला कति पलै भै छ ?

मेरो जनै माइयौ मेरो छ पलै भै छ ।

अब त्यो छ पला तेरो जनै पुरै जनै भैछ, पुरै जनै भैछ ।

हाम्रो हिन्दू धार्मिक ग्रन्थ अनुसार जनै पहिराउँदाको मागल गीतमा माध्यमद्वारा जनै कति पलाको हुन्छ भन्ने भाव व्यक्त गरिएको पाइन्छ ।

जनै पहिराउँदा पहिला तिन पलाको जनै पहिराएर छेत्री बनाइन्छ, त्यसपछि चार पलाको जनै पहिराएर जोगी बनाइन्छ र त्यसपछि छ पलाको जनै पहिराएर जनै पहिराउने काम पूर्ण हुन्छ भन्ने कुरा माथिको मागल गीतको पङ्क्तिले स्पष्ट गर्दछ ।

## ४.२.१.२ भुवो गीत

बाजुरा जिल्लामा गाइने परम्परित गीतहरूमा भुवो गीत पनि प्रमुख हो । यसलाई स्थानीय भाषामा 'भस्सो' भनिन्छ । पुरुषहरुले मात्र खेलिने र गाइने यो गीत पौष अमावश्याबाट सुरु गरेर त्यो महिनाभरि नै खेलिन्छ । औँसीका राति एउटा निश्चित ठाउँमा गाइन्छ । जसलाई स्थानीय भाषामा 'भ्वाँ खाँडो' भन्दछन् । भ्वाँ खाँडोमा गाउँका सबै जम्मा भएर आगो जलाउँछन् । त्यसलाई भ्वाँ खाडो जलाउनु भनिन्छ । त्यही दिन गाउँका सबै घरबाट अलिअलि चिउरा जम्मा गरेर दोस्रो दिन प्रत्येक व्यक्ति वा ठाउँमा भस्सोको जानकारी दिन त्यो चिउरा वितरण गरिन्छ र खेल पनि सुरु गरिन्छ । यो गेयात्मक खेल खेल्दा एक हातमा तरबार र अर्को हातमा ढाल वा सेतो रुमाल लिएर त्यसलाई नचाउँदै पाइला मिलाएर खेलिन्छ । सबैले त्यसैलाई दोहोऱ्याउँछन् । त्यो गीत गाउन जान्ने मुख्य मान्छेले गाएको लाई माणा हाल्नु भनिन्छ । स्थानीय बाजासँगै गाइने र खेलिने यो खेल प्रत्येक गाउँगाउँ गएर गाउँको साझा कोशबाट वा व्यक्तिबाट थालीमा चामल, सिन्दुर, रुपियाँ, फलफुल, जौं का पात एवं फुल आदि राखेर दिइन्छ । जम्मा भएको त्यो रुपियाँ अन्तिम दिनमा पूजा गर्नमा खर्च गरिन्छ, जसलाई स्थानीय भाषामा पुज्नु भनिन्छ ।

लामो समयसम्म गाइने र खेलिने यो खेल निकै रमाइलो हुन्छ । यसमा गाइने गीतमा पुर्खाहरूको वीरताको वर्णन, कुनै शासकको वर्णन, कुनै युद्ध आदिको वर्णन गरिएको हुन्छ । जनश्रुति अनुसार आफू बस्ने भूभाग भूतप्रेत सताउन थालेपछि प्राचीन पुर्खा सबैले मिलेर हातमा हतियार लिई त्यसलाई मार्न गएका हुनाले त्यसै बेलादेखि यसको प्रारम्भ भएको र त्यो अहिले पनि गाउँघरमा भूतप्रेतले प्रवेश नपाओस् भनेर यो खेल लेखिन्छ भन्ने कुरा सुन्न पाइन्छ । हुन पनि यसमा प्रयोग हुने ढालतरबार र

खेलको उमङ्ग हेर्दा कुनै युद्धमा जान तयार भएको वा युद्धपछिको विजयोत्सव मनाइ रहेको जस्तो अनुभव हुन्छ । खेलको प्रारम्भमा निकालिने चिराकले युद्ध गर्ने जानकारी दिन्छ र समाप्तिमा चिराक गरिने र खसी काट्ने परम्परा हेर्दा युद्धको समाप्तिपछिको विजयोत्सवको आभास दिन्छ ।

भ्वाँखाडोलाई 'पाँचपाण्डो' भन्ने पनि गरिन्छ । प्राचीन कालमा पाँच पाण्डवहरू वनवासमा रहँदा उनीहरूले कौरवसँग लड्न गरेको तयारी र पछि विजय प्रभात गाउने एवं खेल्ने गरेकोले त्यही प्रथा पछि सर्व साधारणले अँगाल्दै गएको प्रसङ्ग पनि भस्सो खेल्दा गाइने गीतको बोलबाट केही अर्थ निस्कने गर्छ ।

मुख्य गरी युद्धसँग नै सम्बन्धित आभास दिने यो खेल सहितको गीतमा प्राचीन पुर्खा, शासक, सामाजिक मान मर्यादा जस्ता ऐतिहासिक पक्षको उद्घाटन भएको हुन्छ । खेलमा गाइने गीतहरू वीर र करुण रसमा केही गद्य लयमा हुन्छन् भने केही गीतहरू पद्यात्मक अन्त्यानुप्रास युक्त हुन्छन् । जस्तै :-

माणा हाल्ने व्यक्ति - ए पैलो भुवो

सबै जना - भस्सी रे भस्सी

माणा हाल्ने व्यक्ति - कहाँ उठ्यो ?

सबै जना - ए भस्सी रे भस्सी

केही व्यक्ति - ताउलाखार ।

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - क्या खान्ची खायो ?

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - नुन खान्ची खायो ।

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - ताँ हाइ भुवो ?

| | | |
|---|---|---|
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | तिब्बत आयो । |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | तिब्बतका भुवाले |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | क्या खान्ची खायो ? |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | सुनै खान्ची खायो । आदि, आदि । |

गाउँलेका परिचय दिने भुओ गीत यस प्रकार छ :-

| | | |
|---|---|---|
| केही व्यक्ति | - | ए ! यो लाण्या भुवो |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | काँ झान लागी ? |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | गाउँ गाउँ झाँदो |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | ए क्या अर्न झाँदो |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | भात बाखो माग्दो । |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | यो भुवो कै को ? |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | बुण्याउणी को । |

| | | |
|---|---|---|
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | गाउँकाइ ठालु । |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | ठुलो घरानिया |
| सबै व्यक्ति | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | मान्याका माइस |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | ठुलै खसी दिन्ना |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | घरै छौ कि वन ? |
| सबै जना | - | भस्सी रे भस्सी |

यस्तै तरिकाले गीत जान्ने केही व्यक्तिको समूहले गीत भन्दै जाने र अरू सबैले पछाडिबाट 'भस्सी रे भस्सी' मात्र भन्ने गरिन्छ । निकै बेरसम्म बाजाका साथ यो खेल खेलिने गरिन्छ । सुरुमा विस्तारै बाजाको तालसँग हातको तरबार र खुट्टाको चाल मिलाइन्छ । केही घुमेर र केही निहुरिएर गोलाकार रूपमा समूहमा खेलिन्छ, पछि बिस्तारै बाजाको ताल बढ्दै जान्छ र यता पनि खेलाडी ठुलाठुला फड्का हाल्दै र उफ्रँदै छिटोछिटो गरी खेल्दै टुङ्गिन्छ । अन्त्यमा थाकेर बिस्तारै दुई चार जनासम्म पात्र खेलि रहेका हुन्छन् र उनीहरू पनि थकित भएपछि खेल्न छोडी यो प्रक्रिया टुङ्गिन्छ ।

यसरी भुवो टुङ्गयाउनुलाई 'ठाडो भस्सो खेल खेल्नु' भनिन्छ । यो खेलि सकेपछि पुनः तुरुन्तै अर्कै लयमा बाजा नबजाएर फरक प्रकारका गीत गाइन्छन् जसमा एक अर्कोसँग हातमा हात मिलाउँदै र शरीरलाई दायाँ बायाँ हल्लाउँदै गोलाकार समूहमा खेलिन्छ ।

त्यति बेला गाइने गीतको एउटा नमुना यस्तो छ :-

नेपालका उना कुना बास्यो तितरी ।

नेपाल नभ्कान्या छोरो गर्भै भितरी ॥

यसरी गीत जान्ने मान्छेले खेलकै बिचबाट ठुलो स्वरमा गीत भन्दै रहन्छ । खेललाई स्थानीय भाषामा ‘भारी खेल’ भनिन्छ ।

त्यसको एउटा नमुना यस्तो छ :-

चौफुल माजको को छ रूपस ?

चौफुल माजको हजारी रूपस ।

चौभाइ माजको को छ रूपस ?

चौभाइ माजको कालो रूपस ।

चौबैना माजकी को छ रूपस ?

चौबैना मोजकी विनोदा, रूपस ।

लडयड बिनोदा पानी काँ गैछ ?

लडयड बिनोदा पनेरा गैछ ।

पनेराका लडयड बिनोदा पानी काँ गैछ ?

लडयड बिनोदा पनेरा गैछ ।

पनेराका छाना माथि क्या राखिन्छ ?

पनेराका छाजामाथि घडुली राखिन्छ ।

घडुलीका मुखमी क्याऊक्याऊ छोपिन्छ ?

घडुलीका मुखमि सिउडी फुलले छोपिन्छ ।

यस्तै प्रकारले यो गीत्यात्मक खेल पहिले भ्वाँखाणोमा चिराक जलाएर खेलको प्रारम्भ गरी भुवो प्रारम्भको ऐतिहासिक गीतहरू गाएर रमाइलो गरिन्छ । अन्य खेल

जस्तो डेउडा खेल्नु पऱ्यो भने भ्वाखाणोमा नखेली अन्तै खेल्नु पर्ने चलन पनि बझाङ जिल्लामा छ ।

### ४.२.२ परिवेश सिर्जित गीत

बाजुरा जिल्लामा गाइने गीतहरूमा परिवेश सिर्जित बाह्रमासे गीतहरूले निकै फराकिलो क्षेत्र ओगटेको पाइन्छ । यी गीतहरू गाउने परम्परा पहिलेदेखि नै भए पनि परम्परित गीत मागल र भुवो झैं उनै गीतहरू मात्र दोहोऱ्याइने नभएर परिवेश अनुसार नयाँ सिर्जना गरेर गाइने भएकाले त्यस्ता गीतहरूलाई परिवेश सिर्जित बाह्रमासे गीत भनिएको हो । यस्ता गीतहरू जहाँ जस्तो परिवेश देखियो त्यही अनुसार लोक कविहरूका हृदयबाट प्रस्फुटित हुन्छन् । जस्तो असारको महिना धान रोप्दा त्यही परिवेशका गीत हुन्छन् भने बालकले घामपानी परेको देख्दा त्यही परिवेशका गीत गाउँछन् । प्रेमीप्रेमीका मिलन, बिछोड, दैवी आपत्विपत्, गरिबीको पीडा, बलवानको वीरता, प्राकृतिक दृश्य, चाडपर्व, हर्षविस्मात् आदि जे जस्तो परिवेशको सिर्जना भएको हुन्छ, त्यही अनुसार आफ्नो चेतन र अचेतन मनमा उब्जेका अनुभूति एवं कुण्ठाहरूलाई त्यही भावमा गीतको माध्यमबाट छर्लङ्गयाइन्छ । बालकदेखि तन्नेरी हुँदै वृद्धसम्म सबैले गाउन सक्ने यस्ता गीतहरूमा व्यक्तिको व्यक्तिगत भाव सहित समाजको रीतिरिवाज, चालचलन, वेशभूषा, रहनसहन जस्ता सम्पूर्ण सामाजिक परिवेशका साथै परिस्थितिजन्य विसङ्गति, प्राकृतिक दृश्य, राष्ट्रप्रेम आदि कुराहरू पनि समेटिएका हुन्छन् । खोलानाला, भिरपाखा, खेतीवारी, वन जङ्गल, चाडपर्व, चौतारी भन्ज्याङ्ग, ओरालीउकाली यावत् जहाँ पनि परिवेश अनुसार सिर्जना गरेर गाउन सकिने यस्ता गीतहरूले नै भावकका मनका तितामिठा अनुभूतिहरूलाई पोखि दिएका हुन्छन् ।

बाजुरा जिल्लामा गाइने यस प्रकारका गीतहरूमा पनि बालकको भावनाद्वारा सिर्जित गीत, किसानले खेतीबारीमा काम गर्दा तथा मेलापात गर्दा गाइने गीत, मिलनबिछोड, एवं अन्य अवस्थामा गाइने प्रेम गीत, ऋतु परिवर्तनका गीत र सबै उमेरका पुरुष र महिलाले खेल्ने डेउडा गीत आदि फरकफरक भएकाले यस्ता विभिन्न प्रकारका गीतहरूलाई मुख्य तिन वर्गमा राखेर हेर्न सकिन्छ ।

### ४.२.२.१ बालगीत

सानासाना बाल बालिकाहरूलाई खेलाउँदै र उनीहरूले खेल्दै गाउने गीतहरूलाई बालगीत भनिन्छ । बाल बालिका सानै छँदा बोल्न र हिँड्न नसक्ने अवस्थामा नै आमाबाबु, दाजु, दिदी आदिले तिनलाई खेलाउँदै गीतसँग परिचित गराई सकेका हुन्छन्, चाहे खाना खुवाउन होस् वा सुताउन, त्यही अनुसारका गीतद्वारा बालकलाई लोभ्याउँछन् र फकाउँछन् । यसरी बाल्यावस्थामा नै गीतका मधुर स्वरसँग परिचित बालबालिका हिँड्डुल गर्ने भइसकेपछि आफ्नै उमेरका अरू बालकहरूसँग उठबस गर्दा र खेल्दा आफ्नो परिवेशमा देखापरेका र आफूले टिप्न सक्ने कुराहरू लयात्मक गीतको माध्यमबाट व्यक्त गर्दछन् । यस्ता बाल बालिकाहरूले परिवेशबाट नै गीतको सिर्जना गर्छन् । सहर बजारका बालकले मोटरको गीत गाउन सक्छन् भने गाउँघरका बालकले गाई गोरूको गीत गाउन सक्छन् ।

बाजुरा जिल्लामा यस्ता बालगीतहरू धेरै पाइन्छन् । यी गीतहरू पनि दुई प्रकारका छन् । एउटा आमाबाबुले बालकलाई खेलाउँदै गाइने बाल सुहाउँदा गीत र अर्को बालककै अनुभूतिबाट बनेका गीतहरूको लय आफूले आमाबाबुबाट सुनेका गीत झैं हुन्छन् भने विषयवस्तु उनीहरूको आफ्नै प्रकारको हुने गर्छ ।

**केही बालगीतहरूको नमुना**

निन्नि निन्नि जाँ भोक जाँ आँ निद आँ

मेरो बाबु निन्नि रला निन्नि रला

मेरा बाबु नभया उठी झाला

निन्नि निन्नि जाँ हो भोक जाँ ।

निनारी आइझाला भोकरी बाइझाला

मेरो बाबु भया निन्नि रला

मेरो बाबु नभया उठी झाला

निन्नि निन्नि जाँ हो भोक जाँ ।

लामु चैत्या आउला भोकरी लाउला

आँसु हेऱ्यो भन्या बाबाजी आउला

निन्नि कुटुक्क ! निन्नि ॥

**बालकलाई घुँडामा राखी खेलाउदाको गीत**

घुगुती बाला बासुत्ती

बसु काँ गै ? नाता धुन

नाता धुई घाम काँ हाल्यो ?

धुपी चौण ।

धुपी चौण काँ छ ?

पनेरा मुनि ।

आफू काँ गई ?

खेल्न ।

सुनीगाड लोट्टी कि गुईगाड ?

सुनीगाड लाटी ।

**त्यस्तै बालकले आफ्नै अनुभूतिबाट गाउन सक्ने गीतहरू**

**हिउँ परेको देख्दा गाउने गीत**

हिउँ पड्यो कुन्ना, हिउँ पड्यो कुन्ना ।

कुन्नाका छोराछोरी, देली कुन्टा रुन्ना ॥

आगो नबाल्याको जाडी मान्ना ।

केही चोरी खायो भन्या बुबा हानन्ना ॥

**त्यस्तै पानी पर्दा बालकले गाउने गीत**

आयो वर्ष रुनीझुनी, गयो वर्ष कोल्टी ,

कोल्टीका केटाकेटी, जाडी मानी रुन्ना ।

घामपानी लाग्यो घामपानी लाग्यो,

भुल्यानी बौजूको बाउँ खुट्टो भाग्यो ।

**अङ्क गन्दै गाइने गीत** (**एकले अङ्क भन्ने अर्कोले त्यसको अनुप्रास मिल्ने गरेर भनेको**)

एक, छेपाडो छेक्

दुई, साह्रै सुई ।

तीन, कस्तुरी बिन

चार, भैँसी बजार ।

पाँच, पातली नाच

छ, लाहुऱ्या ह ।

सात, मालुका पात

आठ, दाहुरा काट् ।

नौ, धुप्यारी धौ

दश, बगाल पस ।

एघार, भैँसी बजार

बारह, बाघ तेरा घर ।

तेरह, पछाडि हेर ॥

**गङ्गारानी गाइने गीत** (**एकले माँडो हाल्ने अरूले अनुप्रास मिलाएर भन्ने**)

यति यति पानी

गङ्गा रानी

यति यति पानी

गङ्गा रानी

यति यति पानी

गङ्गा रानी

यो बाटो झाउँ कि त्यो बाटो झाउँ ।

**४.२.२.२ बाह्रमासे गीत**

विभिन्न लोक गीतहरूका पाटाले सिँगारिएको बाजुरा जिल्लामा बाह्रमासे गीतको लोकप्रियता बढि रहेको छ । बाह्रमासे गीतका दुई वटा भेद छन्, (क) घाँसे गीत (ख) डेउडा गीत ।

**(क) घाँसे गीत**

सुदूर पश्चिमका डोटी, अछाम, बझाङ लगायत प्रायः सबै जिल्लामा घाँसे गीतको प्रचलन छ तर ढाँचा र लय फरक हुन सक्छ । बाजुरा जिल्लामा परम्परादेखि नै प्रायः एकल र कहिले काहीँ समूहमा पनि घाँसे गाइँदै आएको कुरा तत्कालीन परिवेशको बखान गरेर गाइएका गीतहरू बाट पुष्टि हुन्छ । यो बाजुरेली घाँसे गीतको डेउडा गीतबाट पृथक् रहन्छ । गीतको संरचनात्मक बनोट तथा ढाँचा एउटै भएर पनि प्रायः एकल र लामो लयमा गाइनु घाँसे गीतको मुख्य पहिचान हो । यस भित्र कर्म वा श्रम गीत, ऋतु गीत र केही पर्व गीतहरू पनि पर्दछन् । बाल बालिका देखि युवा युवती, बुढाबुढी सबै उमेर र वर्गका मानिसहरूले मन जितेर लोभ्याउन सक्ने लामो सुमधुर लय, द्विपदीय संरचनामा पूर्ण भावको अभिव्यक्ति, अन्त्यानुप्रासको मिलान जस्ता विशेषताहरूले गर्दा घाँसे गीत निकै मीठा हुन्छन् । सबैले आफ्ना मनका रागविरागहरू यिनै गीतका माध्यमबाट पोख्छन् र आनन्द लिन्छन् ।

जहाँ गए पनि परिवेश सिर्जित आफ्ना अनुभूति र भावनाहरूलाई सजिलै व्यक्त गर्नका लागि गाइने यी गीतहरू गुन्जिने भूभाग बाजुरा हो । यी गीतहरूमा व्यक्तिका व्यक्तिगत भावना र अनुभूतिका साथै समाजका चालचलन, रितिरिवाज, सामाजिक मान मर्यादा, रूढी परम्परा, दैवी विपत्ति, गरीबीका कारण परदेश जानुपर्ने बाध्यता,

प्रेमी प्रेमिकाको मिलन बिछोड, प्राकृतिक दृश्यावली जस्ता जन जीवनका यावत सम्पूर्ण कुराहरूका प्रतिविम्व मनमा उतारिएका हुन्छन् ।

जस्तै-

कालीको लडकन्या माछो, कर्णालीका भेल ।

हृदय जल्याको जल्यै, कैल होला भेट ॥

यस गीतमा प्रेमी प्रेमिका बीच बिछोड भएर सम्झना हुँदाको अनुभूतिलाई देखाइको छ । कालीको खेल्ने माछा कर्णालीमा हुनु । मसँगै बस्ने प्रेमीका विछोड भएर प्रदेशमा हुनु, सँगै बस्न नपाएर विछोड भई हृदय तड्पी-तड्पी एक्लाको एक्लै बाँच्नु परेको छ अब कहिले भेट होला भन्ने कुरा दर्शाइएको छ ।

त्यस्तै घाँसे गीतको अर्को नमुना यस प्रकार छ :-

खेत टिपी गुँईगाडले लियो मकै लाग्यो जाल्या ।

म भन्या परदेशी हुँदो भैंसी जन पाल्या ॥

यस गीतमा प्रकृति प्रकोपले गर्दा भात खाने खेत गुँईगाड खोलाले बगाएको र रोटी खाने मकैमा जाल्या नामको रोग हुँदा अब घरमा बसेर कुनै समस्या सुल्झिएला जस्तो नभए पछि भारततिर काम गर्न जानुपरेको, भैंसी बेचेर गुजारा गर्ने कुरालाई व्यक्त गर्न निर्देश गरिएको कुरा समेटिएको छ ।

बाजुरा जिल्लामा घाँसे गीतलाई प्रायः एकल रूपमा गाइन्छ । मानिस सामाजिक प्राणी हो । ऊ समाजमा बस्छ तापनि ऊ आफ्नो जीवनका हरेक ओराली उकालीका आरोह अवरोह एक्लै चढ्छ र ओर्लन्छ । ऊ हरेक पल समूहमै बसेर आफ्ना व्यक्तिगत अनुभूति र भावनाको क्षतिपूर्ति प्राप्त गर्न सक्दैन । जति कुराका लागि मानव समाजमा बस्न चाहन्छ त्यति कुराका लागि ऊ एक्लै बस्न पनि रुचाउँछ । जब व्यक्ति एक्लो रहन्छ, तब उसका मनमा एक्लोपनाको भावना पनि टुसाएर गीतका रूपमा झाँगिदै बढछ । त्यही घाँसे गीत हो । बाह्र महिनाको समय चक्रमा मानवीय दिनचर्चा वा जीवन घोलेर उसले आफ्ना अनुभूति जन्य भावुकतालाई गीतका रूपमा गुनगुनाउने हुँदा त्यसैभित्र लोक चेतना वा लोक आस्था भिजेर रहेको हुन्छ । त्यसैले

लोक जीवनको तन, मन र ॠतुचक्र बीच नङ र मासुको जस्तै अकाट्य सम्बन्ध छ । समयको परिवर्तनसँगै मानवीय भावना एवं आकाङ्क्षा पनि बदलिन सक्ने भएकाले त्यहाँको जन मानसले त्यही ॠतु महिनाभित्र रहेर त्यो परिवेश अनुसार आफ्ना भावनाहरु गीतको गीतका रूपमा पोख्छन् ती गीतहरु ॠतु वा समय चक्रमा आफ्ना भूतकालीन अनुभवका आधारमा पोख्दछन् ।

विशेष गरी एक्लो मान्छे जहाँ जहाँ पुग्छ, त्यहाँ त्यहाँ बाह्रमासे गीतका मिठा एवं सुरिला धुनहरू भावुकतापूर्वक गुनगुनाउँदै घन्किन्छन् र त्यहाँको वातावरणलाई एक किसिमले मादक तुल्याउँछ । के अनकन्टार एकान्त जङ्गल, के कलकल बग्ने खोलानाला, छहरा-छाँगा, के गाईवस्तु चराउने ठाउँ, के खेतबारी, के ओराली उकाली प्रत्येक पल पल र हरेक परिवेश एवं परिस्थितिलाई समेट्दै व्यक्तिले घाँसे गीत जिब्रामा झुन्ड्याएर जहाँतहीँ ध्वनित गर्दछन् । घाँसे गीतभित्र व्यक्तिको यथार्थ जीवन लुकेको हुन्छ । जब ऊ निर्जन स्थानमा पुग्छ अनि प्रकृति माझ उसका हर्षविस्मात्, सुखदुःख, मिलनबिछोड जस्ता कुरा एक भन्दा एक भावना उम्रिन थाल्दछन् । त्यही विषयवस्तुसँग सम्बन्धित गीत सिर्जना गरेर मिठो लयमा सुसेल्दै गायक परिवेशभित्र हराउँछ । कहिलेकाहीँ मन मिल्ने युवायुवतीहरू पनि निर्जन स्थानमा गएर आआफ्ना मनोभाव गीत मार्फत साटासाट गर्दछन् ।

**मनको कुण्ठा झल्किने एकल गीतको एउटा नमुना यस प्रकार छ**

म कैकी नाइ मेरो कोही नाइ, क्या भनूँ कैकन ।
किन बाँच्या हुँ हामी नारी, पराधीन भईकन ॥
गाई दुन्या गुँरासका ठेकी, भैँसी दुन्या नैबु ।
मकन सबैले छोड्यो, तु नछोडेई दैबु ॥

परिवेश सिर्जित एकल गीतको अर्को एक नमुना तल प्रस्तुत छ :-

घरको बिहालो देख्दा रातभरि रुनु छ ।
पोर्सो बोक्नु काम गर्नु कपडा धुनु छ ॥

यहाँ माथिको पहिलो गीतमा आमा र पतिबाट एक्ली भएकी स्त्रीलाई आफ्नो आमा र पतिप्रतिको मायाले आकुल अवस्थामा पुऱ्याएको छ र पति एवम् आमाको माया वा सम्भना हुँदा दुःखले न कसैसँग मनको कुरा भन्न सक्छे न नै रुनै सक्छे तर जब एक्लै एकान्त जङ्गलमा पुग्छे तब ऊ ठुलो स्वरमा डाको लगाएर गीत गाउँछे भने मलाई असाध्यै माया गर्ने पति र आमा आज कहाँ गएर बसेका होलान् भन्दै आफूलाई सहारा दिने कोही नभएर एक्लो हुनुपरेकोमा दुःख प्रकट गर्छे ।

त्यस्तै पछिल्लो गीतमा एउटी नारीले आफ्नो घरको बेहाल अवस्था देख्दा रातभरि रुनु मात्र परेको र दिनमा मल बोक्ने र कपडा धुने काम गरेर परिवेश अनुसारको भावना गीतका माध्ययमबाट पोखेकी छन् ।

यस्तै तन्नेरीतरुनी बिच गाइने गीतको नमुना यस प्रकार छ :-

तन्नेरी - रोप रोप रोपनेरियौं, असार गोडौंली ।
एक चोटी लायाको माया, फेरी काँ छोडौंली ॥
तरुनी- पानी पऱ्या रोपाइँ भया, असार गोडौंली ।
मनचित्त मिल्यापछि, घरबार जोडौंला ॥

यहाँ तन्नेरी तरुनीलाई रोपहार रोपेका धान असार महिनामा गोडिने र एक पटक लाएको माया नछोडिने भाव प्रस्तुत गरेको छ भने तरुनीले तन्नेरीलाई पानी परेपछि मात्र रोपाइँ हुने, रोपाइँ भएपछि मात्र असार महिनामा गोडमेल गरिने र मन चित्त मिलेपछि मात्र घरबार जोडिने, मन मिलेपछि लोग्ने र स्वास्नी भएर रहने विचार दर्शाइएको छ ।

त्यस्तै अर्कौ गीतको भावमा पनि त्यहाँको दुःखको वर्णन यसरी गरिएको छ :-

लागिग्यो वसन्त ऋतु, अब काफल पाक्या ।
साइ सधैं परदेशी भया, रिनदानका लाग्दा ॥

प्रस्तुत गीतमा चैत्र वैशाख महिनामा जहाँतहीं काफल पाके तर भने यो गरिबीका कारण सधैं यो साल पनि परदेशी नै भएकाले काफल खान पाएनन् भनेर

एक स्त्रीले एकान्त वनपाखामा भावुकताका साथ वसन्त ऋतुमा लोग्नेको सम्झना गर्दै गीतका रूपमा मनको भाव व्यक्त गरेकी छे । यस्तै यस्तै अनेक प्रकारका भूत, वर्तमान र भविष्यका यावत् अनुभव र अनुभूतिहरूलाई गीतका रूपमा गुन्जाएर वन जंगल, वनपाखा, खेतीबारी र खोलानाला सबैलाई गीतमा समेटिएको पाइन्छ ।

यसरी बाजुरा जिल्लाका विभिन्न परिवेश र परिस्थितिमा गीत भयङ्कर गुन्जिएका पाउनु यहाँका स्थानीय लोक जीवनको पहिचान पनि हो ।

**(ख) डेउडा गीत**

बाजुरा जिल्लामा विभिन्न प्रकारका लोक गीतहरू गाइने भए पनि ज्यादै लोकप्रिय लोकगीतका देउडाका रुपमा रहेको छ । भेरी, कर्णाली, सेती र महाकाली अञ्चलका प्रायः सबै जिल्लाहरूमा प्रचलित डेउडा गीतले निकै ठुलो क्षेत्र समेटेको देखिन्छ । बाजुरा जिल्लामा प्रचलित डेउडा खेललाई उपाध्याय (२०५७) ले लोकगीतको श्रव्य विधाका रूपमा मात्र चिनाएको पाइए पनि यो श्रव्यसँगै दृश्यात्मक पनि छ । स्थानीय तहमा डेउडा गीतलाई ‘खेल खेल्नु’का नामले पनि चिनिने हुँदा डेउडालाई नृत्यसँग जोडेर हेर्नु सान्दर्भिक देखिन्छ । बाजुरामा यो गाएर खेलिने परम्परा कुनै नौलो नभएर परम्परागत रूपमा पहिलेदेखि युवायुवती, बुढाबुढी सबै उमेर, लिङ्ग र वर्गका मानिसहरू बिच विद्यमान छ । के रात, के दिन विभिन्न उत्सव, मेला तथा चाडपर्वको अवसर पारेर कुनै स्थानमा जम्मा भई गोलाकार रूपमा एक अर्काको हात समाती गीतको लय (जसलाई स्थायी भाषामा ‘ढप ’भनिन्छ ) अनुसार घरी एक पाइलो भित्र र त्यसपछि अर्को पाइलो भित्र गरी देउडामा नाचिन्छ । प्रश्नोत्तरका रूपमा डेउडा खेल्दा व्यक्ति, समाज, परम्परा, जातजाति, रीतिरिवाज, रहनसहन, चालचलन आदिलाई लिएर एकअर्काप्रति तिखो व्यङ्ग्य भाव व्यक्त गरिन्छ । यसमा जसले अनुशासित तरिकाले सही जबाफ फर्काउन सक्यो, त्यसकै जित हुन्छ । वर्तमान अवस्थामा आएर डेउडा खेलको विकास गर्न विभिन्न सङ्घ सङ्स्था मार्फत विभिन्न अवसर पारेर जित्नेलाई पुरस्कारको व्यवस्था गरी यस्ता खेल प्रतियोगिताको आयोजना गर्ने गरेको पनि पाइन्छ । यस्ता खेलमा व्यक्तिका व्यक्तिगत भावना र अनुभूतिका साथै सामाजिक भावनालाई पनि लोककवि (जसलाई स्थानीय भाषामा

खेलाडी भनिन्छ) ले गीतका माध्यमबाट दर्साई दर्शकहरूलाई खुसी एवं आनन्दित पार्ने काम गर्दछन् । यस्तो डेउडा खेलमा प्रायः रूढिवादी परम्परा, समाजका विसङ्गति, चालचलन, वेशभूषा र समसामयिक परिस्थिति जस्ता कुरालाई अङ्कित गरिएका गीत पनि गाइने गरिन्छन् । यो खेल खेल्दा पुरुष पुरुष, महिला महिला वा महिला-पुरुषका समूहमा खेलिन्छ । दुई पक्ष बिच खेलिने उक्त खेलमा पालो पालो लगाएर सबाल-जबाफको ढाँचामा खेल चल्छ । जस्तै :-

समूह 'क' सबाल

खेत खनी जीविका चल्न्या दिन गैगया अब ।

दुनिया काँ पुगिसक्या बुभ्फिहेल  अब ॥

समूह 'ख' जबाफ

बाउबाज्याले खेतै खनी गुजरा गर्‍याको ।

हुँदैन  अरूको चेलो उइ रगत सर्‍याको ॥

यहाँ पहिलो समूहले खेती गरेर जीविका गर्न सकिँदैन, मान्छे कहाँ कहाँ पुगिसके, हामी त्यसैमा भुलेर उन्नतिको बाटामा पछाडि परेका छौँ, अतः अन्य पेसा पनि हेर्नु पर्छ भन्ने कुरा गीतमा भनेको छ । दोस्रो समूहले हाम्रा बाबुबाजे सबैले त्यही खेत खनेर गुजरा गरे, म पनि उनकै सन्तान हुँ, त्यो दोस्रो पेसा गरेर अर्काको छोरो भइँदैन, किसानका छोराको रुपमा किसान नै भइन्छ भन्ने जबाफ दिएको देखिन्छ ।

**त्यस्तै अर्को प्रसङ्गसँग सम्बन्धित दोहरी गीत यस प्रकार छ :-**

पत्नी :-

चाहिँदैन हिरा र मोती चाहिँदैन तिलहरी ।

हजुरबिना घर जहान सबैको बिलहरी ॥

पति :-

त्यसो भया मेरी सुँगा, जन्मथला बसौँ ।

साहूको ऋण काम गरिदिउँला, अब कम्मर कसौं ॥

विदेश जान खोजेको आफ्नो पतिलाई घरमा बसेर काम गर्नु पर्छ विदेशमा जानु हुँदैन भन्ने प्रसङ्गमा स्वास्नी मान्छेले आफूलाई कुनै हीरा, मोती र तिलहरी केही पनि चाहिँदैन हजुर विना घरव्यवहार चलाउन मुस्किल पर्ने र घरमा अझै जीर्ण अवस्था आउने हो भन्ने भाव गीतको माध्यामद्वारा प्रस्तुत गरेको पाइन्छ ।

समूह (ख)

आफ्नो पत्नीले भनेको गीतबाट प्रभावित विदेश नगई आफ्नै जन्मभूमिमा नै बसेर साहसका साथ काम गर्ने अठोट पतिले गरेका छन् ।

यसरी बाजुरा जिल्लामा विभिन्न प्रकारका गीतहरू गाएर मानिसहरू आ-आफ्ना अनुभूति पोख्ने गर्दछन् । ती गीतहरूमा केही परम्परादेखि चलेका  संरचना र लयका छन् भने केही गीतहरू गाउने चलन परम्परित भए पनि लोककविले तत्कालीन परिवेशबाट सिर्जना गरेर गाउँछन्  र आफ्ना अनुभूति एवं कुण्ठाहरू पोखेर आफू आनन्दित वा हलुङ्गो भएको महसुस यी गीतहरुले गर्दछन् ।

समाजका संस्कार, रीतिरिबाज, वेशभूषा, चालचलन सम्पूर्ण कुराहरू समेटेका हुन्छन् । यी गीतहरूमध्ये सबैभन्दा बढी गाइने घाँसे गीत र खेलिने डेउडा खेलमा गाइने गीत मुख्य हुन् । यी गीतहरू बाह्रमासे गीतकै एक भेद हुन् र निकै काव्यात्मक र मधुर लयका हुन्छन् ।

## ४.३ निष्कर्ष

नेपालका अन्य जिल्लाहरू झैँ बाजुरा जिल्लामा पनि त्यहाँको भौगोलिक सामाजिक, सांस्कृतिक र धार्मिक रीति रिवाज अनुसार आफ्नो छुट्टै मौलिक पहिचान छ, जसलाई त्यहाँ प्रचलित लोकगीतका माध्यमबाट उनीहरूले युगौंयुगदेखि सुरक्षित गर्दै आएका छन् भने , बालगीत, घाँसे गीत र डेउडा गीत चाहिँ परिवेश अनुसार सिर्जना गरी गाइन्छन् ।

# पाँचौं परिच्छेद
# बाजुरेली बाह्रमासे गीतको वर्गीकरण र बिश्लेषण

## ५.१ परिचय

बाजुरेली भाषिकामा बाह्रमासेको अर्थ सधैँको वा 'बाह्र महिनाको' भन्ने हुन्छ । यो गीत गाउँदा पनि कुनै बेला समयको चक्रमा मानवमा हुने स्वाभाविक घटना एवं अनुभूति व्यक्त गरिन्छ । त्यस्तो भावनालाई गीतका माध्यमबाट गाइने भएर पनि यस्ता गीतलाई बाह्रमासे गीतको नामकरण गरिएको हुनुपर्छ । समयको परिवर्तन सँगसँगै मानवीय इच्छा एवं आकाङ्क्षा पनि परिवर्तन हुन्छन् र त्यसमा परिवेशको मुख्य भूमिका रहन्छ । यस्तो ऋतु चक्र एवं परिवेश अनुसारका भावहरूलाई गीतका माध्यमबाट प्रकट गरिएको भएर पनि त्यस्ता गीतलाई बाह्रमासे गीत भन्नु सान्दर्भिक ठहर्छ । बाजुरा जिल्लामा गाइने यस्ता गीतलाई लय वा भाकाका रूपमा सम्बोधन गर्दा ठाडो भाका भन्ने चलन छ । "बाह्रमासे गीतलाई बाह्रमासे वा बाह्रमासा भनेर पर्यायवाचीका रूपले चिन्ने गरिए पनि यो भ्रम हो । यी दुई शब्दको अर्थमा केही फरक छ" (२०६३: १००) भनेर मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईटेलले भनेका छन् । यसबाट खासै बाह्रमासा गीतमा सैद्धान्तिक विभेद पाउन सकिदैंन । तर पनि व्यवहारिक पक्षको सामान्य रूपबाट हेर्दा भने केही अन्तर अवश्य पाउन सकिन्छ । यसमा बाह्रै महिना निरन्तर रूपमा गाइने लोकभाकाका गीत र ऋतु तथा समयचक्र वा कर्म अनुसार गाइने लोक भाका गीत गरी समान्यतः दुई भेदबाट हेर्न सकिन्छ । तिनको संरचना लगायत शैलीमा भने भिन्नता देखाउन सकिदैंन ।

जस्तै :-

वनभरि बिलौना गर्छु, गाइबाखा खुइकन ।
रात काट्दछु तारा गनी, दिन काट्छु रूइकन ॥
न गोठ गाई भैसी, न कोखेली छोरो ।
मेरो मात्र क्या लेखी हो, भाविनीले होरो ॥

यहाँ माथि गीतका दुवै नमुनामा नारी पीडा तथा वेदनाको करूण स्वरलाई गीतका माध्यमबाट व्यक्त गरिएको छ । पहिलो हरफमा लोग्ने परदेश गएर एक्लो भएकी नारीले वनमा गाईवस्तु चराउँदै  र पतिको सम्भनामा त्यहाँको ओराली उकालीमा विरहका आँसु छर्दै बिलौना गरी दिन बिताएकी हुन्छे । ऊ अनेक किसिमका तर्कना कल्पेर नसुतिकनै रात काटिरहेकी हुन्छे । त्यस्तै दोस्रो हरफमा जन्म दिने भाविनीले मेरो कोखमा चित्त बुझाएर दिन काट्न छोरा नै छ भनेर भाग्य लेख्ने गरेको र आफूलाई सबै कुराबाट अवहेलना गरी वञ्चित गरेको कुरा उक्त गीत्यात्मक अभिव्यक्तिले छर्लङ्ग पार्छ ।

यस्ता किसिमका विरही, करूण तथा रोदन मिश्रित गीतहरूले बाहिर आउन कुनै समयलाई नपर्खी जुनसुकै बखत पनि मानवहृदयबाट अनवरत रूपमा चुहिएर त्यहाँको वातावरणलाई नै मादक वा आल्हादित तुल्याउने हुँदा बाजुरेली लोक जीवनको यस्ता लोकलहरीलाई बाह्रमासे गीतका नामले परम्परादेखि चिन्दै आएका छन् ।

अर्को उदाहरणः

रोप रोप रोपऱ्यारी यिबारी गाण बीउँ ।

छ महिनाको एकै खेती पाल्नु छ यति जिउ ॥

हाँगो काट्या भारी पुग्दो घाँस काट्नु बाँजै हो ।

काट्दैन पणको गाजो निम्त्याउँन्या कालै हो ॥

यहाँ माथिको पहिलो नमुना गीतमा ६ महिनामा गरिने एउटै मात्र खेतीले धेरै जहानलाई पाल्नुपर्ने अवस्था आएकोले ढिलासुस्ती एवं लापरवाही र ख्याल ठट्टामा समय नबिताई रोप्ने र बीउ निकाल्ने सबैले आफ्नो जिम्माको कामलाई राम्रोसँग इमान्दारीताका साथ गर भनेर मालिकले असारे खेतालाहरूलाई भनेको छ । दोस्रो नमुनामा चैत्र वैशाखको महिना असजिलो भिरपाखामा चढेर खर काट्नु भनेको काललाई निम्तो गरी बोलाउनु हो । त्यसैले खरको लोभमा भिरबाट लडेर मर्नु भन्दा जताततै पाइने बाँजको स्याउलाको घाँस काटेर गाईभैंसी पालुँला, जसको एउटा हाँगा काट्ने बित्तिकै भारी पुग्छ, अन्त दुःखै गर्नु पर्दैन भन्ने भाव व्यक्त गरिएको छ ।

उल्लेखित गीतका दुवै उदाहरण कर्मगीतका हुन् । समयको परिवर्तन सँगै मानवीय इच्छा एवं आकाङ्क्षा पनि त्यही परिवेश अथवा परिस्थिति अनुसार प्रस्फुटित वा अङ्कुरण भई एवं आकांक्षा पनि त्यही परिवेश अथवा परिस्थिति अनुसार प्रस्फुटित वा अङ्कुरण भई प्रस्तुत गरिने भएकोले यो गीत सधै गाइने गीतका रूपमा नभएर बाह्र महिनाको समय चक्र भित्र आउने विभिन्न ऋतु कर्म, पर्व आदि अनुसार तिनको गीतका माध्यमबाट भावुकतापूर्वक वर्णन र व्याख्या गर्ने खालका हुन्छन् । यिनलाई बाह्रमासाको रूपमा चिन्न सकिन्छ ।

## ५.२ बाजुरेली बाह्रमासे गीतको वर्गीकरण र विश्लेषण

बाजुरा जिल्लामा बाह्रमासे गीत निकै पहिलेदेखि गाइँदै आएका छन् । बालकदेखि बुढाबुढी सबैले गाउँदै अएका यी गीतहरूले समयको गतिसँगै विविध विषयवस्तुलाई विविध लयमा अङ्कन गर्दै आएको पाइन्छ । सामाजिक जनजीवन, प्राकृतिक अवस्था, ऐतिहासिक घटनावली जस्ता परिवर्तनशील विषयवस्तुलाई समेटेर लोक कविहरूका अन्तर्हृदयबाट यो गीत प्रस्फुटितलाई गुन्जिएका हुन्छन् । यी गीतहरूको संरचनात्मक स्वरूप एउटै भए पनि लोक जीवनले लय नबिग्रने गरी एकल र कहिले काहीँ सामूहिक रूपमा गाउनुपर्दा आफ्नै शैलीको प्रयोग गरेको पाइन्छ ।

यसरी बाह्रमासे गीतमा विविध विषयवस्तु र लयका साथै गीत गाउने तरिका पनि फरक फरक भएकाले बाजुरेली बाह्रमासे गीतलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

(१) लयका आधारमा

(२) विषयबस्तुका आधारमा

(३) गायनका आधारमा

(४) स्वरूपका आधारमा

(५) रसका आधारमा

(६) प्रस्तुतिका आधारमा

## ५.२.१ लयका आधारमा बाह्रमासे गीतको वर्गीकरण र विश्लेषण

लोकगीतको संरचना अनुसार गीत गाउँदा लिइने विश्राम, उप विश्राम आदिले लयको निर्धारण गरेका हुन्छन् र यही लयले लोकगीतको चिनारी दिएको हुन्छ । बाजुरा जिल्लामा बाह्रमासे गीतको लयलाई ठाडो भाका भनिन्छ र लय मिलाएर गाउनुलाई ढप मिलाएर गाउनु भनिन्छ । यहाँ गाइने बाह्रमासे गीत आक्षरिक संरचना अनुसार विविध प्रकारका भए पनि चौध अक्षरे पद योजना मिलाई द्विपदीय ढाँचामा पूर्ण हुने यी बाह्रमासे गीतलाई नेपाली झ्याउरे लोकलय झैं पनि गाउन सकिन्छ । लोक झ्याउरे लयमा नै गाउँदा पनि त्यसको लयलाई अझै मधुर र कर्णप्रिय बनाउन मूल गीतसँगै विभिन्न प्रकारका थेगोहरूको प्रयोग गरेर लामो प्रवाहमा गाई बाह्रमासे गीतप्रति अन्य श्रोताहरूको मन लोभ्याउन सकिन्छ । यसरी एउटै संरचना भएका गीतहरूलाई पनि बाजुरेली लोक जीवनले लयलाई अझै कर्णप्रिय बनाउँदै गएकाले लयका आधारमा यी गीतलाई निम्नानुसारका दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

(अ) छोटो लय

(आ) लामो लय

**(अ) छोटो लय**

गीत संरचना जस्तो छ, त्यही अनुसार गाइने गीतलाई छोटो लयका गीतमा राख्न सकिन्छ । लयमा गति र यति मिलाएर शीघ्रतापूर्वक गाइने लय निकै मिठासयुक्त छोटो र छरितो हुन्छ । यसरी गाइने गीतमा प्रायः चौथो, आठौं, बाह्रौ र अन्तिम वर्णमा यति पर्न जान्छ वा विश्राम हुन्छ । जस्तै :-

लागला बसन्त ऋतु, काफ्ल पाकन्ना ।

म अभागी प्रदेशै छु, साथी भाइले खान्ना ॥

यसरी गाइने गीतहरूको लय प्रायः लिखित रूपसँगै मिल्दछ । बाजुरा जिल्लामा यस लयमा गीत गाइने प्रचलन पहिले निकै भए पनि वर्तमानमा कम हुँदै गएको देखिन्छ तर डेउडा गीतमा भने यस लयको बढी प्रयोग हुने गर्छ ।

### (आ) लामो लय

बाजुरा जिल्लामा गाइने बाह्रमासे गीतको लामो लय पनि दुई किसिमको पाइन्छ :-

(क) स्वर वर्णको विस्तार गरेर

प्रायः प्रारम्भमा 'ए' स्वरको स्थान विस्तार गरी पछाडिको अंशलाई अगाडि र अगाडिको अंशलाई पछाडि गरेर आवश्यकता अनुसार गीतको मूल संरचनामा रहेका स्वरलाई विस्तार गर्नाले गीतको संरचना जस्तो छ, त्यही अनुसार पनि बाह्रमासे गीतलाई लामो सुरमा गाउन सकिन्छ ।

जस्तैः– (गीतको मूल रूप)

ए. मेए..... लीइ...... छैइ........ नअ........... धाआँ......... सअ.........
ह्नआ........ तअ......... छैइ....... नअ........ लाआ......... ञ्याआ....... आआ....
सीइ ।

ए....... तेए......... रोओ....... सअ......... त्यए....... नाआँ........ शअ
भाआ....... ग्यए......... लेए......... ख्याआँ......... चाआ....... विइ.....
नीइ..... अ ॥

हात छैन लाग्या आँसी, मेली छैन घाँस ।

भाग्य लेख्याँ भाविनीअ, तेरो सत्य नाश ॥

## ५.२.२ विषयवस्तुका आधारमा वर्गीकरण र विश्लेषण

बाजुरा जिल्लामा बाह्रमासे गीतको परम्परा निकै पहिला देखि चलि आएको छ । समाजका सबै उमेर, लिङ्ग, र वंशका मानव हृदय एवं मनका अभिव्यक्ति र अनुभूति पोख्ने माध्यमका रूपमा रहेका बाह्रमासे गीतहरूले विविध विषय वस्तुलाई समेटेको पाइन्छ । परिवर्तनशील संसारका बहानामा वर्तमान समयमा आएर आधुनिकताका नाममा लोकगीतले विकृतिहरू सहन गर्नु परेको छ । त्यस्ता विकृति च्याउ झैं उम्रे पनि आखिर परम्परित मानवसँगै अहिलेको एक्काइसौं शताब्दीको खोल ओड्ने

कलाकारले फर्केर हेर्ने ठाउँ जसलाई 'पाखे' को नाम दिएर घृणा गर्छन् । बाह्रमासे वा बाह्रमासा गीतको मूल रूप नै हो । यो अनवरत तरिकाले परम्परादेखि आजसम्म आफ्नो बाटो नबिराइ बाँचिरहेको छ । सर्वसाधारणका जिब्रोमा बाह्रमासे गीतले सामाजिक, आर्थिक, धार्मिक आस्था लगायत समाजले मान्दै आएका रीतिरिवाज, चालचलन, वेशभूषा, जातभात जस्ता संस्कार र संस्कृतिका कुराहरूका साथै मानवीय जीवनमा आइपर्ने सुख दुःख, हर्ष, विस्मात्, आँसु, हाँसो, ओराली, उकाली, मिलन, विछोड, उमङ्ग र वेदनाका कुराहरू यिनै बाह्रमासे गीतका शब्दहरूमा संयोजित भएका हुन्छन् । त्यस्तै आर्थिक विषमता, भ्रष्टाचार र शोषणले गर्दा बिदेशिनु पर्ने बाध्यता, प्रेमी–प्रेमिकाको, प्रेम प्रणयको साटासाट, समाजका रूढी परम्परा, नारीले भोग्नु पर्ने कष्ट र प्रताडना, समाजमा देखिने विकृति र विसङ्गति जस्ता सामाजिक जन जीवनका सम्पूर्ण तीता मीठा कुराहरूलाई समेटेर बाह्रमासे गीतहरू लेक बेँसी, बनपाखा, देउराली, ओराली, उकाली, खेतका आली, आली जताततै सबैका बाह्रमासे जिब्रोमा झुण्डिएर मधुर स्वरमा गुन्जिरहेका सुनिन्छन् । प्रकृतिको नियम सँगै परिवर्तन भएर देखिने प्राकृतिक दृश्यावली, दैवी विपत्ति, असहज स्थिति आदि कुराहरू लाई पनि लोक जीवनको भावुक हृदयले वन जङ्गलमा वा एकान्त स्थानमा एकल रूपमा सुसेल्दै गरेका उमङ्ग र विरह वेदनामा अल्हादित कोकिल कण्ठले सदैव बाह्रमासे गीतको परिचय गराउँछ ।

समष्टिगत रुपमा भन्दा बाजुरेली बाह्रमासे गीतमा समाजका रीति रिवाज, संस्कार एवं संस्कृतिका साथै प्राकृतिक परिवेश ऐतिहासिक घट्नावली, मानवीय जीवनका विविध क्षणहरू सम्पूर्ण कुराहरू अंकित भएका हुन्छन् । यसरी विविध विषय वस्तुहरू यिनै बाह्रमासे गीतमा समेटिने हुनाले उक्त सबै पक्षहरूलाई समेटेर वर्गीकरण गर्नु न्यायोचित हुने भएकाले विषयवस्तुका आधारमा बाह्रमासे गीतलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

(अ) प्रकृति प्रधान बाह्रमासे गीत र

(आ) मानवीय क्रियाकलाप प्रधान बाह्रमासे गीत ।

### (अ) प्रकृति प्रधान बाह्रमासे गीत

प्राकृतिक दृष्टिले धनी बाजुरा जिल्लामा प्रकृतिका विभिन्न रूपहरूलाई अङ्कन गरेर गाइने गीतहरूलाई प्रकृति प्रधान गीत भनिन्छ । बाजुरा जिल्लामा यस प्रकारका गीतहरू जताततै सुन्न पाइन्छ । भिरपाखा, खोलानाला, हिमाल–पहाड, वनजङ्गल, डाँडा काँडा, ओराली उकाली जस्ता विविध भूभाग मिलेर बनेको यस जिल्लामा तिनीहरूको महत्त्व, संरक्षण, सदुपयोग जस्ता कुराहरूको साथै त्यस्ता भूभागबाट मानवीय जनजीवनमा आइपर्ने दुःख सुखका भाव र अनुभूतिहरू लोक हृदयले बाह्रमासे गीतमा समेटेर स्पष्ट्याएका हुन्छन् । यस्ता गीतहरूमा त्यहाँका प्रत्येक खोलानाला, वनजङ्गल, डाँडाकाँडा, भौगोलिक सिमाना, हिमाल, पहाड जस्ता सम्पूर्ण स्वरूपहरू बोलेका हुन्छन्,

जस्तै :-

१ कञ्चनजङ्गा हिउँ भइराख्न सगरमाथा हँला ।
बग्दै रनु सेतीगङ्गा अंजुलीले पिउँला ॥

२ अषाढ रोपेका खेत, गोडना भया साउन ।
भदौका पाकेका धान, असोज काटन झाउँला ॥

३ घाम हुँदी जेठका मैना, जाडो हुँदी मागु ।
चैत्र खेल्नु हाली पर्व, फागुन खेल्नु ॥

४ दिन साना पौषका मैना दिन लामा जेष्ठ ।
कैले होला मनका जसो कैले होला भेट ॥

५ विखम बज्याडी सम्म, खम्ममीका खम्म ।
सूर्य फूल कोपिला रचाँइ, म नआउदा सम्म ॥

६ लेखमा अैंसेलु पाक्या, खान्दे चरी खान्दे ।
बजका कोखेला बसी, सुख परान जान्दे ॥

७ जेठ बल आसार गल, साउँन जलथल ।

नभयाँइ धमिलो कहिल्यै, निर्मल गंगाजल ॥

८ डिलकोटेली डाँडामाणु धैक्किदो घाट है ।

दुख्ख धेख्छु सुवा तेरा प्रदेश बाट है ॥

९ मालिका धरमी डाँडा ऋषिकुण्ड मेला ।

हिमाल हिउँ पहाड गुराँस तराई भक्ति मेला ॥

१० फुली राख्नु लालीगुराँस म हिमालयको बेसी ।

हरियो जंगल बीचमा छहराको नेती ॥

११ धवलागिरी बनी दिउँला मिमी बेसी भया ।

बगुला कर्णाली बनी हिउँद सुक्न गया ॥

स्थान चिनारी सम्बन्धी गीतहरूका साथै त्यहाँका खनिज सम्पदा, जंगली जनावर, नदीनाला र जीव जनावरहरू बाट जन जीवनमा पर्ने अप्ठ्यारो जस्ता कुराहरू पनि बाह्रमासे गीतका माध्यमबाट स्पष्टिन्छ :-

जस्तै :-

१ मकै खाँदाई गहुँ खाँदाई गाँतलाका बाँदर ।

ओडो यसै पुडो यसै क्या चल्दो हो जाँगर ॥

२ हिउँद पानी बर्खा हानी सेतीले अढैछ ।

बला हाँसो वृद्धा नासो जिन्दगी यसै छ ॥

३ काग बस्या काउली रूख काल्च्या हुइ खोलाका ।

चडो मुसै शत्रु लाग्दा यै माइस चोलाका ॥

त्यसै समयको चक्रसँगै देखिने र बिलाउने वसन्तको सुगन्धित वातावरण बर्षायाको हरियाली, ग्रीष्मको गर्मी एवं सुख्खापन, हेमन्तको हिउँ र तुषारो जस्ता

प्रकृतिका विभिन्न रूपहरूलाई पनि लोक जीवनले बाह्रमासे वा बाह्रमासा गीतका शब्दम समेटेका हुन्छन् । वसन्तको मगमगाउँदो वातावरण, कोइलीको कुहुकुहु आवाज, लालीगुराँसले रङ्गिएको जङ्गल, वर्षायामको हरियाली, उर्लदाँ हुरी र बतास, नाङ्गा डाँडाकाँडा आदि प्रकृतिका विभिन्न रूपहरूले मानव हृदयलाई निकै भावुक वा उदासीन बनाएको हुन्छ । कुनै अवस्थाले लोकबासीलाई गीत सँगै उमङ्गमा नचाएको हुन्छ भने कुनै अवस्थाले आँसुमा भिजाएको हुन्छ । लोकले प्रकृतिका ती राम्रा नराम्रा सबै अवस्थालाई टिपोट गरी वनजङ्गल, खोलानाला, पहाड–बेसी, घाँसे फाँट, खेतवारी जहाँ भए पनि बाह्रमासे गीतको मधुर एवं सुरिलो भाकामा गाएर आ आफ्ना अनुभव र अनुभूतिहरू पोख्छन् र आनन्द लिन्छन् । यस्तो अवस्थामा गाइने केही गीतहरू यस्ता देखिन्छन् :-

१ अषाढ हरिया बीउको भुरूनो काटुँकी ।
छकि साइ सेरी खेत रोपाइँ भुलठी बाटुकी ॥

२ कालो लेक रमाइलो हुँदो काफल पाक्नाले ।
मालिका रमाइलो हुँदो हिउँले ढाक्नाले ॥

३ वनै भरि लालीगुराँस खेतैभरी प्याउली ।
फागुन देखि वैशाख सम्म सँगै गाउन्या न्याउली ॥

४ साउनभाद्र बाडी–पैरा चैत–बैशाग रूडा ।
जेठमास गर्मी हुँदी पुष बाल्ना मुडा ॥

५ ऐंसेलु पाक्याका वन काफल पाकि झन्ना ।
मु अभागी प्रदेशै हु साथी सङ्गी खान्ना ॥

६ फूल फुल्दा असोजका मैइना घरका आँगन ।
भाइपूजा भाग्यमै छैन क्या आउला भाइपन ॥

७ बैसाग पहेला गौंकि बाटि लाउनु घोगी ।

घर आ साइ प्रदेश छोडी बरू हौंली जोगी ॥

८ लाउँ भन्या कपडा कसा खाँउ भन्या आल कसा ।

कइल्यै रूडा कइल्यै बाडी समयकाल कसा ॥

९ शरदको आकाश कसो पुनिको जून कसो ।

समुद्रको पानी कसो माएको खुन कसो ॥

१० गौतला भैसीका खर्क दोगाव्याका स्याउला ।

खेतभरि जमात्या घाँस डिट–भिटा प्याउला ॥

११ घरको विहालो खेख्दा, रातभरी रूनु छ ।

पोरसो बोक्नु काम गर्नु कपडा धुनु छ ॥

१२ कैं काई पोई नोकरी खाँदा, केही खेल्दा तास ।

कमाई खाने जग्गा छैन, क्या खाने हो गाँस ॥

यस्तै प्रकारका प्रकृतिमा विभिन्न अवस्था र दृश्यलाई उद्दीपन विभाव र अलङ्करण सामग्री बनाएर आफ्ना भावको अङ्कन गरिएर निकै गहिराइमा गाइन्छ । यी गीतहरूले त्यहाँको प्राकृतिक दृश्यलाई झल्काउनुका साथै त्यसले बाजुरेली जनजीवनलाई पार्ने मानसिक र भौतिक प्रभावका बारेमा पनि स्पष्ट पारेको पाइन्छ ।

**(आ) मानवीय क्रियाकलाप प्रधान बाह्रमासे गीत**

बाजुरा जिल्लामा गाइने बाह्रमासे गीतहरू मध्ये सामाजिक जनजीवन, रीतिरिवाज, संस्कृति, प्रेम प्रणय आदि जस्ता विभिन्न परिवेश तथा परिस्थिति एवं अवस्थाका कुराहरू लाई लिएर अङ्कन गरी गाइने गीतलाई मानवीय क्रियाकलाप प्रधान गीत भनिन्छ । परम्परादेखि नै बाह्रमासे गीत गाउने प्रचलन रहेको यस जिल्लामा समाजमा चल्दै आएका संस्कार, संस्कृति आदि यावत् कुराहरूलाई यहाँको जनजीवनले बाह्रमासे गीतका माध्यमबाट बचाई आजसम्म ल्याइ पुऱ्याएका छन् ।

त्यस्तै वर्तमान समाजको आर्थिक र शैक्षिक अवस्था, धार्मिक विश्वास मानमर्यादा, विकृति र विसङ्गति, परम्परित मान्यताप्रति आस्था, अनास्था, अन्याय र शोषण, परम्परित चिन्तनले खुम्चिएको जन जीवनको अवस्था आदि विविध कुराहरूलाई समेटेर बाह्रमासे गीतहरू गाइएका हुन्छन् ।

जस्तै :-

१ बिहानमा खाना गरी, दिउँसो घाँस जानु ।

भोकले पेट सुकी जान्छ, बाह्र बज्या खानु ॥

२ श्रीमानको कुँटाइ खनु, सासुको कच्च कच्च ।

त्यसा कुरा सुन्या पछि, मन हुन्छ घच्च घच्च ॥

३ चोखा जाति सुन सरी बिटुला फलाम्या ।

तलमाथि भेद हाल्या धर्मे हो विकाम्या ॥

४ धरघर नाई बाबाजीका जंगल डेरा नाई ।

न छोड्नु कुलको धर्म स्वर्ग र नर्क नाई ॥

यहाँ पहिलो गीतले बिहान खाना बनाउनु पर्छ र दिन भरी घाँस काटेर दिन बिताउनु पर्दछ, । भोक लागे पनि ठीक समयमा खाना खान मिल्दैन । जहिले पनि १२ बजे नै खाना खान मिल्छ भन्ने कुरा प्रस्तुत गरेको पाइन्छ । त्यस्तै दोस्रो गीतले पनि दिनभर काम गरेर आएका महिलाले श्रीमानको कुटाई (पिटाइ) खानु पर्छ र सासुले झगडा गर्छन् । त्यस्तो अवस्थामा मनमा विभिन्न किसिमका भाव उत्पन्न भएर दिग्दारी हुनुको साथै उसको मनसम्म चोट पुर्‍याएको भाव प्रस्तुत गरेको पाइन्छ । तेस्रो गीतले ठुलो जातका भनिनेहरू जहाँतही चढाइने वा काममा आउने सुन र तल्लो जातका मानिस केही काम नलाग्ने फलाम जस्तै बिटुला भनेर मानिस मानिसमा पनि भेदभाव गर्ने धर्म बिकम्मा नै हो भन्ने अर्थ व्यक्त गर्न खोजेको छ । चौथो गीतले समाजको मूल्य, मान्यता, चालचलन, रीति रिवाज आदिले कोही व्यक्तिले छोडेर साधुको स्वाँङ रची आफ्नो कर्तव्यबाट टाढा हुँदा न घरको न घाटको झैं हुन्छ । त्यस्तै

कुलको धर्म आत्मसात् गर्नु गऱ्यो भने मानिस नै देवता बन्छ र पृथ्वी नै स्वर्ग प्राप्त गर्छ । यदि बाबु बाजेको धर्मलाई पालना गरेन भने उसले पृथ्वी मै नर्कको अनुभूति गर्न बाध्य हुनुपर्छ भनेर कुलको धर्म मान्नु पर्छ भन्ने भाव व्यक्त गर्न खोजेको छ ।

त्यसरी नै व्यक्तिगत जीवन यापनका लागि कठोर परिश्रम गरे पनि हातमुख जोर्नका लागि आइपर्ने समस्या, गरिबी र शोषणले गर्दा बिदेशिनु पर्ने अवस्था प्रेमी प्रेमिकाको प्रणय भावको साटासाट, सामाजिक अत्याचारमा पिल्सिएको नारीको रोदन आदि जस्ता उमङ्ग वा वेदनाहरू पनि बाह्रमासे गीतका माध्यमबाट व्यक्त गरिएका हुन्छन् ।

जस्तै :-

१ हिउँद काट्या बर्खा काट्या नाँग नाँगाइ पिढीले ।
छोरा छोरी रूल्लटुल्ल क्या अरू चिठीले ॥

२ घर छ खरल्या सासु बनै खाइहेल बाग ।
खाउँ खाउँ भन्दो बालो उमेर नहाल्याका भाग ॥

३ गाँउ घर खायो मुखियाले देश खायो ठालुले ।
एक खेत छियो साउले लियो पेट पाल्छु आलुले ॥

४ तँ होइर फूलको भागी मु हउँला भुमरो ।
बाह्रैमास घुम्दै रउँला आश मगि तुमरो ॥

यहाँ पहिलो गीतमा आधा शरीरलाई ढाक्ने फाटेका लुगा लगाएर नाङ्गो शरीरमा मैले हिउँद र बर्खा (बर्षायाम) कष्टका साथ बिताएँ भने छोराछोरीले पनि लगाउन र खान नपाई नाङ्गै र भोकै टुहुरा जस्तै दिन गुजारिरहेका छन् । यस्तो अवस्थामा पैसा पठाएको भए केही गर्जो टारिन्थ्यो । यो चिठीका पाना मात्रले के गरूँ भनेर स्वदेशमै बसेर रहेकी नारीले विदेशमा रहेका पतिको पत्र पाउँदा व्यक्त गर्न खोजेका भावना दर्साइएका छन् ।

दोस्रो गीतमा एकान्त जङ्गलमा काम गर्न गएकी, बुहारी घरमा कर्कसा तथा सधैं अपजस गर्ने कठोर हृदयकी सासु भएकीले घरमा फर्केर जानुभन्दा यही बनका बाघको आहारा बनेर मँरू र केही नपाएर पनि हरेक कुराको चाहना गर्ने यो बालो उमेर व्यर्थ छ भन्न खोजिएको छ । त्यस्तै तेस्रो गीतमा गाउँ घरदेखि केन्द्र सम्मै ठूला ठालुहरूले गरिब सर्वसाधारण माथि गरेको शोषण र दमन बारे व्यक्त गर्न खोजेको छ । चौथो गीतमा दुई प्रेमी प्रेमिका बिचको प्रणय प्रेमलाई विप्रलम्भ श्रङ्गार रस भावमा व्यक्त गर्न खोजेको प्रष्ट हुन्छ ।

यसरी यी गीतहरूले एकातिर सामाजिक चालचलन, रीतिरिवाज, संस्कार, संस्कृति वेशभूषा, मानमर्यादा जस्ता कुराहरूलाई समेटेर सिङ्गो सामाजिक अवस्थाको चित्र दिइएको छ भने अर्कातिर व्यक्तिगत जीवनमा आइपर्ने सुख, दु:ख, मिलन, बिछोड, प्रेम, प्रणय, आँसु, हाँसो, हर्ष, विस्मात् लगायत नारीहरूका पीडा, आर्थिक दुर्दशा र ठुला बडाको खोल ओढेर सर्वसाधारण एवं गरिब निमुखामाथि शोषण र दमन गर्ने जस्ता उमङ्ग र वेदनाका भावना लाई व्यक्त गरेका हुन्छन् । यस्ता विविध कुराहरूको अङ्कन गर्ने गीतहरूलाई पनि सजिलो अध्ययनका लागि अलग अलग रूपबाट व्याख्या गर्नु उपयुक्त हुने भएकोले तिनलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

### (क) **सामाजिक रीति रिवाज सम्बन्धी बाह्रमासे गीत**

जुनसुकै समाजको पनि आफ्नै किसिमको सामाजिक रीतिरिवाज र चालचलन हुन्छ । यो रीतिरिवाज र चालचलनलाई मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा पुऱ्याएर जीवित राख्ने काममा त्यही समाजको लोकसाहित्य मुख्यत : लोकगीतले ठुलो भूमिका खेलेको छ । त्यहाँ गाइने अधिकांश बाह्रमासे गीतहरू सामाजिक रीति रिवाजसँग कर्म, देवी देवताहरूप्रतिको विश्वास, ईश्वरप्रतिको आस्था, पुनर्जन्मको धारणा, नारीप्रतिको दृष्टिकोण, सामाजिक मानमर्यादा, जातीय पेश, आधुनिक शिक्षाप्रतिको धारणा जस्ता अनेकौं सामाजिक मान्यताहरू लोकजीवनले गाउने बाह्रमासे गीतका शब्द शब्दमा र लय लयमा समायोजन गरिएका हुन्छन् भन्ने कुरा गीतहरू बाट स्पष्ट हुन्छ । जस्तै :-

१ जीवन गयो पौरख गयो सबैले हेप्ता छन् ।

भोको नाङ्गो धेक्यापछि गाँउल्याले चेप्ता छन् ॥

२ माइत मेरी आमा छैनन् पोइल सौंत्या गाँठो ।

कोइ छैन एक्लाकी एक्ली मन बुझाउन्या बाटो ॥

३ अझ पनि अर्दाइ छौ कि देवीको भाकता ।

छोइ–छिटो हाल्दाई छौ कि समय ग्यापन ॥

यहाँ पहिलो गीतमा शारीरिक र आर्थिक कमजोरीका कारण समाजमा सबैले हेला गर्ने र निर्दोषीलाई पनि दोषारोपण गर्ने गर्छन् भन्ने अर्थमा बुढेसकाल लागेपछि र गरिबीका कारण भोको नाङ्गो रहेपछि आफू बसेको गाउँका छिमेकीहरूले पनि अनावश्यक दुःख दिन्छन् भनेर समाजमा गरीबी र धनी, बलिया र निर्बलिया बिचको भेदभाव देखाउन खोजेको छ । दोस्रो गीतमा नारीका समस्या देखाउने क्रममा माइतमा आफूलाई माया दिने आमा नभएको र घरमा पनि रात दिनै झगडा गरेर पिरोलिरहने सौता सँगको जीवन यापनले गर्दा आड भरोसा दिने कोही पनि नभएर सदा एक्ली तड्पिएर बाँच्न बाध्य स्त्रीको ताडना एवं सास्तीलाई यहाँ प्रस्तुत गरिएको छ । तेस्रो गीतमा सामाजिक रीतिरिवाज, चलचलन, धर्मकर्म, जातभात एवं छुवाछुतका बारेमा चर्चा गर्ने मान्छे मान्छे बीचको भेदभाव गर्ने समय नरहे पनि तपाईंहरूले अझसम्म त्यो मानवीय धर्म विपरीत जातीय उचनिच, छुवाछुत, धामी झाँक्री तथा पत्थर पुज्ने जस्ता रूढीवादी परम्परा छोडेका छैनौ कि भनेर साना जातका मानिने वर्गका व्यक्तिले ठूला जातका मानिसलाई मानवीय देखाउन खोजेको छ ।

समाजमा परम्परित धारणा अनुसार मान्छेका सम्पूर्ण दुःख, सुर्ता, आपतका कारणका रूपमा भाग्य र कर्मलाई अघि सारेको छ । अज्ञान र भ्रम जस्ता परम्परागत धारणाप्रति औंला ठड्याउने काम अब हुन थालेको भनिएको छ ।

जस्तै :-

१ तल काट्याँ मालु लरो टुपा गई बेरियो ।

कि लेख्न्या भाविनी भुली कि कलम फेरियो ॥

२ जेठाजु भैंसीका खर्क जेठानी छुइ छन् कि ।

आदी सुखी–आदी दुःखी भगवान दुई छन कि ॥

३ हात छैन लाग्न्या आँसी भेली छैन घाँस ।

भाग्य लेख्न्या भाविनिअ तेरो सत्यनाश ॥

४ भाविनीले भाग छुट्याउन मकन भुलिगई ।

एक बैरी भगवान छियो अर्को बैरी तु भई ॥

यहाँ पहिलो गीतमा भाविनीले लेख्न, भुल्न, अर्को कलम फेरिनु, सुदिन जन्म नहुनु अथवा कर्म खराब हुनाले नै दुःखका दिन निम्त्याइएको कुरा व्यक्त गरिएको छ । त्यस्तै दोस्रो गीतमा केही सुखी र केही दुःखी हुने गरी मान्छेलाई छुट्याउने भगवान् एउटै हुन सक्दैन भनेर परम्परागत धारणा माथि प्रहार गरिएको छ । यसैगरी तेस्रो गीतमा भाग्य निर्माण गर्ने भनिने भाविनीको सत्यनाश होस् भन्दै धारे हातले ठटाइएको छ भने चौथो तथा अन्तिम गीतमा भगवानलाई वैरीका रूपमा लिइएको छ । यहाँ दुःखले सँधैं दुःखीमै र सुखीले सँधै सुखमै बाँच्नु पर्ने चलन प्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

बाजुरा जिल्लामा गाइने बाह्रमासे गीतले समाजका अनेकौं रीति रिवाज, चाल चलनलाई समेट्नुका साथै अन्धविश्वासी र समाजलाई साँघुरो घेरामा राख्ने परम्परित मान्यताको विरोधका कुराहरूलाई पनि समेटेको पाइन्छ । यसरी गाइने गीतहरूमा सिङ्गो समाज र सामाजिक अवस्थाका सबै कुराहरू अभिधात्मक मात्र नभएर लाक्षणिक रूपमा पनि आएको प्रष्ट हुन्छ ।

**(ख) कर्म वा श्रमसम्बन्धी बाह्रमासे गीत**

कर्म गीतको शाब्दिक अर्थ धेरै लागे पनि लोक साहित्यका सन्दर्भमा भने यसको अर्थ श्रमगीत वा कामका गीत भन्ने हुन्छ । श्रम गीतले लोकलाई एकान्ततर्फ आफ्ना दैनिक दिनचर्या वा काम गर्न नयाँ नयाँ जोस र जाँगर प्रदान गर्छ भने अर्कोतर्फ श्रमको थकानलाई बिर्सेर आनन्द प्राप्त गर्न मद्दत गर्छ । विशेष गरी बाह्रमासे गीत लोकगीतको एक महत्त्वपूर्ण पाटो भएकाले यसमा नै स्थानीय जन जीवनको जन्मदेखि

मृत्यु पर्यन्त सम्मका सम्पूर्ण व्यथाहरू एवं आँसु, हाँसो आएको हुन्छ । यसैले के जेठ के असारे एवं रोपाइँ, के हली एवं बाउसे, के घाँसे एवं भदौरे, यो सबै कार्य वा श्रम गीत नै हुन् । विशेषतः काम गर्दा लोकले त्यसबाट अनुभव वा अनुभूति गरेका आनन्द र कठिनाई दुवै पक्षको विस्तार यिनै गीतका माध्यमबाट प्रकट गरेको हुन्छ । त्यसैले बाह्रमासे गीत भित्रको महत्त्वपूर्ण एक पाटोका रूपमा कर्म गीतलाई लिने गरिन्छ । विशेष गरी ग्रामीण क्षेत्रका किसान सँग सम्बन्धित कर्मगीत दुइचार महिनाको विश्राम पछि पुनः क्रियाशील रहने भए पनि उनीहरूको हृदयका त्यसप्रतिका भावना भने झन मलजल पाएर फस्टाएका हुन्छन् । नेपालीहरूको अधिकांश जीवन कृषि कार्यमै बित्ने गरेको पाइन्छ । श्रम गीतले नेपाली समाजमा ठूलो ठाउँ ओगटेको छ । कुनै साहित्यिक विधाका रूपमा चिनेर वा नचिनेर भए पनि कर्म गीत लाई काम प्रतिको उत्प्रेरक र थकानको सुलभ माध्यमका रुपमा स्थानीय जन जीवनले लिएको हुन्छ ।

बाजुरा जिल्लाको परिप्रेक्ष्य वा परिवेशमा हेर्दा यहाँका लोक जीवनबाट यस्ता प्रकारका उत्साह, प्रेरणा र थकित गलित मन एवं शरीरलाई सान्त्वना एवं आराम दिलाउने किसिमका बाह्रमासे गीतहरु, परम्परादेखि संरक्षित गरिदैं आएका छन् । यसैले यस्ता कर्मगीत बाजुरेली जन जीवनले गर्ने श्रम वा कार्यमा विषयगत भिन्नता पाइन्छ । त्यस अन्तर्गत कहिले बिरह वेदना एवं पीडा सम्बन्धी गीत त कहिले हर्ष उल्लासका गीत, कहिले प्रेमीप्रेमीकाका मिलन बिछोड सम्बन्धी तीता मिठा प्रणय भावुकताका राग त कहिले नीति-नियम एवं धर्म कर्म सम्बन्धी गीत । कहिले काम गर्दाको थकानका गीत त कहिले त्यसबाट पाइने आनन्दका गीत सुसेल्दै गरेर आफ्नो दिनचर्या क्रम पूरा गरी विश्रान्ति लिनु बाजुराली जनजीवनको श्रमगीतप्रतिको पहिचान हो । यसै सिलसिलामा यहाँको लोक जीवन कहिले जेठको टन्टलापुर घाममा चैते धान गोड्दै आफ्ना मनका थोपासँगै पोख्छन् भने कहिले असारे हिलोसँग रमेर त कहिले साउने सिमसिम र छिनछिनको झरीमा कुहिरोले छोपेका वनपाखामा घाँसे गीत भुलेको पाइन्छ । यहाँको लोक जीवनले असोज कार्तिकको बाली वा दाइँ गीतमा नयाँ सपनासँगको प्राप्ति सँग नयाँ जोस र जाँगरका श्रमगीत सुसेली थकान एवं आनन्द लिन्छन् भने मंसीरमा हली एवं बाउसे गीत गाएर खेतका आली आली र कान्ला

कान्लामा श्रमगीतका मीठा एंव सुरिला ध्वनि घन्काउँछन् । जेठ, बैशाखको गर्मी सँगै गाइने लोक लहरी, पुष, माघको उग्र चिसोमा पनि कामको चौतर्फी चपेटाबाट आफू उम्केको महसुस गर्दै थकानका वा बिश्रामका कर्मगीत गुन्गुनाएर आपसमा रमाइलो गरी नै रहेका हुन्छन् । फागुनमा फागु गीतको सुसेलीले बसन्ते गीतको आगमन गराउँदै वैशाखे गीत गाइएको पाइन्छ ।

जस्तै :-

१ असाढ हरिया बिइकी भुरूनी बाटुकी ।
छकि साइ गैरी खेत रोपाई चुलही बाटुकी ॥

२ घामले कलेजी पोल्यो बेल छोपी दे बाल्दा ।
जेठ घाम न पुष जाँडी यै लादाका लाग्दा ॥

३ मेली लुक्ष्या पलाईका काट्या सक्क छिनमा ।
भैंइसो किनी लेक भनु दुनु भित्रै दिनमा ॥

यहाँ पहिलो गीतमा खेतमा रोपाइँ छ भने म कपाल कोरेर चिटिक्क परी सिँगारिएर आउँछु किनभने असारमा एक स्त्रीले आफ्ना मन मिल्ने देवरलाई व्यक्त गरेको भाव उक्त गीतका माध्यमबाट आएको छ । त्यस्तै दोस्रो गीतमा यो पेट भएर नै मनुष्यले जेठको गर्मीलाई र पुषको चिसोलाई चिसो नभनीकन सधैं एकनासले काममा जोतिनु परेको हो । यो घामले पनि भित्री कलेजी जल्न लागि सक्यो बरू उताको बादल यता आएर सूर्यलाई ढाकी देऊ न ! भनेर जेठको टन्टलापुर घामले गर्दा खल्खल्ती बगेका पसिना पुछ्दै गरेकी स्त्रीले उक्त कुरा जेठको महिना गोड्दै गीतका माध्यमबाट व्यक्त गरेको छ । त्यस्तै तेस्रो गीतमा साउन, भदौको जताततैको हरियाली नै हरियाली तथा जहाँतहीँ 'लुछ्या' नामको घाँस पाइने हुदाँ यस्तो समयमा दुहुनु भैंसी किनेर गोठमा जानु धेरै आनन्द र रमाइलो लाग्यो भन्ने भावका साथ बर्षायामको बर्णन गर्न खोजिएको छ ।

समाजमा विभिन्न नाम र बहानामा सर्व साधारण लाई ठूलाबडा भनाउँदाहरूले थिचोमिचो गरिरहेका हुन्छन् । त्यस्तै बाह्रमासे गीतको एउटा मुख्य पक्षका रूपमा

रहेको श्रमगीतमा किसानहरूका भावना छचल्किने हुँदा तिनीहरू टाढा रहे पनि सधैं त्यही ओराली, उकाली र त्यही मेलापातको सम्झनामा त्यस बेलाका अनुभव र अनुभूतिलाई बटुली गीतका रूपमा गुनगुनाउने गर्दछन् ।

जस्तै :-

१ असाढ लाईं मंसीर लाईं पल्लाघरका ।

हात छोन्या झड्दैन दिंसा ठूलाबडा साउका ॥

२ बर्सि दे फागुनका मैना चौताणी धानकी ।

जोत्न सक्या धर्तीमाता जन्मिन्छन् जानकी ॥

३ ताजाइ छन कि हलका बल्ल खेतीपाती लाउन ।

सम्झन्छु मंशीरको मैना सकिंदैन आउन ॥

४ बाउरू लईाँ तिउरू लाईाँ मंसीर गँहु बुन ।

दाइना भया कुटीकुटी फल्या सरी सुन ॥

पहिलो गीतमा सर्वसाधारणले ठुलाबडा भनाउँदाको जति चाकडी गरे पनि उनीहरूबाट कुनै दया न देखाइने हुँदा ठूलाबडा मान्छे भन्नु नाम मात्रका हुन् र समाजका कलङ्क हुन् भन्ने अभिव्यक्ति पाइन्छ । दोस्रो गीतमा जमिनलाई धर्ती माता र त्यसबाट उब्जने अन्नबालीलाई जानकीको रूप ठान्दै बर्षा आयो भने मात्र खेत जोतेर खेत रूपी धर्ती माताबाट अन्न रूपीको जन्म हुन सक्ने कुराको अभिव्यक्ति आएको छ । सधैं धर्तीसँग जुधेर खेतमै पसिना पोखी खेतमै जीवन बिताउन किसानले दिन खोजेका छन् । त्यस्तै तेस्रो गीतमा घरमा खेतीपाती लाउने गोरूलाई के कस्तो छ, मंसीरका महिना खेतमा काम गरेको झल्झली सम्झना आउँछ, के गर्नु ! गरिबी हालले गर्दा सोचेको पुग्दैन भनेर गाउँ घर छोडेर विदेश गएको प्रदेशीले किसानहरू घर छोडेर गए पनि उनीहरूलाई श्रमप्रतिको चासो र बस्तुभावको ख्याल कति हुँदोरहेछ भन्ने कुरा यहाँ व्यक्त भएको छ । अन्तिम गीतमा हे धर्ती माता ! मैले मान्छे खोजखाज गरी मुश्किलले मङ्सीर लगाएकी छु, कत्ति बिग्रेर मानामा मुरी फल्नु भनेर

लोग्ने विदेश गएको र काममा आफन्तजनले पनि नसघाएको अवस्थामा गाउँका गरिब परिवारहरू त्यही माटोलाई नै भरोसा गरी आफ्नो मिहिनेत र परिश्रमको मूल्याङ्कन गर्ने जिम्मेवारी त्यसैलाई सुम्पने गरेको कुरा छ ।

यसरी बाजुरा जिल्लाका अधिकांश स्थानीय सबै साधरण समाजमा दिन प्रतिदिन बढिरहेको ठूलाबडा भनाउँदाहरूको हैकम वाद, एक अर्का प्रतिको सहयोगको भावना, गरिबीका कारण विदेश गएका परिवारजनका अप्ठ्यारा जस्ता र जे भन्दा पनि कर्म गर्ने किसानहरू आफ्नो काम प्रतिको लगाव र सम्झनामा नै डुबेर ती अनुभव र अनुभूतिहरूलाई बाह्रमासे गीतका माध्यमबाट व्यक्त गर्न पछि परेका हुँदैनन् ।

**(ग) आर्थिक एवं सामाजिक शोषण सम्बन्धी बाह्रमासे गीत ।**

अन्य नेपाली जनताहरू झै बाजुरेली जनताको जन जीवनको पनि मै हुँ भन्ने वर्गबाट शोषित र पीडित हुनबाट बच्न सकेको देखिँदैन । अन्य ठाउँको भन्दा लामो समयदेखि राजा, रजौटा, मुखिया, नाइके, जमिनदार, पञ्च, भलाद्मी तथा अन्य ठूला ठालुका घुन पिसाइमा पिसिंदै अएको यहाँको जन जीवनले रस निचोरिएको उखुको खोस्टा झैं भएर असहायको सास फेर्नु परिरहेको छ । मीठो खाना र राम्रो नाना उनीहरूका लागि सपना भएको छ । अरू त के कुरा, घरमा भएका आँखालाग्दा बस्तुभाउ जोगाउन पनि उनीहरूलाई गाह्रो छ । कुन दिन कुन फटाहाले के निहुँले चिजबिज र माल समान उठाउँछन् भनी उनीहरूले थर्कमान भइ रहनुपर्छ । यसरी यहाँका सामन्ती राँइदाँइले एकातिर गरिब निमुखा सर्व साधरणको लगाउने लुगाफाटो र खाने गाँस खोसिरहेका हुन्छन् भने अर्कातर्फ जातीय धाक धक्कुको ढलीमली पनि जिउँदै छ । तल्लो जातका भनिने, कामी, दमाई सार्की सुनार अदिले धारा कुवा छुनु त परै जावस्, घरको आँगन सम्ममा पनि निश्चित ठाउँ पार गर्न नपाइने नियमको हैकम चलिरहेको हुँदा संसारका धेरैजसो मान्छेहरूले सुन्न मात्र पाउँदा पनि जिभ्रो काढ्छन् होला तर यो बाजुरा जिल्लाको कटु यथार्थ कुरा हो । यस्ता ठुलो जात तथा वर्गको माल बोक्दै जानेहरू लाई सोध्यो भने अहिल्यै यतिबेला पनि ढाकछोपको प्रयास पाइन्छ तर यथार्थ भने उल्टो छ । जातीय भेद भावको यस चरम, लक्षणरेखाले पनि आर्थिक शोषण जत्तिकै समाजलाई फलामे किला छातीमा बिझे सरहको सास्ती र पीडा

दिइरहेकै छ । यसैगरी बाजुरा जिल्लामा माथिल्लो वर्ग भनिनेहरूले साना वर्गहरूलाई हेप्ने किसिमको वर्गीय भेदभाव पनि कायमै छ । देशभित्रै घटेका कैयो घट्नासँगै ०६२/०६३ को १९ दिने जनआन्दोलन र त्यसपश्चात् नेपाली भूमिमा आएको परिवर्तनको प्रभाव विश्वमै परिसके  तर बाजुरा जिल्लाका अशिक्षित र निमुखा गरिब सर्वसाधारण परिवारलाई यस परिवर्तनले तिलभर सम्म छोएको पाइँदैन । उनीहरू ठूलो वर्गबाट हिजो पनि पीडित थिए र आज पनि पीडित नै छन् । थाहा भएरै पनि केही भनौ र गरौं भने बिहान बेलुकाको गाँस पो खोसिने हो कि भन्ने डर टाढैबाट घोप्टो शिरमा झुकेर हिंड्न उनीहरू आज पनि बाध्य भएका छन् । साना जात एवं काम गरेर आफ्नो गाँस, बास र कपासको गुजारा गर्ने र यस्तो परिस्थिति आउँदा ठुला ठालुहरूले तिनीहरू माथि सधैं मोज गर्ने प्रथा यहाँ जस्ताको तस्तै कायम छ । समाजका राइदाइँ गर्ने सामन्तीका केही अचाक्ली तलका बाह्रमासे गीतमा यसरी आएको छ ।

जस्तैः–

१ जिउ रयो न जीवन यो बग्ण फुल्या कासको ।
डिब्या ताउली हिँडिगयो क्या भरोसा बाको ॥

२ सुनारका आफरउँदो सुन कति चुयो हो ।
जोन्या बल्ल बाट लाग्दा मन कति रूयो हो ॥

३ साउकारका पाँच छ हली आदा बाँजै सेरो ।
मुखी रे रामरामका दुःख्ख तिपी हिंड्नु जेणो ॥

यहाँ पहिलो गीतमा जसरी नदीको तिरमा उम्रिने काँसको फल्ने, फूल्ने सम्भावना एकदमै कम हुन्छ त्यसरी नै भाँडाकुडा उठाएर लिने साहुले आफू बस्ने घर हडप्न के बेर भनेर समाजमा धनी मानिसहरूले गरिबमाथि गरेको शोषणका बारेमा व्यक्त गर्न खोजेको छ भने दोस्रो गीतमा पनि साहूहरूले आफ्नो खेतमा जोतेका गोरू नै हिंडाएर लिंदाको अवस्थाले गरिब तथा शोषित पक्षका मनको पीडा एवं सास्ती बताउन सकिने खालको हुँदैन भन्ने अभिव्यक्ति छ । समाजभित्र बढिरहेको आर्थिक

शोषणका बारेमा दर्शाउन खोजिएको छ । त्यस्तै तेस्रो गीतमा धनी मानिसले खेती लगाउन नसकेर आधा बाँझै रहने तर गरिबले भने खेतका नाममा आफू उभिन सम्मको ठाउँ पनि पाउन नसकेको समाजमा दिन प्रतिदिन धनी र गरिब बीचको दुरी बढ्दै गएको कुरा व्यक्त भएको छ । त्यस्तै प्रकारले समाजमा देखिने आर्थिक विषमताका कारण कसैले धन सम्पत्तिमा मोज गरेको पाइन्छ । राम्रै खाएर राम्रै लगाएर आनन्दका साथ जीवन निर्वाह गरेको हुन्छ भने कसैले रातदिन कडा परिश्रम गरेर पनि ती हुने खानेहरूका घरमा आँसु चुहाएर पनि कैयौं दिन साग र सिस्नुले पेट भर्न पर्ने आर्थिक विषमताको यथार्थलाई बाह्रमासे गीतका माध्यमबाट छर्लङ्ग्याएको हुन्छ : - जस्तैः–

कसुइखि कम्पनी माला, कसुइखि पोत्याइ नइ ।

कसुइखि वासमती धान, कसइखि कोद्या नइ ॥

यस गीतमा समाजमा देखिने आर्थिक विषमतालाई निकै मार्मिक तरिकाले चित्रण गरिएको छ । समाजलाई झन् झन् गरिबीतिर धकेल्नमा सामाजिक शोषणले ठूलो भूमिका खेलेको हुन्छ । समाजका ठालुहरूले सर्वसाधरणहरूलाई कसरी शोषण गर्दा रहेछन्  र ती शोषितहरूलाई कतिसम्म गरिब भएको हेर्न रहेछन् भन्ने कुरा पनि रोदनपूर्ण भावमा बाह्रमासे गीतका भाकामा शोषित, पीडितहरू ओकेल्छन्, जस्तैः–

एक खेत छ्यो मुख्याले लियो बाली न तिन्नले ।

परानी कसोरी पालु रू बनका सिन्नले ॥

यस गीतमा सामाजिक शोषणलाई उदाङ्गो पार्दै आफूले कसरी जीविकोपार्जन गर्ने भन्ने बारेमा वेदना पोखिएको छ । यस्तै प्रकारका गीतका माध्यमबाट समाजमा देखिने गरिबीको स्थिति, सामाजिक शोषण, आर्थिक विषमता जस्ता कुराहरूलाई बाह्रमासे गीतका माध्यमबाट चित्रण गरिएको पाइन्छ ।

**(घ) नारी समस्या सम्बन्धी बाह्रमासे गीत**

बाजुरा नेपालका ७५ जिल्लाहरू मध्येक सांस्कृतिक विविधता भएको एउटा जिल्लाका रूपमा रहेको छ ।  पछाडि रहेको सुदूर पश्चिमका केही जिल्लाहरू मध्येको

एक अति सीमान्तीकृत जिल्ला यो हो । यहाँका अधिकांश मानिसहरू बेरोजगार र प्राकृतिक प्रकोपका कारण हातमुख जोर्ने समस्याको समाधानका लागि बर्सेनी भारत तिर जान बाध्य छन् । बिदेशीनेहरूमा गरिब, पिछडिएका बर्ग, दलित लगायतका प्रमुख छन् र अधिकांश एकल रूपमा गए पनि केही भने स–परिवार नै घर छोडी विदेशिन बाध्य भएका छन् । यस अवस्थामा परदेश गएकाहरूका परिवारले कमाउला र छिट्टै आउलाको आशमा दिन गन्दै बर्ष पार गर्नु पर्ने बाध्यता एकातिर छ । यहाँको स्थनीय परिवेशलाई अध्ययन गर्दा कोही त विवाह गरेकै दोस्रो दिन नव दुलहीलाई घरमै छोडेर विदेशिन बाध्य भएका छन् । पछि पति घरमा नहुँदा ती नारीहरूले भोग्नु परेका अनेक समस्या र ताडना भोग्नु परेको हुन्छ । उनीहरू एकान्त वा एक्लै भएक बेला कुण्ठा बाह्रमासे गीतका माध्यमबाट सुसेलेर त्यहाँको परिवेशलाई नै विरहमय बनाएका हुन्छन् । ती नारीहरूले भोग्नु परेका अपमान, तिरष्कार र यातनाका बिलौना छचल्किएर पोखिएका हुन्छन् । आर्थिक विपन्नता र समाजिक कुरीतिले अर्कातिर सौता तथा सासुका मुटु घोच्ने तिखा वचनहरूले ती नारीहरूको हृदय छियाछिया पारेको यथार्थ गीतहरूले प्रष्ट पार्छन् । जस्तै :-

१ माइत मेरी आमा छैन, घर सौत्या गाँठो ।
काई दिशा छैन मुखि, मन बुझाउने बाटो ॥

२ वनभरि बिलौना गर्छु गाईबाख्रा खुइकन ।
रात बिताँउछु तारा गनी दिन काट्छु रूइकन ॥

३ मु जसी हउसीया कोइ नाइ मेरा भाडी फूल नाई ।
अइल्यै साइ प्रदेशी भया, अइल्यै खेत तुल नाई ॥

यहाँ पहिलो गीतमा माइतीघरमा आमा नहुँदाको र घरमा पनि सौता हुँदाको जीवनलाई बाह्रमासे गीतका माध्यमबाट नारीको यथार्थ समस्या दर्शाउँदै समाजको सौता हाल्ने प्रथा अझैं कायम रहँदा नारीवर्गले झेल्नु परेका सास्तीलाई व्यक्त गर्न खोजिएको छ भने दोस्रो र तेस्रो गीतमा लोग्ने प्रदेश हुँदा नारीवर्गले खेप्नुपर्ने मानसिक

र आर्थिक सबै किसिमका ताडना एवं व्यवधान झेल्न बाध्य हुनुपरेको छ भन्ने अभिव्यक्ति व्यक्त गरिएको छ ।

यस्तै, समाजमा नारी वर्गलाई अरूबाट दिइने ताडना र सास्तीका समस्या बाहेक दैवीय परिस्थिति र परिवेश अनुसार आइपर्ने थुप्रै समस्याहरूले पनि उनीहरूलाई कम रूवाइ रहेको हुँदैन । यसमा उनीहरूका आफ्ना दाइ, भाइ तथा आमा, बुबा सँगको मिलन, विछोड, छोराप्रतिको आशा, आफ्ना दिनचर्यामा खट्नुपर्दाका व्यवधान, एक्लोपना आदिले नारीवर्गबाटै अनायासै पिरोली उनीहरूको हृदय भित्रभित्रै छिया, परेको हुन्छ, जसको यथार्थ चित्रण उनीहरू बाह्रमासे गीत मार्फत एकान्त ठाउँमा भावुकताका साथ व्यक्त गर्दछन् । जस्तैः-

१ भाइ टिका आयाका दिन, माइत दाइ–भाइ हुनु ।
टिका लगाइ माला पैरी, टाटु समाई रूनु ॥

२ नै गोठ गाई–भैंसी दुना, नै कोखेली छोरो ।
केइ बिगाडी मेरो मात्र, बियामाइले होरो ॥

३ जन झउ कसुइको पन, यो जिन्दगी रिनमा ।
साइ सदाइ प्रदेशी भयौं, हाँस्न्या–खेल्न्या दिनमा ॥

४ खेतीमा उब्जनी, छैन, फलमा रस छैन ।
कर्म अऱ्या धर्म छैन, काम अऱ्या जस छैन ॥

५ आफु रूदाइ अर्का रूवाइ दाइ पाल्त वास्न्या, थाउला ।
सक्दैन भैसाली पाली, दोगाण्याका स्याउला ॥

६ कोटेलीमा घाम लाग्दैन मालिका डाँडाले ।
मरू भन्या काल आँउदैन खाउँ कैका भरले ॥

प्रस्तुत गीत क्रमशः नारीहरूको दाइ–भाइप्रतिको माया तथा सम्झना लेख्ने भाविले आफूलाई पीडा मात्र दिएर पक्षपात गरी अपहेलना गरेको, गरिबी अवस्थाले

गर्दा हाँस्ने, खेल्ने उमेरमा पतिसँग बिछोडिएर एक्लै जिउनु परेको भाव व्यक्त छ । नारीहरूले जति धर्म, कर्म गरे पनि के ईश्वर के मानव सधैं घाँस दाउरा मात्र गरेर दिन बिताउनु पर्दाका स्थायी पीडा एवं मर्म र जीवनमा आइपर्ने दैवी र मानवीय जस्ता यावत् परिस्थिति एवं परिवेशमा झन्झट र सास्तीका क्रूर ताडनाले डामेर समाजमा मर्न चाहेर पनि कालले नलिएको बाँच्न खोज्दा पनि सुख शान्तिसँग जिउन कुनै पक्षले नसघाउने गरेको यथार्थलाई बाह्रमासे गीतका माध्यम बनाएर सुसेल्ने गरेको पाइन्छ ।

नारीवर्गले विभिन्न पुरूषको अपमान बाट होस् वा बिछोडबाट सौताको झगडाबाट होस् वा कर्कसी सासुको अपजसबाट, दाजु–भाइबाट होस् वा सन्तानबाट होस् अपमान भोग्नु परेको छ । मेलापात र घर धन्दाको ग्लानी एवं थकानबाट अनि दैवीय अपमानपूर्ण समाजको परिस्थितिबाट साथै वा परिवेशबाट सबै पक्षबाट भोग्नु र सहन गर्नु परेको यावत् कठिनाइले उनीहरूको नरम हृदय तिखो काँडाले सरि घोचे भएको हुन्छ । यावत सास्ती र पीडालाई नारीवर्गले बाह्रमासे गीतका माध्यमबाट सुसेल्ने भएकाले बाजुरा जिल्लामा नारी समस्याका गीतको क्षेत्र एकदमै फराकिलो रहिआएको छ ।

**(ङ) प्रेम–प्रणय सम्बन्धी बाह्रमासे गीत**

जुनसुकै मानवीय समाजमा पनि सुख, दुःख, प्रेम, प्रणय, मिलन, विछोड आदि जस्ता कैंयौ कुराहरू अटुट रूपमा गाँसिएका हुन्छन् । यस्ता कुराहरू मध्ये केहिले उमङ्गको ढङ्ग निकाल्छन् भने केहिले बेदनाको आँसु खसाल्दछन् । मनमा पलाएका कुरा वा हाँसोको भावलाई एकरूपमा गुन्गुनाएर होस् वा समुदायमा कुनै न कुनै माध्यममा बाहिर व्यक्त गरेर मनलाई हलुङ्गो पार्न चाहनु मानवीय गुण नै हो । मनमा पलाएका भावहरूलाई मुख्य गरी त्यस समाजमा प्रचलित लोकगीत, लोकनाच अर्थात् अन्य माध्यमबाट एक अर्कामा प्रसारित गरिन्छ र केही सन्तुष्टि लिइन्छ ।

बाजुरा जिल्लामा सर्वाधिक प्रचलित बाह्रमासे गीतहरूले प्रकृति, कर्म वा श्रम, सामाजिक रीति रिवाज र चालचलन, संस्कृति, संस्कार आदि झैं प्रेमी–प्रेमिकाको

अन्तर हृदयमा टुसाउने प्रेम–प्रणयलाई पनि समेटेको पाइन्छ, अर्थात् बाह्रमासे गीतका माध्यमबाट उक्त भावहरूलाई बाहिर प्रकट गर्ने गरिन्छ ।

अशिक्षित र परम्परित मान्यता भएको बाजुरेली समाजमा यौवनले भरिपूर्ण भएको प्रेमी, प्रेमिका एक अर्काको प्राप्तिका लागि आतुर देखिए पनि खुल्ला रूपमा प्रस्ताव राखेर समाजमा अगाडि बढ्न सक्दैनन् । आफ्नो मानस पटलमा अङ्कुराएको प्रेम–प्रणयका रागात्मक भावहरू खोलानाला, वनजङ्गल जस्ता एकान्त स्थलमा होस् वा अन्य उपर्युक्त स्थानमा, बाह्रमासे गीतका माध्यमबाट साटासाट गरेर मनलाई हलुङ्गो पार्छन् । यस्ता गीतहरूमा प्रेमी-प्रेमिकालाई सम्बोधन गर्ने आफ्नै प्रकारका प्रतीकात्मक शब्दहरू प्रयोग गरिएका पाइन्छन् । प्राय : गरी प्रेमिकाका लागि 'साँइ' जस्ता शब्दहरू र प्रेमिकाको लगि सुवा, मैना, फूलभाडी (बारी) जस्ता प्रतीकात्मक शब्दहरूको प्रयोग गरिएको हुन्छ ।

जस्तैः–

केटाः– फुल्लै र फूलका भाडी, आउँला पुल्ती भेष ।

नटुटौ पिरमको डोरी, डाँडी नहोउ देश ।

केटीः– बाह्रै मास फूल फुलीरन्छ, मेरा फूल भाडी

याँ नभ्या प्रदेश भ्रुउला, मदेखी क्या डाँडी

यी गीतहरूमा जब यौवनयुक्त केटा र केटीको भेट हुन्छ तब केटाले यौवनले फक्रेकी आफ्नी प्रेमिकालाई फूलले सजिसजाउ भएको फूलबारीसँग दाँजेर फूलरूपी यौवनमा आफु पुतली बनेर आउने भाव व्यक्त गर्दै गोप्य प्रेम समाजले थाहा पाएर बदनाम गर्ने मौका नपाउन र प्रेमको डोरी पनि जीवित नै रहोस् भनेर केटीसँग रागात्मक भावको निवेदन गरेका छन् । त्यसको जवाफमा केटी पनि उत्तर दिदैं आफ्नो यौवन बाह्रै महिना फूलिरहने फूलबारी हो । पुतली जहिले आए पनि फूलको रस खान पाउँछ भन्ने लाक्षणिक भाव व्यक्त गर्दै यदि यहाँ हाम्रो समाजले हाम्रो प्रेमका कारण बस्न नदिए पनि विदेशमा (भारत) गएर बस्न सकिन्छ । मर्दलाई के को डर हुन्छ, भन्दै बाह्रमासे गीत (ठाडोभाका) का माध्यमबाट आफ्नो रागात्मक अभिव्यक्ति पोख्छे ।

यस्तै–यस्तै प्रकारका अनेकौं बाह्रमासे गीतहरू प्रेमी प्रेमिकाले रागात्मक भावना साटासाट गरेर गाउँछन् । समाजको अशिक्षा र रूढिवादी मान्यताले प्रेमी-प्रेमिकाको दीर्घकालीन प्रेमलाई बाधा गरिदिन्छ, उनीहरूले एकलाई चाहेको हुन्छन् र पर्खेर बसेका हुन्छन् । आमाबाबुले उनीहरूको इच्छा विपरीत अर्कै सँग लगन गाँठो कसिदिने कार्य गर्छन् तब उनीहरू भाग्यको कुरा गर्छन् र बाह्रमासे गीतका माध्यमबाट अभिव्यक्ति गर्छन् ।

केटाः– जीउ मात्र झन्याउन्या होइकी, जीवन अर्पन्या होई ।

दिन गया था पाउन्या होइकी, बुबा पर्खन्या होइ ॥

केटीः– बुबाकी लडेली चेली, मन्ता जसो प छ ।

मु आफू नाई भन्याँ छयाँइब झंकुर कसो पर्छ ॥

यहाँ केटाले केटीलाई प्रश्न गर्दै तिमी मलाई आफ्नो जीवन (यौवन) अर्पण गर्ने हौ कि धोका मात्र दिने हौ, यदि अर्पण गर्ने हौ भने दिन प्रतिदिन समय बितिसक्यो के बुबालाई नै पर्खने हौ र भनेर प्रश्न गरेका छन् । त्यसको उत्तरमा केटीले बुबाको इच्छा विपरीत जीवन अर्पण गर्न नसक्ने भाव व्यक्त गर्दै मेरो मन त थियो, म त मान्छु तर भाग्यमा कस्तो छ अर्थात् बुबाले के गर्नु हुन्छ भन्दै आफ्ना भावहरू बाह्रमासे गीतका माध्यमबाट व्यक्त गर्छिन् ।

प्रेम भन्ने कुरा अविवाहित युवा युवतीमा मात्र नभएर विवाहपछि झन् कसिलो र खुला हुने गर्छ । एकको अभावमा अर्कोलाई जीवन निरर्थक र शून्य झैं लाग्छ तर बाजुरा जिल्लामा गरीबीको परिवेशका कारण भर्खर विवाहित श्रीमती भए पनि लोग्नेले विदेशिनु पर्ने हुन्छ र स्वास्नीले तरतर आँसु खसाली विदाइ गर्नु पर्ने बाध्यता आउँछ । प्रेम प्रणयको भर्भराउदो ज्वालालाई रोकेर एक अर्कोले छुट्टिनु पर्ने हुन्छ । त्यस्तो अवस्थामा आफ्नो प्रेम-प्रणयका रागात्मक भावहरू बह्रमासे गीतका माध्यमबाट चिट्ठी पत्रमा ओहोरदोहोर गर्दछन् जस्तैः

स्वास्नीः पिग्याउँका पातको पानी, खाउँ-खाउँ भन्दा डल्की ।

बाज गया पराइका देश जीवन गयो ढल्की ॥

लोग्नेः खादै रनु लाउदै रनु, पैसा दिउँला भारू ।

मन अरेइ मन्दिर जसो, जीवन अरेई फारू ॥

यी गीतहरू कति रोदनपूर्ण, भावुक र हृदस्पर्शी छन् । जब काम शक्तिले तिखाएको एउटी स्वास्नीले तिर्खा मेट्न नपाउँदै पिँडालुको पातको पानी झैँ लोग्ने आफ्नो आलिङ्गनबाट छुट्टिएर दुई-चार बर्षका लागि विदेसिन्छ, तब ऊ दिन प्रतिदिन कमाएर दिने विश्वास दिलाउँदै राम्रो खाएर-लाएर भए पनि आत्मालाई मन्दिर झैं दृढ राखेर यौवनलाई सुरक्षित राख्नु (फारू गर्नु) भनेर धैर्यता र भरोसामा बस्न निवेदन गर्दछिन् ।

यसरी जहाँनेर जस्तो अवस्था देखापर्छ, त्यस्तै प्रकारले आफ्नो प्रेम प्रणयका रागात्मक भावहरू बाह्रमासे गीतका माध्यमबाट व्यक्त भएका हुन्छन् । यस्ता गीतहरू केही अश्लील र सबै उमेर अवस्थालाई नसुहाउने भएकाले मन मिल्ने प्रेमीप्रेमिकाहरू दाउरा घाँस गर्दा होस्, आ-आफ्ना भावनाको साटासाट गर्छन् । कहिले काहिँ प्रेमी प्रेमिकाको सम्झनामा एक्लै गुन गुनाएर पनि आफ्ना मनका रागात्मक भावनाहरूलाई वनजङ्गलमा पोखेर आत्मालापी गीतहरू गाइन्छन्, जस्तैः

(१) बाली बेस साइ प्रदेश, अभागी हुनाले ।

ओछयाउने विस्तारा रूझ्यो, रातभरी रूनाले ॥

(२) अल्को डाँगो लिच्चो होइमा, वाजको मुख धोक्की झा ।

कि प्रदेश ओड्डो आइनमा, कि तेल्या छोक्की झा ॥

(३) झा कौवा यो चिट्ठी दिइया साइ बसन्या डेरा ।

धित मन्यो न धर्म रह्यो, साइका लाग्दा मेरा ॥

यस्तै प्रकारका प्रेम-प्रणयका अनेकौं भावहरू समेटिएका बाह्रमासे गीतहरू मन मिल्ने प्रेमी-प्रेमीकाको मिलनमन होस् वा विछोडमा मधुर स्वरमा परिवेश नै प्रभावित हुने किसिमले गाइएका हुन्छन् ।

### ५.२.३ गायनका आधारमा बाह्रमासे गीतको वर्गीकरण र विश्लेषण

बाजुरा जिल्लामा प्रचलित बाह्रमासे गीतहरू लय र विषयवस्तुका दृष्टिले भिन्नाभिन्नै देखिए झैं तिनका गायनको तरिका पनि अलग-अलग पाइन्छ । सामाजिक

रीतिरिवाज, चालचलन वेशभूषा, गरीबी, प्रेमप्रेमिकाका प्रेम-प्रणयका भावहरू, विविध उहापोह जस्ता अनेकौ विषयवस्तुलाई समेटेर गाइने यी गीतहरू मध्ये केही गीतहरू पुरै सामाजिक भावनायुक्त प्रकृति र समयलाई समेट्ने खालका हुन्छन् । कुनै गीतहरू समाजका साना ठूला सबै उमेर र वर्गलाई सुहाउने खालका हुन्छन् ।

यी गीतहरू मध्ये कुनै निश्चित व्यक्तिका व्यक्तिगत मनोभावलाई मात्र छर्लङ्ग्याउने खालका हुन्छन् । त्यस्ता गीत एकल गायनमा आधारित हुन्छन् भने समाजका सबै उमेर र वर्गकालाई समेट्ने सामूहिक भावनामा आधारित गरिएर दुई चार जनाको समूहमा पनि गाउन सकिने सामूहिक गायनमा आधारित गीत हुन् । गायनका आधारमा बाह्रमासे गीतलाई दुई भागमा वर्गीकारण गर्न सकिन्छ ।

(अ) एकल गायन

(आ) सामूहिक गायन

**(अ) एकल गायन**

एक व्यक्तिले मात्र आफ्ना अन्तरहृदयका मनोभावहरूलाई बाह्रमासे गीतका माध्यमबाट गाउनुलाई नै एकल गायन भनिन्छ । एकल र सामूहिक दुबै गायनमा बाह्रमासे गीतको वर्चस्व तुलनात्मक रूपमा समान रहने भए पनि बाजुराली बाह्रमासे गीतहरू भने विशेषतः एकल रूपमै बढी गाइने गरिन्छन् । यहाँका सबै उमेर र लिङ्गका मानिसहरूले आफ्ना व्यक्तिगत मनोभावलाई बाह्रमासे गीतका माध्यमबाट एकल रूपमा गाउने गर्दछन् । काम गर्दै गाउन सकिने यी गीतहरू खोलानाला, वनजङ्गलमा दाउरा घाँस गर्दा होस् वा खेतबारीमा काम गर्दा होस् जहाँ पनि लयमा गुन्जिएका पाइन्छन् । यसरी एकल रूपमा गाउने गीतहरू प्रायः समाजका सामाजिक एवं साँस्कृतिक पक्षसँग सम्बन्धित नभएर आफ्नै व्यक्तिगत जीवनका उतार-चढाव प्राकृतिक हृदयबाट उब्जेका अनुभूति एक अर्काका सम्झानामा प्रेमी-प्रेमीकाको मानसिक छट्पटी जस्ता व्यक्तिगत सुख-दुखका भावनात्मक पक्षसँग सम्बन्धित हुन्छन् । यसरी एकल रूपमा गाइने केही गीतहरू यसप्रकार छन् :-

(१) दिनमा छैन भोक तिर्खा, रातमा छैन निद ।
जरमभरि दुखै खान, मु बाँच्दाहु किन ॥

(२) पाला पलाई हऱ्या भइग्या, दोगाण्याका खर्क ।

हुन्छै कि मनका जसो, ढल्क्यो उमेर फर्क ॥

(३) कि यो जीवन नआउनु हो, कि साइले जान्नु हो ।

बैसको भरियो जीवन, कसरी साँच्नु हो ॥

यसरी एकल रूपमा गाइने गीतहरू सानो वा ठूलो स्वरमा विभिन्न लयमा वन पाखामा घन्किने गरी गाइन्छन् । कहिलेकाहीँ मन मिल्ने मन नमिल्ने प्रेमिकाहरू नजिक-नजिक एकको स्वर अर्कोले सुन्ने ठाउँमा बसेर पनि आ-आफ्ना मनमा टुसाएका रागात्मक भावनाहरूलाई खुला समाजमा आफ्ना प्रणयमूलक भावनाहरू आदान-प्रदान गर्ने उपयुक्त वातावरण नहुने हुँदा उनीहरू वन जङ्गलमा नै एकल गीतहरू गाएर आनन्द लिन्छन् । यसरी प्रेमी, प्रेमिकाका प्रणय भावना कहिलेकाहीँ प्रश्नोत्तरका रूपमा पनि प्रकट हुन्छन् । जस्तै :-

केटी: भापाचिनी धान बताउऱ्या बयालो दाङको ।

रसु खान पाइएला कि पहेँला आँपको ॥

केटा: परानी सुम्पनो भयाँ, बाज तेरी लागि ।

दि हेल्ता मनको चारो बसाली हेल काखी ॥ इत्यादी ।

प्रेमी प्रेमिकाहरूले यस्तै-यस्तै प्रकारका गीतहरू एकल रूपमा गाएर आफ्ना उमङ्ग वा वेदनाका भावहरू पोख्दछन् । समष्टिमा भन्दा जुनसुकै काम गर्दा वा घुमफिर गर्दा आफ्ना मनका भावहरू व्यक्तिगत रूपमा गीत मार्फत अभिव्यक्ति गरिन्छन् भने त्यस्ता गीतहरू एकल गायनका गीत हुन् । ती गीतमा व्यक्तिका निजी सुख- दुःख, आँसु-हाँसो, हर्ष-पीडा, मिलन-बिछोड, विरह-वेदना आदि जस्ता आदि जस्ता भावहरू व्यक्तिएका हुन्छन् ।

(आ) **सामूहिक गायन**

बाजुरा जिल्लामा प्रचलित बाह्रमासे गीतहरू खासगरी एकल गायनमा आधारित भए पनि कहिलेकाही दुई-चार जना मिल्ने प्रेमी प्रेमिका तथा साथीसङ्गी बीच पनि गाइने हुँदा सामूहिक गायनको उपेक्षा गर्न सकिदैन । खासगरी सामूहिक गायनको प्रचलन बाजुरेली देउडा गीतमा भेटिन्छ तर बाह्रमासे गीतमा भने त्यस्तो सामुहिक गायन पाइदैन । केही गीत सामूहिक रूपमा गाइने भए पनि एकालापपूर्ण प्रवृत्तिका

हुन्छन्  भने केही त्यस्तै भएर पनि प्रश्नोत्तर शैलीमा हुन्छन् र यस्ता बाह्रमासे गीतका केही नमुना यसप्रकार छन् ।

(१)  बुबाले दिएका पोइल, जीवन बिताउँदाइछौं ।
अंजुलीमा आसुँ भरी, फाँको भिजाउँदाइछौं ॥

(२)  प्रदेशी छौं प्रदेशैमा  प्रदेश हाम्रा भाग ।
बस्न दिइन करमले, परिवारका माझ ॥

(३)  धन हुनु राजाका जसो, मन त जसो पछयो ।
शारिल छ प्रदेशका छोण रन्वन् डुल्छ हियो ॥

यी गीतहरू मध्ये पहिलो गीतमा दुई तीन जना मिल्ने स्त्रीसँग वन पाखा काम गर्न जादाँ आफ्नो इच्छा विपरित बुबाले नजानिँदो तरिकाले अपरिचित पुरूषसँग लगनगाँठो जुराइ दिएर रातदिन भोग्नु परेका विरह-व्यथा बाह्रमासे गीत मार्फत सामूहिक गायनका माध्यमबाट व्यक्त गर्न खोजिएको छ । त्यस्तै दोस्रो गीतमा गरीबीका कारण घरपरिवारलाई छोडेर परदेसिएका पुरूषहरूको सामूहिक व्यथालाई बाह्रमासे गीतमार्फत सामूहिक र एकालापरूपमा दर्शाउन खोजिएको छ भने अन्तिम गीतमा  आफू विदेशमा भए पनि मन आफनै घरपरिवार, वनजंगल आदि ठाउँमा घुमिरहेको हुन्छ साथै धनीको धन र गरीबको मन एकै ठाउँ भइदिए जे पनि गर्न सकिने कुरालाई बाह्रमासे गीतका माध्यमले सामूहिक गायन र एकलरूपमा दर्साउन खोजेको देखिन्छ ।

त्यस्तै दुई-चार जनाको समूह- समूहका बीचमा पनि बाह्रमासे गीतहरू प्रश्नोत्तर शैलीमा गाइन्छ, जस्तै :-

समूह (१). सरवारी धारो छ कि, तउरा जोइसी वाडार ।
बसमती धान रोप्दा छौ कि पानी जम्न्या खाडा ॥

समूह (२). अछिन बरिख्या पनि, बसमास्या कूवा ।
खेत छैन खोलोले लियो, पोर दशैका जुवा ॥

यहाँ समूह '१' सबैका गाउँमा सरकारी पानीका धारा बनाइएका तर समूह '२'का मान्छे (जोशी) को गाँउमा खनाइएको र एक जना जोशीको गएका बर्ष भात खाने खेत नै बाढीले भएर, तिम्रो गाउँमा सरकारी धारा छ कि भनेर छेड हान्नुको साथै

तिम्रो त्यो ठूलो खेतमा यो साल बासमती धान रोपेको छ । होइन ? भनेर बाह्रमासे गीतका माध्यमबाट व्यङ्गयवाण प्रहार गरिएको छ, भने समूह '२' ले त्यसको उत्तरमा तिम्रो जस्तो बर्षातमा मात्र पानी आउने धारो भन्दा बाह्रै महिना नसुक्ने कुवा छँदैछ भनेर भनेको छ साथै समूह '१' का मान्छेले गएको दशैमा भए भरको सम्पत्ति जूवामा हारेका हुनाले मेरो खेत पोहोर दशैंको खोलाले बगाएको भएर अहिले त्यो छैन भनेर बाह्रमासे गीतका माध्यमबाट उल्टो व्यङ्गय प्रहार गरिएको छ ।

यसरी यहाँ गाइने बाह्रमासे गीत एकल गायनमा आधारित भए पनि केही रूपमा सामूहिक गीतहरु रहेको कुरा प्रस्तुत उदाहरणमा प्रष्ट भएको छ ।

### ५.२.४ स्वरूपका आधारमा बाह्रमासे गीतको वर्गीकरण र विश्लेषण

बाजुरा जिल्लामा प्रचलित बाह्रमासे गीत अधिकांश लघु स्वरूपका रहे पनि अंशतः मध्य वा मध्यम र लघुतम स्वरूपका पनि पाइन्छन् । यी स्वरूपको निर्धारण गर्ने सीमा लघु स्वरूपलाई मान्ने सकिन्छ । यसै लघु स्वरूपलाई आधार मान्दा बाजुरामा गाइने बाह्रमासे गीतको स्वरूप वा आकारलाई तीन भागमा राखेर हेर्न सकिन्छ,

(अ) मध्य वा मध्यम स्वरूप

(आ) लघु स्वरूप

(इ) लघुतम स्वरूप

#### अ) मध्य वा मध्यम स्वरूप

जुनसुकै गीतको स्वरूप हेर्दा त्यसको संरचना पक्षलाई आधार मान्नु पर्ने हुँदा बाजुरा जिल्लामा प्रचलित बाह्रमासे गीतको स्वरूप वा आधार हेर्दा पनि त्यसको संरचना पक्षलाई नै लिनु बढी वैज्ञानिक हुन्छ । संरचनाका आधारबाट हेर्दा बाजुरा जिल्लामा प्रचलित बाह्रमासे गीतमा सबैभन्दा ठूलो रूप नै मध्यम स्वरूप हो । बाह्रमासे गीतलाई संरचनाको आधारबाट निर्धारण गर्दा लघु आकारका गीतलाई सहयोग लिनुपर्छ । लघु आकारमा बाह्रमासे गीतको संरचनामा १४ देखि १६ सम्मका रूप बन्न यदि लघु रूपमा सुहाउँदा थेगा जोड्ने गरिन्छ, जसको संरचित स्वरूप १७

देखि लिएर ३७ वा त्यो भन्दा बढी अक्षर सम्मको बन्दछ । लघुतम स्वरूपमा संरचित जस्तै यसमा पनि निश्चित संरचना पाइदैन, जस्तै :-

(१) कालो लेक रमाइलो होला ला परेवा, काफल पाकन्नोर काफल पाकन्नोर घगी नखटाँदी होल्ली ला परेवा, झल्का लागन्ना रे झल्का लागन्नरे ।

(२) कालो लेक रमाइलो होला ला, लाहुरे घुर खेलाउन्या घुरिको, कवाज खेल्दै रूदै राम कलु काफल पाकन्ना रे । घण नखटाँदी होल्ली लाहुरू घुर खलाउन्या घुरिको कवाज खेल्दै रूदै राम, कलु झल्का लागन्ना रे ॥

यसरी बाह्रमासे गीतको मध्य स्वरूप त्यस गीतको लघु स्वरूपमा सुहाउदा थेगो जोडिएर निर्माण भएका हुन्छन् ।

**(आ) लघु स्वरूप**

बाजुरा जिल्लामा प्रचलित अधिकांश बाह्रमासे गीत लघु आकारका छन् । ती गीतको संरचना बाटै त्यसको स्वरूप हेर्नु पर्ने भएकाले खासगरी १४ देखि १६ सम्मका अक्षरको संरचनामा रहेको गीतलाई लघु स्वरूपका बाह्रमासे गीत भनिन्छ । यसै गरी यसै स्वरूपका गीतबाट नै व्यक्तिका सबै प्रकारका मनोदशा छर्लङ्ग भएर व्यक्त गर्न सकिन्छ साथै त्यही स्वरूपबाट नै गीतमा रागात्मकता, सुमधुरता र सहजता एवं सरलता पनि थपिने भएर लघुरूपको लोकप्रियता बढेको हो । बाह्रमासे गीतका अन्य स्वरूपमा भन्दा यसै लघुरूपमा नै अन्त्यानुप्रासको सही प्रयोग र निश्चित संरचनागत एकरूपता पाइन्छ ।

(१) दिन दिन रानी चणा, बस्न लागि अल्का ।
जत्ति मैना प्राण भया, उत्ति लाग्दा झल्का ॥

(२) चर्का घाम बसि झानु, पिपलुका सेल ।
मुखि कैले हाल्यो रै छ, ईश्वरले नेल ॥

बाह्रमासे गीतका सबै स्वरूपको आधार लघु स्वरूपकै लोकप्रिय छ । १४ देखि १६ अक्षरको संरचनामा संरचित भई अन्त्यानुप्रासयुक्त हुनु यसको पहिचान हो ।

(आ) **लघुतम स्वरूप**

बाजुरा जिल्लामा प्रचलित अधिकांश बाह्रमासे गीत लघु स्वरूपका भए पनि केही मात्रामा तिनको लघुतम आकार पनि पाइन्छ । विशेष गरी कर्म गीतमा यो स्वरूप पाइन्छ । यस स्वरूपका गीतको संरचनात्मक रूप दुई अक्षरबाट सुरू भएर १२ देखि १३ सम्म हुन्छ साथै यस स्वरूपको संरचना अनिश्चित र अन्त्यानुप्रास युक्त नै हुन्छ ।

एक नमूना (मंसीरका महिना खेत खन्दा गाइने गीत)

ए ! खन खन भाइयौ ! - हम्भाइ !

सक चाँडो ! - हम्भाइ !

यइ नसक्या ! - हो -हो !

घिउ बासी रला ! - हम्भाइ रे हम्भाइ !

वाँग्या रोटी खान्या को छ फौजको -हम्भाइ र ! हम्भाइ

छैन भाइ ! - हम्भाइ !

वाडेरै भाइ ! - हम्भाइ !

जेठका मैना - हम्भाइ !

उमा पोली खाउली - हम्भाइ !

यो गीत गाउँदा खेतमा खन्नेहरू मध्ये एकजना अगाडि उभिएर गीत सुरू गर्छ र अरू सबै जनाले कोदाली चलाउँदै त्यसको उत्तरमा जोसिलो स्वरका शब्द कुनै बेला हम्भाइ र कुनै बेला 'हम्भाइ रे हम्भाइ' भनेर गीतलाई स्वीकार गर्दछन् ।

### ५.२.५ रसका आधारमा बाह्रमासे गीतको वर्गीकरण र विश्लेषण

बाजुरा जिल्लामा प्रचलित अन्य लोकगीतका जस्तै बाह्रमासे गीतमा पनि सामान्यत: नवैरसको प्रयोग पाइन्छ तर विशेष रूपमा भन्दा यहाँका बाह्रमासे गीत अधिकांश करूण रस प्रधान नै छन् । यहाँका केही गीतहरूमा अन्य रसको पनि प्रयोग

रहने भएकाले विशेषतया करूण रसका साथ शान्त, श्रृङ्गार, हास्य, वीर, वीभत्स रसको पनि यहाँ चर्चा गरिन्छ ।

**(अ) करुण रस प्रधान बाह्रमासे गीत**

बाजुरा जिल्लामा पाइने बाह्रमासे गीत विशेषतः करुण रसको स्थायी भाव दुःख, कष्ट वा शोक हो । मानिसहरूका धेरैजसो क्षण सङघर्षमै बित्ने भएकाले ऊ आफ्ना ती संघर्षमय दिनचर्याको क्रममा मनका वेदना, विरह, पीडा, कुनै घटना र उकुसमुकुसका भावहरूलाई गीतका रूपमा प्रकट गर्दा करुण रसको उत्पत्ति हुनेगर्छ, एक नमूना :-

(१) माँ मरी चणीका चल्ला, रूखका रूखै छन् ।
जाँसम्म जिन्दगी रयो, त्याँसम्म दुःखै छन् ॥

(२) घर आऊ प्रदेशी साइ, जंगल पसुली ।
जेगी र जोग्यानी हौंली, खरानी घसुली ॥

(३) घर छ खरल्या सासु, बनै खाइहेल बाग ।
खाउँ-खाउँ भन्दो बाली बैस, नहाल्याका भाग ॥

(४) तमाखु खान्या साइको हुक्का, भन्याको भरेइ छ ।
सत्न्या खाट बस्याको ठउर, हेन्याको हेरेइ छ ॥

(५) कि त लैझाऊ यै अभाागी, कि फर्कि घर जाऊ ।
सम्सम बेलबुणी आया। जंगल जनझाऊ ॥

(६) आजै खस्यो उत्तो आकाश, आजै फाट्यो धर्ती ।
को छ मेरो आणपयाणी (भएभरोस), केइ त दिइ झाऊ अर्ति ॥

माथिका गीतहरू मध्ये पहिलो गीतमा मनुष्य चोला रहेसम्म जीवनका हरेक चुनौतीहरूको सामना गर्नुपर्ने भएकाले ऊ दुःखै दुःखमा बाँच्न बाध्य हुनुपर्छ भने कुरा बाह्रमासे गीत मार्फत करूण भावमा व्यक्त गरिएको छ । दोस्रो गीतमा पनि यही रसभावमा गरीब परिवारका पुरूष परदेस गएका व्यथा उसकी श्रीमती मार्फत व्यक्त

गरिएको छ भने तेस्रोमा खाउँ र लाउँको उमेर भएर घरमा सधैँ किचकिच अपहेलना तिरष्कार र अपजस सहन बाध्य व्यथा, विरह र सास्तीलाई बाह्रमासे गीतका माध्यमबाट करूण भावना व्यक्त गर्न खोजिएको छ । अन्तिमः चौथो, पाँचौ र छैटौमा क्रमशः पतिले आफूलाई सदाका लागि एक्लै छोडेर परलोक हुँदाको घटनालाई पत्नी हजुर सधैं तमाखु खाने त्यो हुक्का भरिएको भरियै छ । सधै सुत्ने खाट र बस्ने ठाउँ हजुर नदेख्दा हेरेको हेऱ्यै छ, पश्चिम डाँडाबाट सूर्य अस्ताउने बेला सबै आ-आफ्नो घरतिर फर्केर आउन थाले तर हजुर कतातिर मर्जी हुन्छ ? कि फर्केर घर आऊ, कि म अभागीलाई पनि सँगै लिएर जाऊ, मेरो जीवनका सम्पूर्ण भर भरोसा आज यसरी मासिए । मेरो बाँच्ने आधार आज टुट्यो-फुट्यो, म अब कसको आड र आश भरोसामा बसूँ, त्यति कुराकानी गर्ने हजुर आज नबोली कतातिर जान हतारिदै हुनुहुन्छ । अन्तिममा मलाई जिउने आशाको रूपमा एक-दुई शब्द -अर्ति) बोलेर त जानुहोस् भनेर बाह्रमासे गीतका माध्यमबाट करूण रस भावना व्यक्त गर्न खोजिएको देखिन्छ ।

### (आ) शान्तरस प्रधान बाह्रमासे गीत

संसारिक मायामोह, भौतिक विषवबासना आदिबाट विरक्त भएर आध्यात्मिक चिन्तनमा लीन हुन खोज्ने मानिसका मन भित्रबाट त्यसै किसिमका अनुभूतिहरू बाह्रमासे गीतका माध्यमबाट अभिव्यक्ति हुँदा शान्तरसको उत्पत्ति हुन्छ, जस्तै :-

(१) कति भया लखपती, कति करोड पति ।
डुलेका छन् बाबा फगत ! भिरमाऱ्या झै बनी ॥

(२) अस्थायी यो मान्छेको लिला, क्या अर्नु धनले ।
कि हुनु देवीको भक्त, कि मर्नु जनले ॥

(३) जन्मनु भोट्यको राउणो, मौ कविला सातै ।
अघिपछि धनसम्पत्ति, छोराछारी हातै ॥

माथिका गीतहरूमध्ये पहिलो गीतमा यो संसारमा कति लखपती भए कति करोडपत्ति भए तर आखिर तिनीहरूको आत्मामा त्यो भौतिक सम्पत्तिले सधैं काँडा

गाडेर खिन्नता मात्र उब्जाइ रहयो । उनीहरू त्यसबाट विरक्त भएर एक भिखारी झैं भिखमङ्गा बनेर शाान्तिको खोजीमा दिनरात भौतारिन बाध्य छन्, त्यसैले यो संसारमा सबभन्दा ठूलो आध्यात्मिक दर्शन (चिन्तन) भन्दा अर्को कुनै चिज छैन, त्यहीबाट मात्र मनुष्यले शाान्ति प्राप्त गर्ने कुरा बाह्रमासे गीतका माध्यमबाट व्यक्त गर्न खोजिएको छ । दोस्रो गीतमा मान्छेको अस्थायी जीवनमा धनको केही महत्त्व छैन । यसले सन्तुष्टिको सट्टा अनेक दुःख र पीडा निम्त्याउँछ । त्यसैले उसले धन कमाउनु भन्दा कि देवीको भक्त भएर बाँच्नुपर्छ कि मर्नुपर्छ भन्ने शान्तरस युक्त भाव बाह्रमासे गीतका माध्यमबाट खोजिएको छ भने अन्तिम गीतमा जन्मनु भनेको भोट्या (हिउँदमा बेंसी मधेश र बर्खा भोटमा बस्ने जाति) जो जहाँ गए पनि श्री सम्पत्ति र परिवारलाई सँगसँगै लिएर हिँड्छन् भन्ने भाव बाह्रमासे गीतका माध्यमबाट व्यक्त गरिएको छ ।

**(इ) शृङगार रस प्रधान बाह्रमासे गीत**

बाजुरा जिल्लामा प्रचलित बाह्रमासे गीतमा पाइने रसहरू मध्ये श्रृङ्गार रस पनि एक हो । श्रृङ्गार रसको स्थायी भाव रति वा प्रेम हो । विशेष गरी प्रेमी-प्रेमीका तथा लोग्नेस्वास्नी बीचका प्रेम -प्रणय तथा रतिक्रीडा सम्बन्धी गीतहरूमा यस रसको बाह्रुल्यता रहेको पाइन्छ, जस्तैः

केटाः खान्न रस निरेत्तेला सबै, पान्याका फलको ।
गयाँ मु लाग्दैन माया, धान कुट्न्या ओखलको ॥
केटीः तुइले मुइले गौं भाग्याको घर भन्दिन्या हुँ ।
बान्दैन चोलीका तुना, यसाइ इन्दिन्या हुँ ॥
केटाः गौ भाँयी तुइले प भाँची, मु त मल्तिरको ।
मु माइस याँको त हुँन, बार्जु पल्तिरको ॥
केटीः न बुबाको धर्म रयो, न यो मन बुझियो ।
न गयो हडको मयल, आङ मात्र रूझियो ॥

यहाँ प्रेमी-प्रेमिका बीचको रतिक्रिडा र त्यसबाट परेको असरका बारेमा बाह्रमासे गीतका माध्यमद्वरा उनीहरूबाट छर्लङ्ग भएको छ । यसमा सम्भोग श्रृङ्गार रसको आगमन छ । जब प्रेमी प्रेमीको सम्भोग क्रीडा गर्छन्, अनि पछि तिमी वा तिम्रो बुबाले कसैलाई हेर्न नदिएको त्यो प्रेम रस म धेरै पिउन चाहन्न म अब गएँ भन्दै आखिर यो धानमा कुट्ने ढिकीको के माया मानि रहनु भनेर केटाले केटीलाई उल्टै झटारो हान्दा त्यसो भए म यो सबै कुरा (गहुँ भाचेको, सम्भोग गरेको) घरमा गएर आफन्तलाई भनिदिन्छु साथै यी तिमीले खोलेका मेरा चोलीका तुना पनि यत्तिकै छोडेर जान्छु भनेर केटी डर देखाउँछे । यो सबै गहुँ भाँचेको तिमीले हो, म त माथितिरको मान्छे हुँ साथै म टाढाको मान्छे भएको तिम्रा आफन्त आउन्जेलसम्म यहाँबाट भागिसक्छु भनेर केटाले जवाफ फर्काउँछ । अन्तिममा न मैले बुबाको धर्म जोगाउन सकें न रतिक्रिडा गरेर चाहेजति आनन्द नै भयो । सित्तैमा मेरो कुमारीत्व मात्र लुटियो भनेर केटी आफूले गरेको क्रीडाप्रति पछुतो गर्छे । यसरी केटा र केटीले बाह्रमासे गीतका माध्यमबाट श्रृंगार प्रधान भावमा आ-आफ्ना विचार व्यक्त गरेका छन् ।

**(ई) हास्य रसप्रधान बाह्रमासे गीत**

मनिसहरूले अचम्मको रूप, आकृति, बोली वा विभिन्न क्रियाकलापमा विकृति सृजना गरी बाह्रमासे गीत गाउँदा त्यसमा हास्य रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव हाँसो वा हास हो ।

एउटा उदाहरण :

(१) आमाका नाखको खन्टो, बउजुखी गहना ।
नौनी खाँदा दाणो भाग्यो, जीउ बच्यो लहना ॥

(२) भात पकाऊ घरिना बउजु, ठूल्को भुटन हाली ।
खाऊ भनी बोलाउन्या बेला, बजाउ सबै ताली ॥

(३) दुई छोरा जुम्ल्याहा जन्म्या, माउकी नहुनाले ।
भयाका अड्डाका हाकिम, गर्भमै तुनाले ॥

यी गीतमा क्रमशः आमाका नामको मसिनो फूलीबाट भाउजूलाई गहना बनाउने साथै नौनी खाएर दाँत भाँचियो । मर्नबाट जोगिएको भाउजूलाई धेरै भात पकाउन  भनियो । खाना खान बोलाउने बेला सबैले ताली बजाउछन् । स्वास्नी नहुनाले दुई छोरा टुहुरा भए । अफिसको हाकिम हुने सपना भएता पनि हाकिम हुन नसकेको अवस्था गीतमा अभिव्यक्त भएको छ ।

(उ) **वीर रसप्रधान बाह्रमासे गीत**

मनिसहरूले कुनै असल काम सम्पन्न गर्न वा कसैमा कुनै प्रकारको उत्साह, जाँगर र उत्प्रेरणा एवं उमङ्ग पैदा गर्न बाह्रमासे गीत गाउँदा वीर रसको सिर्जना हुन्छ, जस्तैः

(१) सर्क लाग्न्या ध्रुव तारो, एक्लाको एक्लै छ ।

संसारका नेपाली रगत, बेग्लाको बेग्लै छ ॥

(२) माल हिउँ पर्वत कुइरो मेघ बर्सन्छ धुरा ।

रगत बगाई लडाइ जित्या, छोरा हुनु सूरा ॥

(३) लागिग्यो साठीको दिन । ताइनी साउका व्याज ।

प्रदेश झाउँला कमाइ दिउँला कर्ज भन्नु क्या छ ॥

यी गीतहरू मध्ये पहिलोमा जसरी आकाशमा ध्रुवतारा एक्लो भएर पनि ध्रुवसत्य को उपमा बोकेर सबैभन्दा चम्किलो ताराका रूपमा चिनिएको छ, नेपाल सानो देश भएर पनि विश्वमा एक छुटै वीर नेपालीका नामले चिनिएको छ भन्ने कुराको अभिव्यक्ति दिन खोजेको छ भने दोस्रोमा जसरी पानीले विभिन्न ठाउँमा विभिन्न रूप लिएर आफ्नो शक्ति प्रदर्शन गर्दछ त्यसरी नै छोरा लडाइँको मैदानमा रगतको खोलो बगाएर भए पनि मुद्दा जितेरै फर्किने एक सुरो मान्छे हुनुपर्छ भन्ने भावका साथै अन्तिममा साहुको रिन लागेर त्यसैमाथि ब्याज थोपारिए पनि प्रदेश गई कमाएर तिरौँला के छ र  भन्ने भावलाई यहाँ बाह्रमासे गीतका माध्यमबाट वीरतापूर्ण शैलीमा व्यक्त गर्न खोजिएको छ ।

(ऊ) **वीभत्स रस प्रधान बाह्रमासे गीत**

कुनै घिनलाग्दा वा नराम्रा मानिस, वस्तु तथा घटना देखेर अथवा तिनका बारेमा सुनेर बाह्रमासे गीतका माध्यमबाट त्यस्ता क्रियाकलापको बयान गर्दा बीभत्स रसको सिर्जना हुन्छ । यसको स्थायी भाव घृणा हो ।

जस्तै :-

१) रामले लुकेर माऱ्यो, सुग्रीवका दाइलाई ।
भगवान कसरी भनु, मियाहा रामलाई ।

(२) कि सुख्ख देऊ भगवान, कि जन्म क्यालाई दयौ ।
मान्छे चोला फिर्ता लिई, कोई चोला मिलाई दियौ ।

(३) मानामी मुरीको ब्याज, खाइ भयाका ठूला ।
साउको चाला ठीक हो भन्या थुक्क तेरा कुणा ।

यी गीतहरू मध्ये पहिलोमा राम आफू एक भगवान् भएर पनि सुग्रीवका दाइलाई रूखमा लुकेर मारेको प्रसङ्गलाई बाह्रमासे गीतका माध्यमबाट दर्शाउन खोज्दा सही न्याय दिन नसक्ने रामलाई भगवान भन्न नसकिने कुरा आएको छ । यहाँ एक किसिमको घृणित भावको उत्पत्ति हुन पुगेको छ । दोस्रोमा यो मान्छेको चोलाप्रति जागेको वितृष्णालाई घृणाको भावमा प्रकट गर्न खोजेको छ । अन्तिममा मानाको मुरी ब्याज असुलेर ठूला भएका साहूको खराब प्रवृति र त्यसलाई सहज रूपमा लिने दुबैको व्यवहारलाई बाह्रमासे गीतद्वारा अभिव्यक्त गर्दा विभत्स वा घृणाको भाव उत्पन्न भएको छ ।

(ए) **रौद्ररस प्रधान बाह्रमासे गीत**

आफ्ना विरोधीहरूको अपमानजनक तथा अपराधपूर्ण क्रियाकलापले मानिसका मनभित्र ठूलो चोट पुगी एक किसिमको बदलाको भावना जागेर बाह्रमासे गीतका माध्यमबाट अभिव्यक्त गर्दा रौद्र रसको प्रादुर्भाव हुन्छ । यसको स्थायी भाव क्रोध वा रिस हो ।

जस्तै :-

(१) त्यस्तै होस् चोरको हाल, किणा पणी मरोस् ।

हातखुट्टा भाँचि दिऊँन यै का, छाती टेकी सरोस् ।

(२) गोठ गाई पाण चेली, बेचेर खान्याको ।

यैंइ धर्ती कसैका नहोऊ, मनले मान्याको ॥

(३) धर्मीको धरम होइ झाउ पापीको नाश होइ झाउ ।

जिन्दगीलाई धोका दिइ छि, नरक बास होइ झाउ ॥

यी गीतहरू मध्ये पहिलोमा अर्कालाई दुःख दिँदै हिँड्ने चोरका हातखुट्टा कसैले भाँचिदिऊँन् र त्यस्ता अपराधीले किरा परेर मर्नु परोस् भनेर घृणित भावमा बाह्रमासे गीतका माध्यमबाट व्यक्त गर्न खोजिएको छ । त्यस्तै दोस्रोमा यो संसारमा गाई र छोरीलाई बेचेर खाने कसैको पनि भलो नहोस् भन्ने कुरालाई घृणित भावना दर्साउन खोजेको छ । अन्तिममा जसले भलो गर्छ, त्यस्ताको सधैं भलो होस् तर पाप गर्नेको भने नाश होस् भनिएको छ । जिन्दगीमा धोका दिने मान्छेको नर्कमा बास होस् भनेर बाह्रमासे गीतका माध्यमबाट घृणा व्यक्त गर्न खोजिएको छ ।

यसरी बाजुरा जिल्लामा प्रचलित बाह्रमासे गीतमा करूण, शान्त, श्रृङ्गार, हाँस्य, वीर, विभत्स र रौद्र रसको प्रयोग पाइन्छ ।

### ५.२.६ प्रस्तुतीकरणका आधारमा बाह्रमासे गीतको वर्गीकरण र विश्लेषण

बाजुरा जिल्लामा गाइने बाह्रमासे गीतलाई प्रस्तुतीका आधारमा हेर्दा शुद्ध तथा वाद्य एवं नृत्ययुक्त गीतको प्रचलन छ । यसैले यहाँका बाह्रमासे गीतको गायनमा बाजा र नृत्य हुन्छ । यहाँका बाह्रमासे गीतले किसानको खेतको आलीदेखि विदेश गएका पुरूषको मनमुटुसम्म र नारीको घर धन्दाको कामदेखि बनपाखाका हरिया घाँसे फाँट सम्म सबै वर्ग, लिङ्ग र उमेरका मानिसहरूको प्रत्येक अनुभूतिसम्म फैलिएर आफ्नो लोकप्रियता प्राप्त गरिसकेको हुनाले कुनै सामग्रीहरूको तारतम्य बिना नै बाह्रमासे गीत मधुर स्वरलहरीमा गाउँपाखा गुन्जायमान गराई रहन्छन् ।

## ५.३ बाह्रमासे गीतको संरचना

अशिक्षित ग्रामीण बालकदेखि बृद्धसम्म सबैको जिब्रोमा टपक्क टप्कने, परिवेश अनुसार सिर्जना गरेर गाउन सकिने बाह्रमासे गीतको संरचना कुनै शास्त्रीय नियममा आधारित भएर गरिदैन । झ्याउरे लयमा लोक जीवनका हृदयका गीतको संरचना स्वतः सिर्जिन्छ । पूर्वापर सापेक्ष र निरपेक्ष भएका दुई पदहरू मिलेर एक गीतको संरचना हुने बाह्रमासे गीतहरू द्विपदीय र विशेषतः अन्त्यानुप्रास मुक्त नै हुन्छन् । गीतका दुईवटा पदहरू मध्ये कुनै-कुनै गीतमा अघिल्लो पद गायकको भावसँग सम्बन्धित नभएर केबल लय र संरचना मिलाउन मात्र पनि राखिएको हुन्छ । गायकको खास अभिव्यक्ति दोस्रो पदबाट नै स्पष्ट हुन्छ ।

जस्तै :

साल काट्या सजाय हुन्छ सिमलको मोल नाई ।

उडुँ भन्या पङ्ख छैन भुई बस्न मन नाई ॥

यहाँ मनको थान्को लगाउन नसकेर जमिनमा बस्ने मन नभएको र उड्नलाई प्वाँख पनि नभएको भन्ने लाक्षणिक भाव व्यक्त गर्नु गायकको ध्येय भएको कुरा दोस्रो पदबाट मात्र प्रष्टिन्छ । पहिलो पद उक्त दोस्रो पदको भावसँग कुनै सम्बन्ध नराखेर निरपेक्ष रूपमा आएको छ तर कुनै-कुनै गीतमा भने गायकको मुख्य आशयलाई अझ कसिलो र प्रभावकारी बनाउनमा दुबै पक्षको समान भूमिका हुन्छ ।

बाह्रमासे गीतको आधुनिक संरचना हेर्दा देउडा गीतमा झैं १४ वटा अक्षरहरूको संयोजनबाट यसको एक हरफको निर्माण भएको छ । संयम साधना बिना नै अशिक्षित लोकमानसहरूले मौखिक रूपमा सिर्जना गरेर गाएका गीतहरूलाई लिखित रूपमा उतार्दा कहिलेकाहीँ यी बीचका अक्षरहरूमा नियमितता नभएर पन्ध्र सोह्र अक्षरको भान भए पनि लयानुरूप उच्चारण गर्दा १४ अक्षरहरूको संयोजनबाट यसका प्रत्येक हरफहरू निर्माण भएका हुन्छन् । बाह्रमासे गीतहरूमा देउडा गीतको झै विभिन्न किसिमको वर्ण संयोजन पाइन्छ । कुनै गीतमा ४+४+४+२+२ को वर्ण संयोजन, कुनैमा ४+४+२+२+२, कुनैमा २+२+२+२+२+२+२, कुनैमा ३+३+२+३+३

वा यस्तै फरक- फरक वर्ण संयोजनका गण व्यवस्था र विश्राम-उप विश्राम भएका गीतहरू पाइन्छन् । जस्तै केही गीतमा देखिएका वर्ण संयोजन र गण व्यवस्थाको प्रक्रिया हेर्दा यस्तो देखिन्छ ।

| | | | |
|---|---|---|---|
| धामीलेक<br>दु : खारीखि<br>४ | धामीज्यूका<br>दिनैपन<br>४ | ह्रातभरी<br>रातभन्दा<br>४ | बाला ।<br>काला॥<br>२ |

यस गीतमा ४+४+४+२ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

२)

| | | | | |
|---|---|---|---|---|
| काँ बस्तो हो<br>प्रदेशै हँ<br>४ | क्या खातो हो<br>प्रदेशै छु<br>४ | वन<br>यसै<br>२ | वस्न्या<br>मेरा<br>२ | बाग<br>भाग<br>२ |

यहाँ ४+४+२+२+२ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

३.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दिन<br>जत्ति<br>२ | दिन<br>बैना<br>२ | राती<br>टाढा<br>२ | यणा<br>भया<br>२ | बस्न<br>उत्ति<br>२ | लागी<br>लाग्दा<br>२ | अल्का<br>झल्का<br>२ |

यहाँ २+२+२+२+२+२+२ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

४.

| | | | | |
|---|---|---|---|---|
| मु माया<br>काँ होला<br>३ | नमान्दो<br>रोक्किन्या<br>३ | भैग्याँ<br>जग्गा<br>२ | न्खाता<br>बगऱ्या<br>३ | फलको ।<br>जलको ॥<br>३ |

यहाँ ३+३+२+३+३ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

५.

| | | | | |
|---|---|---|---|---|
| उकाला<br>मु सम्झी<br>३ | सनाई<br>लण्यालो<br>३ | बाजा<br>चेली<br>२ | बज्जा<br>आयै<br>२ | तिरिघिरी ।<br>फिरिफिरी ॥<br>४ |

यहाँ ३+३+२+२+४ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

६.

| | | | | | |
|---|---|---|---|---|---|
| चर्को<br>मुखी<br>२ | घाम<br>कैल<br>२ | बसि<br>हाल्यो<br>२ | झानु<br>रैछ<br>२ | पीपलुका<br>इश्वरले<br>४ | सेल ।<br>नेल ॥<br>२ |

यहाँ २+२+२+२+४+२ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

७.

| | | | | | |
|---|---|---|---|---|---|
| परानी<br>दिहेल्ता<br>३ | सुम्पनो<br>मनको<br>३ | भयाँ<br>चारो<br>२ | बाज<br>बस्न<br>२ | तेरी<br>देता<br>२ | लागि<br>काखी<br>२ |

यहाँ ३+३+२+२+२+२ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

यसरी एउटै चौध अक्षर लोकलय दाँचाबिचका अनेक उपढाँचाको प्रयोग बाह्रमासे गीतमा भेटिन्छ । यसले गर्दा बाह्रमासे गीतको लय वैविध्यको पुष्टि हुन्छ ।

## ५.४ निस्कर्ष

बाजुरा जिल्लामा प्रचलित लोक गीतका विविध उप विधाहरू भन्दा बाह्रमासे गीतको लोकप्रियता धेरै छ । स्थानीय भाषिकामा ठाडो भाकाका नामले परिचित यस गीतलाई मुख्य छ आधारमा वर्गीकरण गर्न सकिन्छ । लयका आधारमा छोटो र लामो लयका हुन्छन् भने विषयवस्तुका आधारमा प्रकृतिप्रधान गीतलाई पनि रीतिरिवाज सम्बन्धी र प्रेम प्रणयसम्बन्धी गीत गरी अन्य पाँच उपवर्गमा बाँड्न सकिन्छ । गायनका आधारमा विशेषगरी एकल गायनमा गाइने भए पनि कहिलेकाँही केही व्यक्तिको समूहमा पनि गाउन सकिन्छ । स्वरूपका आधारमा मध्यम, लघु र लघुतम आकारका पाइन्छन् भने रसका आधारमा करूण, शान्त, श्रृङ्गार, हास्य, वीर, वीभत्स र रौद्र रस भाव प्रधान रहेका छन् । करूणरस यहाँका बाह्रमासे गीतमा पाइने अन्य रस भन्दा प्रमुख रस हो । प्रस्तुतिका आधारमा शुद्ध (वाद्य नृत्यमुक्त) प्रवृत्तिका पाइन्छन् । विशेष गरी बाजुरा जिल्लाका बाह्रमासे गीतको मूल संरचना चौध चौध अक्षर लोक ढाँचामा सिर्जित पाइन्छ । यो यहाँका बाह्रमासे गीतको मुख्य पहिचान हो ।

# छैटौं परिच्छेद
# शोध निष्कर्ष

यस शोधपत्रमा बाजुरेली बाह्रमासे गीतको अध्ययन गरिएको छ । यस अध्ययनलाई ६ वटा अध्यायमा संगठित गरी प्रस्तुत गरिएको छ । ती ६ वटा अध्याय मध्ये पहिलो अध्याय शोध परिचयसँग सम्बन्धित रहेको छ भने दोस्रो अध्याय बाजुरा जिल्लाको सामान्य परिचयमा केन्द्रित रहेको छ । यस शोधपत्रका तेस्रो, चौथो, पाँचौं अध्याय मूल अध्ययनसँग सम्बन्धित रहेका छन् र त्यहाँ गरिएको अध्ययनबाट प्राप्त हुन आउने निष्कर्षलाई निम्न बुँदाहरुमा प्रस्तुत गरिएको छ ।

१. बाह्रमासे गीतको सैद्धान्तिक अध्ययनका क्रममा साहित्य तथा लोकसाहित्य सबै विधाका विद्वानहरुका फरक-फरक अध्ययन एवम् दृष्टिकोणको निचोडमा पुग्दा बाह्रै महिना वा त्यस समय चक्रका आधारमा गाइने गीत र त्यो चक्र भित्र गरिने विविध कर्म वा श्रमका आधारमा गाइने गीत बाह्रमासे गीत हो भनेर बाह्रमासे गीतलाई परिभाषित गरी चिनाएको पाइन्छ ।

उल्लेखित विद्वानहरुले लोकगीतसम्बन्धी गरेका विविध अध्ययन तथा खोज र तिनले दिएका विचार, राय तथा सुझावको निचोडमा पुगी हेर्दा बाह्रमासे गीतलाई प्रयोगका आधारमा, प्रस्तुतीका आधारमा, स्वरुपका आधारमा, गायनका आधारमा र रसका आधारमा गरी जम्मा पाँच भागमा वर्गीकरण गर्न सकिन्छ । द्विपक्षीय संरचना, सदाबहार एवम् चक्रीयता, एकल गायन, शुद्ध, स्थानीयपन वा मौलिकता, व्यापकता, रागात्मता, स्वच्छन्दता, सरलता, पुनरावृत्ति, अज्ञान रचयिता जस्ता विशेषताले बाह्रमासे गीत चिनिन्छ ।

२. वर्तमान नेपालको सुदूर पश्चिमको सेती अञ्चल अन्तर्गत पर्ने एउटा पहाडी जिल्ला बाजुरा हो । यस जिल्लामा मुख्यतया नेपाली भाषाको 'ओरपच्छिमा' भाषिका बोलिन्छ । त्यसै भाषाका वक्ताहरुको मुख्य बसोबास भएको यस जिल्लामा लोक साहित्यको विशाल भण्डार छ । विभिन्न किसिमका लोक गीतहरु परम्परागत रुपमा प्रयोग हुँदै आएका देखिन्छन् । यहाँका लोकगीतका विविध प्रकार मध्ये सबभन्दा

बढी प्रचलित र लोकप्रिय रहेको गीत भने बाह्रमासे गीत नै हो । जसलाई स्थानीय भाषामा, ठाडो भाकाका गीत भनेर पनि चिनिन्छ ।

बाजुरेली बाह्रमासे गीत त्यहाँ प्रचलित परम्परित गीत र परिवेश सापेक्ष गीत जस्ता दुई वर्ग मध्ये परिवेश सापेक्ष गीत अन्तर्गत पर्ने एउटा उपवर्ग हो । यो बाह्रमासे गीत त्यहाँ विशेषतः एकल रुपमा गाइने भए पनि कहिलेकाहीँ दुई चार जना सम्मको सामूहिक रुपमा पनि गाउन सकिने वाद्य-नृत्यमुक्त एवम् शुद्ध गीत हो ।

३. बाह्रमासे गीतको नामकरणलाई हेर्दा यसलाई वर्षभरि नै गाइने वा बाह्रै महिना गाउन सकिने भएर यसको नाम बाह्रमासे रहेको हो ।

बाजुरेली बाह्रमासे गीतको वर्गीकरण लय, विषयवस्तु, गायन, स्वरूप, रस र प्रस्तुतीकरणका आधारमा गरी मुख्य रुपमा ६ किसिमले गर्न सकिन्छ । लयका आधारमा बाह्रमासे गीत छोटो लयमा गाइने र लामो लयमा गाइने गरी दुई प्रकारका छन् । विषयवस्तुका आधारमा प्रकृति प्रधान बाह्रमासे गीत र मानवीय क्रियाकलाप प्रधान बाह्रमासे गीत गरी मुख्य दुई वर्गमा बाँडेर मानवीय क्रियाकलाप प्रधान, बाह्रमासे गीतलाई पनि सामाजिक रीतिरिवाज सम्बन्धी, आर्थिक एवम् सामाजिक शोषण सम्बन्धी, नारी समस्या सम्बन्धी र प्रेम-प्रणय सम्बन्धी गरी चार उपवर्गमा विभाजन गर्न सकिन्छ । गायनका आधारमा विशेष गरी बाह्रमासे गीत एकल गायनका आधारित भए पनि कहिलेकाहीँ दुई चार जनाको समूहमा पनि गाइने हुँदा एकल र सामूहिक गरी दुई आधारमा बाह्रमासे गीतको गायनलाई विभाजन गर्न सकिन्छ । त्यस्तै स्वरुपका आधारमा मध्यम, लघु र लघुतम गरी तीन उपवर्गमा विभाजन गर्न सकिन्छ । रसका आधारमा हेर्दा विशेषतः करुण प्रधानता रहे पनि शान्त, हाँस्य, वीर, वीभत्स, रौद्र आदि सबै रसभावमा बाह्रमासे गीत गाइने गरिन्छन् भने प्रस्तुतीकरणका आधारमा बाह्रमासे गीत बाद्य-नृत्यमुक्त वा शुद्ध पाइन्छन् ।

बाह्रमासे गीतको मूल संरचनालाई हेर्दा निम्न कुराहरु देखिन्छन् :

क) बाह्रमासे गीत द्विपदीय हुन्छन् ।

ख) यस गीतका दुवै पाउहरु परस्परमा सापेक्ष वा निरपेक्ष हुन्छन् ।

ग) बाह्रमासे गीतका दुवै पाउका अन्त्यमा अनुप्रास मिलेको हुन्छ ।

घ) बाह्रमासे गीतका प्रत्येक पाउमा विशेषतः चौध अक्षर, लय ढाँचाको प्रयोग गरिएको हुन्छ र त्यस अन्तर्गत गणगत र यतिगत वैविध्य भने देखापर्छ ।

४. बाजुरेली बाह्रमासे गीतका मुख्य विशेषता निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) द्विपदीय संरचना हुनु ।

ख) सदाबहार एवम् चक्रीयतामा आधारित भएर गाइनु ।

ग) विशेषतः एकल गायनमा आधारित हुनु ।

घ) बाद्य-नृत्यमुक्त वा शुद्ध हुनु ।

ङ) अन्त्यानुप्रास युक्त हुनु ।

च) स्थानीयपन वा मौलिक सिर्जना हुनु ।

छ) विविध किसिमका मानवीय आत्मानुभूतिको अभिव्यक्ति पाइनु ।

ज) लाक्षणिकता र आलङ्करिता भेटिनु ।

झ) चौध अक्षर मूल लोकलयढाँचा अन्तर्गत विभिन्न लयगत ढाँचाको प्रयोग हुनु ।

ञ) भाषा शैलीगत सरलता र माधुर्य सञ्चारित हुनु ।

यस्तै बाह्रमासे गीतको स्थान एवम् महत्त्वका सम्बन्धमा बाजुरेली लोक परम्परा देखि आजसम्म समाजका सबै उमेर, लिङ्ग र वर्गका मानिसहरुले बाह्र महिना वा बाह्र महिनाको समय चक्र तथा त्यसभित्र गरिने विविध श्रमका क्रममा आफ्ना निजी तथा सामूहिक अनुभव र अनुभूतिलाई बाह्रमासे गीतका माध्यमबाट व्यक्त गर्दछन् । यस्ता गीतहरु गाउँघरमा मात्र सीमित नरही राष्ट्रिय स्तरसम्म पनि आफ्नो पहिचान गराउन सफल भएका छन् । बाह्रमासे गीतका माध्यमबाट यहाँको स्थानीय परम्परा, धर्म, कर्म, भेष, भूषा, रीतिरिवाज, चालचलन आदि कुराहरुको जगेर्ना र पहिचान गर्ने काम गरेको हुनाले यो गीतको स्थान र महत्त्व ठूलो रहि आएको पाइन्छ ।

## परिशिष्ट 'क'

# बाजुरा जिल्लामा प्रचलित बाह्रमासे गीतहरू

१. अइले धामी सही गर्दैनन्, हेराउन डर मान्छन् ।
एक पटक हात हेराइसके, धेरै कुरा खान्छन् ॥

२. अग्लो पहाड मालिका हो, महिना लामो जेठ ।
मरी गया यती भैगो, बाँच्या होला भेट ॥

३. अति निको सिउँदो रैछ, ताँका कपालको ।
बाली वचन अति निको हम्रै बाजुराको ॥

४. अमूल्य छन् जडीबुटी,  मालिका पाटन ।
मोटर बाटा पुग्यापछि, पक्कै हुन्छ खानपान ॥

५. अरु कुडा क्या भन्नु छ, जान्ने आफैं दाजु ।
रैवार मात्र पाया भैगो, मर्न पनि राजु ॥

६. अहिले मु लाउदिँन माया, आफै थाकेकी छु ।
रुख मुनि लायाको माया, सम्झि राख्याकी छु ॥

७. अहिले हाटगोला घाट, सुख्खा मानु तेल छ ।
जाऊँ साली उल्लेर गै जाऊँ, चलाइ दिन्या रेल छ ॥

८. आउँदा दिन कसरी काटूँ, गया दिन गै गया ।
ताँको मेरो भेट हुने दिन, उहिले गै गया ॥

९. आजकाल बजार साहुको, नून चिनी सस्तो छ ।
आज भेटे हितकी माया, हालखबर कस्तो छ ॥

१०. आज यस्तो किन भयो, बौरानी छुइछन् कि ?
आधा सुखी, आधा दुःखी, भाविनी दुई छन् कि ॥

११. आजभोल हेरालो को छ, मेरा फूलबारीको ।

फूलको थुँगा मौरी बस्यो, फूल छ लालझरीको ॥

१२. आधा मैना मङ्सिरैको, भर मैना पुषैको ।

आफ्नु भन्नु मेरो होइन, जो बाँच्यो उसैको ॥

१३. आफ्नु देश सम्झिदैनन्, विदेश गयाका ।

कैदार बसेका होलान्, तिर्सना भयाका ॥

१४. आमाको दियाको पोको, पोकाको पोकै छ ।

आमा तिम्रो कोख छोड्दा, पेटमेरो भोकै छ ॥

१५. आलु फापर कोदो चिनो, सबै गडा तिर ।

जीउँला थोका भुँवा बढी, येइ छ हामलाई पीर ॥

१६. आँसु नाइ हाँसो देउ, छोडन्या बेला नासो ।

घर जग्गा साहुका पास, मेरा घाँटी पासो ॥

१७. इतिहासका राजा कति, भूगोलका ठाउँ कति ।

मायाका मायाजाल भन्दा, पिरतीका घाउ कति ॥

१८. इतिहासका राजा भन्दा, भूगोलका ठाउँ बढी ।

मायाका मायाझाल भन्दा, पिरतिका घाउ बढी ॥

१९. उडी जाने खुम्मेनीको, पिपलपात्या टिको ।

विदेशका गोर खन्या भन्दा, घरै बस्नु निको ॥

२०. उडी जान्या मैतालुको, पिपल पात्या टिको ।

जाँ टेक्छु त्यही धस्किन्छ, कर्म छैन निको ॥

२१. उदो बग्या मेग्या धामी, उँभो बग्या केस ।

दे गोसाँइ चलेर आइजा, पुतलीका भेष ॥

२२. एक त सेता नैनासुत, झन सेता धोइकन ।

दिन काट्दछु सूर्य हेरी, रात काट्छु रोइकन ॥

२३. एक रातो गुराँसी फूल, झन रातो रिबन ।

कहिले हाँस्नु कहिले रुनु, दुखीको जीवन ॥

२४. एक बाबुका १२ सन्तान, २८ छ उमेर ।

खान लाउन न पुगेर, विदेश घुमेर ॥

२५. एक मात्र यातायात सेवा, प्लेन हो जान्या ।

प्लेन टिकट बल्याक हुँदो, त्यै बेची जाँड खान्या ॥

२६. एक्का, दुगी होइन, अब पल्टाऊँ छक्का ।

माल हो भने साटासाट गरौं, अब भयो पक्का ॥

२७. एकै घर दुई बौरानी, जेठी छुई जानु हो ।

म दुःखारी किन जन्म्या, गर्भै तुही जानु हो ॥

२८. एकै चोटी सुन्या मैले, उद्धव दाइ त बाइगो ।

गाँठो पारी दिन्या छियाँ, मनको खाँकी रैग्गो ॥

२९. एशिया महादेश भित्तरअ, पैतालिस छन् देश ।

कि माया नलाउनु थियो, लाउँला जाल्या भेष

३०. ऐलै मर्नु शंकर पाध्या, ऐलै आयो जाँच ।

पाँच लाग्नेउँदो पच्चीस लाग्यो, अब खानु क्या छ ॥

३१. औल साहु भैसीका घिउले, जुम्ली साहु नुनले ।

यै देश जन्मनु रैछ, भाग्या नहुन्याले ॥

३२. कर्णाली कर्णालीतिर, भेरी भेरी तिर ।

म एक्लो डाँडाको मृग, कोही नाई मेरी तिर ॥

३३. कति म उकेरा लगाऊँ, बारीका सिमीलाई ।

घर जहान बाबुआमा, सुर्तानाई तिमीलाई ॥

३४. कल्कत्ताउँदो कपडा नाइ, अल्मोडा तामुनाई ।

रातदिनै बाजका सुर्ता, अरु केही कामुनाई ॥

३५. कस्की भैसी तर्पनीले, आलीका धान फाली ।

बैरागी वेदना कहुँछु, सुन्दिन्या कान फाली ॥

३६. कसो छ मुग्लानी देश, लाग्दैन चरस ।

जन्म्या म जियाका कोख, पालिया परदेश ॥

३७. कैले दियो कन्यादान, कैले छोड्यो जन्ती ।

दइ छोडी मालिका पाटन, केही नाइ मेरो अन्ती ॥

३८. कसैका जिउनारी बासी, कसैका पेट भोका ।

किन जन्माई परमेश्वर, भष्मै लेखा जोखा ॥

३९. काफल पाक्या निउताइजानु, आम पाके खाइजानु ।

म माईत आएका बेला, साई यता आइजानु ॥

४०. काम गर्दै अनिकाल पर्छ, काम गर्छन हाम्रामा

कोही पनि अगाडि छैन, दुर्गम बाजुरामा ॥

४१. कालागाउँ जन्ति आया, पेउरी गाउँ भ्याएछ ।

छाती भित्र माया जाल छ, मुटु भित्र क्या छ ॥

४२. कालिका वन भैसीं लिइ चराइकन आयाँ ।

घाँस बोक्दा गोठालालाई थकाईकन लायाँ ॥

४३. काँही समथर काँही भिरालो, काँही जग्गा उकालो ।

माटोसँग कुस्ती खेल्नु, जिउ छैन सुकालो ॥

४४. कुलो छैन मूलो छैन, क्या गरी खान्या हो ।

बसौं भन्या बाचिन्या नाई, जाउँ प काँ जान्या हो ॥

४५. कैलाली, डोटी, अछाम, बझाङ, कान्छो बाजुरा हो ।

अस्पतालमा डाक्टर छैन, अकालमा मर्ने हो ॥

४६. कैले घर आउन्या होलान, नेपाल गयाका ।

कैदरा बसेका होलान्, तिर्सना भयाका ॥

४७. कोदालीको बिंड भाँचियो, आली खन्दाखन्दै ॥

मेरो त जिन्दगी बित्यो, माया भन्दाभन्दै ॥

४८. को जाला कट्टीका लेक, दुलाल भाका गाउन्या ।

कहिले होलान् नारी जनका, सू दिन आउन्या ॥

४९. खाद्य सङ्कट वर्ष भरी, भोकमरी हुँदो छ ।

विकास नहुनाले हजुर, बाजुरा रुँदो छ ॥

५०. गर्मी गयो, सितल चढ्यो, रुखका छायाले ।

म हजुर घुमेको घुमेइ, बाज तिम्रा मायाले ॥

५१. गाई दुन्या गुँरासकी ठेकी, भैसी दुन्या नैबु ।

मकन सबैले छोड्या, तु नछोडेई दैबु ॥

५२. गाउँ घरका केटी मान्छे, धेरै राख्छन् इख ।

यता आइ मलाई लैजाऊ, कि हाली जाउ बिख ॥

५३. घर बस्यो घरकी मौरी, बनमा बस्यो भेरी ।

घर जान्या मन लाग्दैन, साइको मुख हेरी ॥

५४. घुमाइदिऊ कि घुमाउन्या हो, माया जालको साँचो ।

घर छोडी बम्बै जाउँला, त्यसको क्या खाँचो ॥

५५. चाहिँदैन विदेशका पैसा, याँही बगाऊँ पसिना ।

जानीजानी किन पार्छौ, जीवनमा असिना ॥

५६. चोर पागल तिमी होइनौ, क्याको मान्नु लाज ।

म जसी तरुनी पायौं, मस्ती गर आज ॥

५७. चोलीका गोजीमा रैंगो, सुल्पा भित्र सापी ।

भेट भया दुई दिन भित्र, छोडी जान्या पापी ॥

५८. छकालका बली रावल, बाँसाका बलिराजा ।

बलिराजाले पायो, विजैराजको बाजा ॥

५९. छ सात दिन पैदलको बाटो, भारी बोकीकन ।

मन बुझाउ बाजुराबासी, आत्मा ठोकीकन ॥

६०. छेडे ताल अचम्मै ठूलो, अति रैछ गहिरो ।

को बैरी देखन्या होला, मन भित्रको पहिरो ॥

६१. छोरा जान्छन् विदेशतिर, छोरी जान्छन बनमा ।

छोराछोरी समान भनी, यहाँ छैन मनमा ॥

६२. जड्यान सल्लाको साँघु, माझमा धूप गरी ।

सुन्दरगाउँ मष्टाका थान, खेली जाउँ खुब गरी ॥

६३. जडेनी ताराकी राम्रो, जाड राम्रो छोयाको ।

देख्न्या छौ क्या क्या घरबारीऔं, मु दुःखी रोयाको ॥

६४. जन्माउने मतारी छैनन्, सौते आमा दुई छन् ।

जन्मेका दिनदेखि मेरा, दुःख उस्तै छन् ।

६५. जाऊँ हिड बनैमा जाऊँ, बनाउँला कटेरी ।

गयो जीवन राम राम भन्दै, आउन्या छैन फेरी ॥

६६. जिउँलामा घाँस काटने को हो, जौका नल भाँचौली ।

यो तिम्रो भरिया जीवन, कसैकी साँचौली ॥

६७. जितारी मल्लका पाला, बनेका देबल ।

भुँइचालाले सलबल्यायो, फेरि सजाइहाल ॥

६८. जिल्ला सुन्दर बाजुराको, गाउँ सुन्दर बसालीको

लाजले घर खानु भयो, जोडा नमिलीको ॥

६९. जीवनका सङ्कट समभ्र्या, भित्रै मुटु खाइन्या ।

जन्म दिन्या आमा बुबा, खोजेर नपाइन्या ॥

७०. जुम्ला जान्या सुन्तलाका, छिरीविर्या पोका ।

आमा मेरी भुल्या छैन, किन लाग्छस् भोका ॥

७१. जुम्ला जिल्ला चन्दननाथ, तिब्रीकोटका हरी ।

साईको जस्तो रुप्स्या मुहार, छैन जिल्ला भरी ॥

७२. डडेल्धुरा, बार्जु, बझाङ्, मंगलसैन, साँफे ।

आरामै छ कि बिमारी छ, हिमालको डाँफे ॥

७३. डाँडामा बसेको भोटे, पानी क्या खाँदो हो ।

हाडमासु माटीका भर, पुरुष काहाँ जाँदो हो ॥

७४. तलि गाउँ नाउँ चलेका, ती मेरा काउज्यू हुन् ।

म त कुमारी केटी, घरकी भाउज्यू हुन् ॥

७५. तिर्खु जिउला धान पाक्तैनन्, पिपलु छायाँले ।

तो रोपौली म बीउ फालुला, हेरौँला मायाले ॥

७६. तेरा गाउँको मुखिया, मेरा गाउँको बासु ।

जिन्दगी दुःखमा बित्यो, क्या सम्झेर हाँसू ॥

७७. तेल ताँही छ, कागियो ताँही छ, कोर नन्दा केस ।

दाजुकी सम्पत्ती खानु, बैनी परदेश ॥

७८. दुई भैंसीको ग्वाला लाग्या, मुठी दूध आउँदैन ।

सामल भया पठाइदिनु, म आउन पाउँदैन ॥

७९. दुध छान्नु चिया छान्नु, छान्नु त छान्नु हो ।

केटासँग पछि लाग्नु, लाज त मान्नु हो ॥

८०. दुनो गाई राम्न लागिन, हिँड्न्या बाटो नपाई ।

कसलाई भनी क्या पाइन्या छ, आफ्नो खोज्या कमाई ॥

८१. धेरै चोटि नआउन्या रैछ, मौका अनि बेला ।

दुःखारी हुनाले हो कि, मैले नपाइ केला ॥

८०. पहाडका दुःख सम्झ्या, मन हाम्रो रुँदो छ ।

गरिबी र भोकमरीले, सबै पहाड रुँदो छ ॥

८१. पहाडमा बौला दुःख, रात दिन कामैकाम ।

हामी दुई परेवा जोडी, बसिजाऊँ एकै ठाउँ ॥

८२. पारिउँदी मैतालु आइन, तेलैले केष गरी ।

सुन्दर गाउँ माष्टाका थान, खेलीजाउँ बेस गरी ॥

८३. पारि पाखा बेल बुडियो, दूधे खर्क छाया ।

रन पुल्ती बनमै पायाँ, घरको के को माया ॥

८४. पिर नगर घर नछोड, हरेस नखाइकन ।

साहु को ऋण बुझाउँला हामी, काम गरीकन ॥

८५. फलपूल राम्रा बाजुराको, दुःध दही तोलीको

म कैले भेट गर्न पाउँला, मेरी प्यारीको ॥

८६. बाबु शिक्षक भए पनि छोरी पढाउँदैनन् ।

छोरालाई छोरी जस्तै कामै गराउँदैनन् ॥

८७. बाली बिग्रँदो छ भन्छन्, छोरी पढाया पछि ।

अनि मान्छे खुशी हुन्छन्, रातदिन गोडाया पछि ॥

८८. बाह्रै महिना बाढी वर्ष, हिउँ हुन्छ, हिमचुली ।

माग फागुन बनै राता, लाली गुराँस फुली ॥

८९. बाह्रमासे गीतको किताब भयो, सबैलाई सौगात ।

आमा तिम्रो ऋण चुकाउन्या, मैकिनाई औकात ॥

९०. भर्खरकै गौडे भुटु, तिर्सना गर्दाछन् ।

एशिया महादेश भित्र कति देश पर्दछन् ।

९१. भाउजु अदम, म एक्ली छु, आमा घिटिघिटि ।

ताँ खाइ मुख चुठ्न आया, रातारात हिटिहिटी ॥

९२. मन खुशी ऐले भयो, दुःखमा धसियाकी ।

साहुको ऋण बुझाउँला भनि, म छु कसियाकी ॥

९३. मल पर्सो पुग्दैन हो कि, तल्लो गैरा सेरी ।

अर्को जुनी जाहाँ जान्छौं, यो जुनीकी मेरी ॥

९४. मसिनो छ खस्रो छैन यै घट्टको पिठो ।

जिउ राम्रो जीवन राम्रो बोलीबचन मिठो ॥

९५. यति अल्का मुनि सागु, घाट बज्यो लामाको ।

रातदिनै सम्झना आउँछ, दूध ख्याउन्या आमाको ॥

९६. यो जुनी पायाका भया, कर्म लेखिना हौं ।

उ झल्को लाउन तिमी, क्या धौखिना हौ ॥

९७. साउजी हुनु दोकानको, बसको हुनु धनी ।

मेरा माइती रिसाउनानकि, सौतामी गै भनी ॥

९८. स्वतन्त्र पाटनका मृग, क्या फल खान्या हुन ।

यी हाम्रा हिमालबासी, अहिले काँ जान्या हुन् ॥

९९. सबै चिज खरानी हुन्छ, आगाले भेटाया ।

कसम खान्छु तिमी अन्त, तिर्खा नमेटाया ॥

१००. सुन्दर गाउँ मष्टाका थान, पैसा हाल बिउँला ।

देवताले मागेको चीज, सबैजना दिउँला ॥

१०१. सुन्दर गाउँका मूल धामी, हेराउँदा सही गरी ।

टाढाबाट हेर्न आउँछन्, सबै मख्ख परि ॥

१०२. सर्ग भरी नौलाख तारा, एक तारो खसिजा ।

रुन्छै मन डुल्छै किन, ठेगाना बसीजा ॥

## परिशिष्ट 'ख'

# सामग्री उपलब्ध गराउने सहयोगीहरुको परिचय

| क्र. सं. | नाम थर | ठेगाना | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|---|
| १ | राजेन्द्र शाहा (वि. पी.) | कुल्देउमाडौं गा. वि. स. | ३० | पुरुष | १२ पास |
| २ | जय बहादुर थापा | ब्रहमतोला गा. वि. स. | ४५ | पुरुष | साक्षर |
| ३ | हर्क खडायत | कुल्देउमाडौं गा. वि. स. | ३० | पुरुष | एम. ए. |
| ४ | महा नेपाली | आटीचौर गा. वि. स. | ४५ | पुरुष | दश कक्षा |
| ५ | धर्मराज पण्डित | जुँगाडा गा. वि. स. | २९ | पुरुष | १२ कक्षा |
| ६ | भिष्मराज उपाध्याय | कुल्देउमाडौं गा.वि.स. | २९ | पुरुष | एम. एड. |
| ७ | जनकराज जोशी | छतरा गा. वि. स. | ३० | पुरुष | १० कक्षा |
| ८ | लक्ष्मी देवी शाह | बारविस गा. वि. स. | ३० | महिला | १० कक्षा |
| ९ | कविराज पण्डित | जुँगाडा गा. वि. स. | ४१ | पुरुष | एम. ए. |
| १० | प्रकाश थापा | मार्तडी गा. वि. स. | ३० | पुरुष | स्नातक |
| ११ | कृष्ण गिरी | तोली गा. वि. स. | ४५ | पुरुष | १० कक्षा |
| १२ | चक्र रावल | कैलासमाडौं गा. वि.स. | २९ | पुरुष | एम. ए. |
| १३ | मान बहादुर बढुवाल | बुढी गंगा गा. वि. स. | ३४ | पुरुष | एम. ए. |
| १४ | ज्याति प्रकाश जोशी | काँडा गा. वि. स. | ३३ | पुरुष | एम. एड. |
| १५ | भोजराज उपाध्याय | मार्तडी गा. वि. स. | ४५ | पुरुष | १० कक्षा |
| १६ | विक्रेश बहादुर थापा | कुल्देउमाडौं गा. वि. स. | ३५ | पुरुष | एम. ए. |
| १७ | खेमराज जोशी | कुल्देउमाडौं गा. वि. स. | ३५ | पुरुष | एम. ए. |
| १८ | हर्क बहादुर सिंह | पाडुसैन गा. वि. स. | ४० | पुरुष | स्नातक |
| १९ | पदम बहादुर शाही | जयबागेश्वरी गा. वि. स. | ४५ | पुरुष | स्नातक |
| २० | इश्वरी देवी उपाध्याय | ब्रहमतोला गा. वि. स. | ३३ | महिला | साक्षर |
| २१ | जयराज उपाध्याय | ब्रहमतोला गा. वि. स. | ३३ | पुरुष | वि.एड. |
| २२ | नन्दकलादेवी उपाध्याय | ब्रहमतोला गा. वि. स. | ४५ | महिला | साक्षर |
| २३ | ईश्वरादेवी जोशी | ब्रहमतोला गा. वि. स. | ३३ | महिला | दशम् कक्षा |
| २४ | लालमति देवी जोशी | ब्रहमतोला गा. वि. स. | ४५ | महिला | साक्षर |
| २५ | उमादेवी उपाध्याय | ब्रहमतोला गा. वि. स. | ३५ | महिला | साक्षर |
| २६ | भागरथीदेवी उपाध्याय | ब्रहमतोला गा. वि. स. | २८ | महिला | साक्षर |

# सन्दर्भ ग्रन्थ सूची


अनिल, सन्तराम (१९७५), **कन्नोज लोक साहित्य**, आगरा : बिनोद पुस्तक भण्डार ।

आचार्य, गोविन्द, (२०६३), **राप्ती लोकसाहित्य**, काठमाडौं : पैरवी प्रकाशन ।

आप्टे, वामन शिवराम (१९६९), **संस्कृत हिन्दीकोश,** (दो. सं.), दिल्ली : मोतीलाल बनारसी दास पब्लिसर्स प्रा. लि. ।

आर. डी. तथा एल. एल. (२०२३), **नेपाल विभिन्न जाति र लोकगीत : एक परिचय,** काठमाडौं : जगदम्बा प्रकाशन ।

**इन्साइक्लोपेडिया ब्रिटानिका,** (२०४९), भाग ८, काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद, (२०४८), **पूर्वीय साहित्य सिद्धान्त,** (दो. सं.), काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, रामप्रसाद (२०५७), **बझाङ्गी डेउडा गीतको अध्ययन,** स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, ।

कदङ्वा, काजीमान, (२०२०) **नेपाली जनसाहित्य,** काठमाडौं : रोयल नेपाल एकेडेमी ।

गिरी, जीवेन्द्र देव, (२०५७), **लोक साहित्यको अवलोकन,** काठमाडौं : एकता प्रकाशन ।

गैरे, ईश्वरी प्रसाद, (२०६०), **लोक साहित्य,** काठमाडौं : साझा प्रकाशन ।

चालिसे, विजय,(२०३९), **डोटेली लोक संस्कृति र साहित्य,** काठमाडौंः साझा प्रकाशन ।

जोशी, सत्यमोहन, (२०१२), “लोक साहित्यका केही झल्का”, **प्रगति** (वर्ष ३, अङ्क २, पूर्णाङ्क १४), पृ. १४५-१८७ ।

थापा, धर्मराज, (२०१४), “डेउडा गीत”, **डाँफेचरी** (पत्रिका) ।

................ (२०१६), **मेरो नेपाल भ्रमण,** पोखरा : सावित्री थापा ।

.............. (२०३०), **गण्डकीको सुसेली,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

थापा, धर्मराज तथा सुवेदी, हंसपुरे (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौं : त्रि. वि. पाठ्यक्रम विकास केन्द्र ।

थापा, रमेश, (२०६४), "बाजुराली लोकगाथाको अध्ययन" स्नातकोत्तर नेपाली शोधपत्र, त्रि.वि. किर्तिपुर ।

दहनी, विष्णुबहादुर, (२०६५) "बझाङ् जिल्लाका बाह्रमासे गीतको अध्ययन", स्नातकोत्तर नेपाली शोधपत्र, त्रि. वि. कीर्तिपुर

देवकोटा, लक्ष्मीप्रसाद, (२०४५), **पहाडी सङ्गीतको भूमिका,** काठमाडौं : रत्नपुस्तक भण्डार ।

पन्त, कालीभक्त, (२०२८), **हाम्रो संस्कृति र इतिहास,** स्याङ्जा : स्वयं (कालीभक्त पन्त)।

पन्त, देवकान्त, (२०३२), **डोटेली लोकसाहित्य : एक अध्ययन**, काठमाडौं : नेपाल र एसियाली अध्ययन केन्द्र ।

पराजुली, मोतीलाल (२०४९), **नेपाली लोकगाथा,** पोखरा : तारादेवी पराजुली प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०५०), "गीत र लोकगति केही चर्चा", **प्रज्ञा** (वर्ष २२, पूर्णाङ्क ७७), पृ. ६१-११० ।

................ (२०५४), "लोकसाहित्य, परिभाषा र लोकसाहित्यलाई छुटयाउने आधार", **कुञ्जिनी,** (वर्ष ५, अङ्क ३) पृ. १०१-११८ ।

................(२०५७) **नेपाली लाठकगीतको आलोक**, काठमाडौं : वीणा प्रकाशन ।

........... (२०६०), **लोकसाहित्य**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पाध्या, शुभराज, (२०५७) "बाजुरा जिल्लामा प्रचतिल नेपाली उखानको अध्ययन" स्नातकोत्तर नेपाली शोधपत्र, त्रि. वि., कीर्तिपुर ।

पोखरेल, बालकृष्ण, (२०५०), **राष्ट्रभाषा,** काठमाडौं : साझा पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण तथा अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बडुवाल, मानबहादुर, (२०६६) "बाजुराली संस्कृतिमा भुओ गीतको अध्ययन अध्ययन" स्नातकोत्तर नेपाली शोधपत्र, त्रि.वि.,किर्तिपुर ।

बन्धु, चूडामणि, (२०५८), **नेपाली लोक साहित्य,** काठमाडौं : एकता बुक्स ।

बराल, ईश्वर (२०१०), "नेपाली जनगीतका विषयमा", **प्रगति,** (वर्ष १, अङ्क ५), पृ. ३५-७३ ।

बराल, इश्वर तथा अन्य (सम्पा.), २०५५, **नेपाली साहित्य कोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

वर्मा, धीरेन्द्र तथा अन्य, सम्पा. (१९६३), **हिन्दी साहित्य कोश,** भाग १, वाराणसी : ज्ञानमण्डल लि. ।

भट्ट, पुष्कर राज, (२०६५), **सुदूर पश्चिममा मातृभाषा साहित्य,** बनेपा : जनमत प्रकाशन ।

…………………, (२०६७) "सुदूरपश्चिमका थारु लोकगीतको अध्ययन" काठमाडौ : नेपाल प्रज्ञा प्रतिष्ठान, लघु अनुसन्धान पत्र ।

**मेचीदेखी महाकालीसम्म** (२०३१), काठमाडौं : श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग ।

यात्री, पूर्णप्रकाश नेपाल, (२०३५), **सेती अञ्चलको दिग्दर्शन,** विराटनगर : हिमाली सौगात प्रकाशन ।

……………, (२०३९), "नेपाली लोकगीत", **मधुपर्क,** वर्ष १५, अङ्क ८, पृ. ५७-७९ ।

………… (२०४१), **भेरी लोकसाहित्य,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

योगी, नरहरिनाथ, (२०१३), **इतिहास प्रकाश,** अङ्क २, भाग ३, काठमाडौ : इतिहास प्रकाश संघ ।

लोहनी, लक्ष्मण, (२०२२), **रोदीघर,** काठमाडौं : रत्नपुस्तक भण्डार ।

शर्मा, श्रीराम, (१९८१), **लोकसाहित्य सिद्धान्त और प्रयोग,** आगरा : विनोद पुस्तक भण्डार ।

शर्मा, मोहनराज, (२०५०), "गीत विश्लेषणका समकालीन आधारहरु", **प्रज्ञा,** (वर्ष २२, पूर्णाङ्क ७७), पृ. २५-५६ ।

शर्मा, मोहनराज तथा लुइटेल, खगेन्द्रप्रसाद (२०६३), **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शाह, सुवि, (२०५७), **लोकगीत वार्तालाप,** सङ्गीत (वर्ष १, अङ्क १) पृ. ४३-९३ ।

श्रेष्ठ, दयाराम, (२०३८) **प्रारम्भिककालको नेपाली साहित्य इतिहास र परम्परा,** काठमाडौं : त्रि. वि. पाठ्यक्रम विकास केन्द्र ।

सुवेदी, राजेन्द्र, (२०५४), "नेपाली लोकगीतमा प्रगतिवादी चेतना", **प्रलेस,** (वर्ष ४, अङ्क ८), पृ. २७-४१ ।

स्वर्णलता, (१९७९), **लोक साहित्य विमर्श,** विकानेर : रत्न स्मृति प्रकाशन ।